# अध्याय एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **थप्रेक क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** रहेको छ ।

## १.२ प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दसौँ पत्र (५१०-१) को प्रयोजनको लागि तयार गरिएको हो ।

## १.३ समस्याकथन

प्रस्तुत शोधकार्यका समस्यालाई तीनवटा बुँदामा समेटिएको छ । ती यस प्रकार छन् :-

(क) थप्रेक क्षेत्रमा कुन कुन लोकगीत प्रचलित छन् ?

(ख) थप्रेक क्षेत्रमा प्रचलित लोकगीतलाई कसरी वर्गीकरण गर्न सकिन्छ ?

(ग) प्रचलित लोकगीतको विषयात्मक, काव्यात्मक एवम् भाषिक स्थिति कस्तो छ ?

## १.४ उद्देश्य

प्रस्तुत शोधकार्यका उद्वेश्यलाई तीनवटा बुँदामा समेटिएको छ । ती यसका प्रकार छन् :-

(क) थप्रेक क्षेत्रमा प्रचलित लोकगीतहरूलाई सङ्कलन गर्नु ।

(ख) सङ्कलित लोकगीतहरूलाई वर्गीकरण गर्नु ।

(ग) सङ्कलित लोकगीतहरूलाई विषय, काव्य र भाषाका आधारमा विश्लेषण गर्नु ।

## १.५ पूर्वकार्य समीक्षा

लोकसाहित्य अलिखित साहित्य हो । यो मौखिक रूपबाट एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जान्छ । यो लिखित साहित्यभन्दा पनि धेरै जेठो भएकाले यसका

विषयमा चर्चा गर्ने काम धेरै पहिलेदेखि हुनु स्वाभाविक हो तर लोकसाहित्यलाई बौद्धिक रूपबाट अध्ययन गर्ने यसका विधाहरू बारे बोल्ने र चिन्तन मनन गर्ने कार्य धेरैपछिबाट मात्र सुरु भयो । वि.स. (२००७) मा राजनैतिक परिवर्तनसँगै साहित्यका नयाँ नयाँ ढोका खुल्नुका साथै लोकसाहित्यको सङ्कलन र अध्ययन गर्ने कार्यमा सक्रियता आउन थाल्यो । लोकसाहित्यको चर्चित विधा लोकगीतको अध्ययन र अनुसन्धानमा विभिन्न विद्वान्हरू लागि परे । सर्वप्रथम (२००७) सालमा रेडियोको स्थापना भएपछि सञ्चारको माध्यममा लोकगीतले स्थान पाउन थालेको हो । वि.सं. (२०१०) मा लोकगीत सङ्ग्राहलयको स्थापना भयो । यस सङ्ग्राहलयले लोकगीतको सङ्कलन र सम्बर्द्धनका लागि सहयोग पुऱ्यायो । संस्थागत रूपमा नेपाल एकेडेमी, संस्कृति विभाग, राजकीय प्रज्ञाप्रतिष्ठान, म्युजिक नेपाल जस्ता संस्थाहरूले लोकगीतको सङ्कलन र अध्ययन गर्ने कार्यमा लागे । त्यस्तै त्रि.वि. नेपाली केन्द्रीय विभागले पनि लोकगीतको सङ्कलन र अध्ययन कार्यमा सहयोग पुऱ्याए । त्रि.वि.अन्तर्गतका क्याम्पसहरूले स्नातकोत्तर तहको नेपाली विषय पढाइ हुने क्याम्पसहरूका नेपाली विभागले पनि लोकसाहित्यको अनुसन्धान गराउने क्रममा लोकगीत अध्ययनको कार्यलाई अगाडि बढाए । नेपाली लोकगीतमा केन्द्रित भई विद्यावारिधि उपाधि प्राप्त गर्ने व्यक्तिहरूले पनि नेपाली लोकगीतको अध्ययन परम्परालाई माथि उठाए । यस्तो परम्परामा थप्रेक क्षेत्रमा प्रचलित लोकगीतका बारेमा तोकेर अध्ययन गरेको कृति पाइएको छैन । यस्तो स्थिति भएर पनि यस क्षेत्रमा प्रचलित लोकगीतका शीर्षकसित मिल्ने शीर्षकमा लोकगीत बारे निकै कृतिहरूमा चर्चा गरेको पाइन्छ । त्यस्ता कृतिहरूमध्ये उपयोगी केही कृतिहरूलाई यहाँ सर्वेक्षण गरिंदैछ ।

आर.डी. र एल.एल. ले नेपालका विभिन्न जाति र लोकगीत एक परिचय (२०२३) शीर्षकको कृतिमा नेपालका ऋतुकालीन लोकगीतअन्तर्गत मारुनी, सोरठी, दाइँ, भैली, देउसी आदि पर्दछन् भनी ती बारे चर्चा गरिएको छ तर ती गीतहरू कुनै स्थान विशेषमा प्रचलित छन् भनेर वर्गीकरण र विश्लेषण गरेको पाइँदैन ।

प्रदीप रिमालले 'कर्णाली लोकसंस्कृति' खण्ड-५ (२०२८) मा कर्णाली अञ्चलका सिञ्जाखोला उपत्यकालाई मुख्य केन्द्र मानी त्यही प्रचलित लोकसंस्कृति, साहित्य, सङ्गीत र कलालाई समेट्ने प्रयासका साथै त्यहाँ प्रचलित मागल, देउडा, रत्यौली, बाह्रमासे र भैलो आदि लगायतका विविध गीतलाई चिनाउने काम गरिएको छ । भैलो, मागल, बाह्रमासे आदि गीतहरू यस क्षेत्रका पनि लोकगीत हुन् ।

धर्मराज थापाले 'गण्डकीका सुसेली' (२०३०) नामक पुस्तकमा नेपालको गण्डकी, धवलागिरी र लुम्बिनी अञ्चलमा प्रचलित लोकगीतमा विभिन्न भेदको चर्चा गरेका छन् । त्यस क्रममा यस थप्रेक क्षेत्रका लोकगीत बारे चर्चा गरिएको छैन ।

धर्मराज थापा र हंसपुरे सुवेदीले 'नेपाली लोकसाहित्यको विवेचना' (२०४१) मा लोकसाहित्यलाई ६ खण्डमा विभाजन गरी अध्ययन गरेका छन् । यस कृतिको दोस्रो खण्डमा नेपाली लोकगीतको बारेमा चर्चा गरिएको छ । जसअन्तर्गत सामान्य लोकगीत, संस्कारगीत, व्रतगीत, ऋतुगीत, कर्मगीत, पर्वगीत र विविध गीत पर्दछन् भनी उल्लेख गरिएको छ । सालैजो, चुड्का, रत्यौली र बालगीत आदि गीतको उदाहरण सहित चर्चा गरिएको छ । सालैजो, चुड्का र रत्यौली आदि यस क्षेत्रमा पनि प्रचलित छन् तर ती गीतहरूमा थप्रेक क्षेत्र भनी उल्लेख गरिएको पाइँदैन ।

अम्बिकाप्रसाद भट्टराईले 'तनहुँ ढोरका लोकगीत' को सङ्कलन वर्गीकरण र विश्लेषण नामक (२०५२) शोधपत्रमा तनहुँ जिल्लाको ढोर क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गरेका छन् । त्यस क्रममा असारे, भैली, देउसी, तीजे, रत्यौली, सालैजो, कौरा लगायत विविध गीतहरूको चर्चा गरेका छन् । यस शोधपत्रमा धेरैजसो गीतहरू यस क्षेत्रका परेका छन् ।

कृष्णप्रसाद पराजुलीले 'नेपाली लोकगीतको आलोक' (२०५७) नामक कृतिमा नेपाली लोकगीतको बारेमा अध्ययन गरेका छन् । उनले नेपाली लोकगीतलाई वर्षचक्रीय लोकगीत र जीवनचक्रीय लोकगीत गरी मुख्य रूपमा दुई भागमा वर्गीकरण गरेका छन् । उनले यस कृतिमा उदाहरण सहित विभिन्न गीतहरूको चर्चा गरेका छन् तर केही गीतहरू यस क्षेत्रका परे पनि स्थान किटान गरिएको छैन ।

चूडामणि बन्धुले 'नेपाली लोकसाहित्य' (२०५८) नामक कृतिमा नेपाली लोकगीतका विविध प्रकार बारे चर्चा गरेका छन् । त्यसक्रममा लोकगीतलाई सहभागिता र प्रकार्यका आधारमा वर्गीकरण गरिएको छ । वर्गीकृत लोकगीतलाई उदाहरण सहित चिनाउने काम गरिएको छ । लोकगीतको सैद्धान्तिक अध्ययन समेत भएको यस कृतिले लोकगीतको सिद्धान्त र चिनारी बारे जानकारी गराएको छ ।

डा. गोविन्द आचार्यले 'लोकगीतको विश्लेषण' (२०६२) नामक कृतिको खण्ड दुईमा लोकगीतलाई पाँच प्रकारमा विभाजन गरी उदाहरण सहित प्रस्तुत गरिएको छ । त्यस

कृतिमा राप्ती अञ्चललाई केन्द्रमा राखी त्यहाँ पाइने गीतहरूको चर्चा गरिएकाले थप्रेक क्षेत्रमा प्रचलित गीतहरूको चर्चा गरिएको छैन ।

लक्ष्मी पौडेलले 'पश्चिमी तनहुँका महिला लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण नामक (२०६२) मा नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको शोधपत्रमा पश्चिमी तनहुँअन्तर्गत थप्रेक क्षेत्र पनि पर्दछ । रत्यौली, मागल, तीजे, घाँसे र भैली जस्ता गीतहरू थप्रेक क्षेत्रका पनि परेका छन् तर त्यस शोधपत्रमा महिला सम्बन्धी गीतहरूको मात्र चर्चा गरिएकाले यस क्षेत्रका सम्पूर्ण लोकगीतहरूको उल्लेख गरिएको छैन ।

मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइँटेलको 'लोकवार्ता विज्ञान र लोकसाहित्य' (२०६३) नामक पुस्तकमा लोकगीतलाई क्षेत्रीय, जातीय, उमेर, लिङ्ग, सहभागी, बनोट, प्रस्तुति, विषय, आकार र समयका आधारमा गरी दश प्रकारमा वर्गीकरण गरिएको छ । झ्याउरे, खेली, सालैजो, तीजे, भैलो, देउसी, जेठे, असारे र रत्यौली जस्ता गीतहरू थप्रेक क्षेत्रका परेका छन् तर थप्रेक क्षेत्र भनी चर्चा गरिएको छैन ।

कुलप्रसाद शर्माले 'उपल्लो आँधीखोला क्षेत्रका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण' (२०६५) मा नेपाली विषयको स्नातकोत्तर तह पूरा गर्ने क्रममा तयार गरिएको यस शोधपत्रमा त्यस क्षेत्रमा पाइने लोकगीतहरूको उदाहरण सहित चर्चा गरिएको पाइन्छ । केही गीतहरू थप्रेक क्षेत्रका परे पनि यस स्थानको चर्चा गरिएको छैन ।

विष्णुहरी शर्माले 'कास्कीकोट क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन' (२०६७) मा कास्कीकोट क्षेत्रका लोकगीतको उदाहरण सहित चर्चा गरेका छन् । यस शोधपत्रमा केही लोकगीतहरू थप्रेक क्षेत्रका परे पनि यस स्थानको चर्चा गरिएको छैन ।

यसरी लोकगीतको अध्ययन अनुसन्धान गर्ने विभिन्न प्रयासहरू व्यापक रूपमा हुँदै आइरहेको छ । थप्रेक क्षेत्र पनि लोकगीतका दृष्टिले महत्वपूर्ण स्थान मानिन्छ । यस क्षेत्रका लोकगीतका बारेमा छिटपुट अध्ययन भए पनि विस्तृत अध्ययन हुनसकेको छैन । यहाँका केही लोकगीतहरू लोप हुँदै छन् केही लोप हुन लागेका छन् । यसरी लोप भएका र लोप हुन लागेका गीतहरूलाई खोजी गरी जनमानसमा ल्याउने तर्फ कसैको ध्यान पुग्न सकेको छैन । माथि उल्लेख गरिएका केही कामहरू लोकगीतका विषयमा भएका छन् तर ती आआफ्नो क्षेत्रमा केन्द्रित भएर अध्ययन गरिएकाले थप्रेक क्षेत्रका लोकगीतको चर्चा गरिएको छैन । विस्तृत रूपमा अध्ययन गर्न नसकिए पनि आंशिक रूपमा यस क्षेत्रको लोकगीतका

बारेमा जान्न तथा अध्ययन गर्न चाहने अध्येताहरूलाई सहयोग पुगोस् भन्ने उद्देश्यले थप्रेक क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण शीर्षक राखी प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.६ औचित्य

लोकसाहित्यको प्रमुख विधा लोकगीत हो । लोकगीतमा लोकजीवनका धर्म, संस्कृति, परम्परा, रहनसहन, सुखदुःख, जस्ता भाव व्यक्त भएका हुन्छन् । भौगोलिक विकटता र अध्ययन अनुसन्धानको कमीले आज लोकगीत बिस्तारै लोप हुँदै गएको छ । थप्रेक क्षेत्रमा केन्द्रित भएर लोकगीतको अध्ययन अनुसन्धान भएको छैन र त्यसैलाई आधार मानी यहाँका लोकगीतको सङ्कलन गरी वर्गीकरण र विश्लेषण गरिएको छ ।यहाँका लोकगीतको सङ्कलनले यस क्षेत्रको अध्ययनमा लाग्ने व्यक्तिका लागि केही सहयोग पुग्ने छ । त्यसैले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

## १.७ क्षेत्र र सीमा

थप्रेक क्षेत्र गण्डकी अञ्चलअन्तर्गत तनहुँ जिल्लाको उत्तरी भेगमा पर्दछ । थप्रेक क्षेत्रमा थप्रेक गा.वि.स. का विभिन्न वडाहरू पर्दछन् । त्यही गा.वि.स. का विभिन्न वडाहरूमा प्रचलित नेपाली लोकगीतहरूको अध्ययन गर्नु यस शोधपत्रको क्षेत्र हो । यही क्षेत्र भित्रका नेपाली भाषामा पाइने लोकगीतहरूको मात्र सङ्कलन गरी तिनलाई निश्चित आधारमा वर्गीकरण र विश्लेषण गर्नु यस शोधपत्रको सीमा रहेको छ ।

## १.८ शोध विधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा निम्न लिखित दुईवटा विधि अपनाइएको छ । जस्तै :- (क) सामग्री सङ्कलन विधि (ख) विश्लेषण विधि ।

### (क) सामग्री सङ्कलन विधि

लोकसाहित्यको अध्ययन गर्दा क्षेत्र कार्य आवश्यक हुन्छ । प्रस्तुत शोधपत्र तयार पार्दा थप्रेक क्षेत्रको धार्मिक, सामाजिक एवम् सांस्कृतिक कार्यसँग प्रत्यक्ष संलग्न भएर अध्ययन गर्नुपर्ने भएकाले क्षेत्रीय विधिलाई प्रमुख रूपमा अपनाइएको छ । लोकगीतको सैद्धान्तिक परिचय एवम् सङ्कलित लोकगीतको वर्गीकरण र विश्लेषणका लागि

पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । गायन कार्यसँग संलग्न व्यक्तिसित प्रत्यक्ष सहभागी भएर, अन्तवार्ता लिएर, गीत गाउन लाएर तथा विभिन्न पर्व र मेलामा गएर गीतहरू सङ्कलन गर्ने तथा जानकारी लिने काम गरिएको छ

**(ख) विश्लेषण विधि**

प्रस्तुत अनुसन्धान कार्य क्षेत्र कार्यका आधारमा सम्पन्न गरिने हुँदा यसमा निगमनात्मक विधि प्रयोग गरेर तथ्य व्यवस्थापन गरिएको छ। कतिपय सैद्धान्तिक आधारमा आगमनात्मक विधि प्रयोग गरेर सिद्धान्तको स्वरूप चिनाइएको छ । वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाई यस शोधपत्रलाई तयार पारिएको छ ।

## १.९ अध्याय विभाजन

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित रूपमा सम्पन्न गर्न निम्नानुसारका अध्यायहरूमा विभाजित गरी विषयको विश्लेषण गरिएको छ :-

(क) अध्याय एक : शोधपरिचय

(ख) अध्याय दुई : थप्रेक क्षेत्रको परिचय

(ग) अध्याय तीन : लोकगीतसिद्धान्त

(घ) अध्याय चार : थप्रेक क्षेत्रका लोकगीतको वर्गीकरण र परिचय

(ङ) अध्याय पाँच : थप्रेक क्षेत्रका लोकगीतको विश्लेषण

(च) अध्याय छ : निष्कर्ष

अन्त्यमा परिशिष्ट मात्र राखिएको छ । जसअन्तर्गत थप्रेक क्षेत्रमा प्रचलित संस्कार गीत, कर्मगीत, पर्वगीत र बाह्रमासे गीतहरू सङ्कलन गरिएको छ । यस्तै ती मध्येका केही गीतसित सम्बन्धित लोकगीतका फोटाहरू पनि सङ्कलन गरिएको छ ।

# अध्याय दुई
## थप्रेक क्षेत्रको परिचय

### २.१ थप्रेक क्षेत्रको नामकरण

थप्रेक क्षेत्रको नामकरणका बारेमा स्पष्ट परिभाषा गरिएको पाइँदैन । किम्बदन्तिका अनुसार थप्रेक क्षेत्रमा बसोबास गर्ने केही वृद्धवृद्धाहरूको मतमा भने एकरूपता पाइएको छ । यस क्षेत्रमा गुरुङहरूको बस्ती धेरै छ । गुरुङ बस्ती बढी भएको कारणबाट यस क्षेत्रको नामकरण पनि गुरुङ भाषाबाट आएको हो भन्ने मान्यता छ । 'थफ्रेक' को अर्थ हुन्छ 'थ' भनेको ठूलो र 'फ्रेक' भनेको छुट्टिएको भन्ने बुझिन्छ । यसरी थफ्रेक को अपभ्रंस भई थप्रेक हुन गयो भन्ने विचार पाइन्छ । थप्रेक क्षेत्रको पुर्ख्यौली थलो यही हो । प्राचीन कालमा यहाँ विद्यमान गुरुङहरूको विशाल बस्ती केही छुट्टिएर काप्रेक भन्ने ठाउँमा गयो । थप्रेकको काखमा रहेकाले र केही टाढा भएकाले त्यस ठाउँलाई काप्रेक भन्ने गरिन्छ ।

### २.२ थप्रेक क्षेत्रको भौगोलिक अवस्था

पश्चिमाञ्चल क्षेत्रमा पर्ने गण्डकी अञ्चल, क्षेत्र नं. ३ तनहुँ जिल्लाको उत्तरी सिमानामा यो क्षेत्र अवस्थित छ । मानचित्रमा यो क्षेत्र २८.५° देखि २८.११° सम्मको उत्तरी अक्षांश र ८४.१०° देखि ८४.२०° सम्मको पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ । समुदी सतहदेखि यस क्षेत्र को उचाइ ४३४.७४ मि. देखि १२४२.२२ मिटरसम्म रहेको छ । यहाँ उच्च पहाडी भिरालो जमिन र केही मात्रमा समथर जमिन पनि छ । यस क्षेत्रमा केही ससाना खोलानाला र वनजङ्गल जस्ता प्राकृतिक सम्पदाहरू पनि छन् ।
(स्रोत : आवधिक जिल्ला विकास योजना, २०६७, पृ. ६)

### २.३ प्राकृतिक सम्पदा

प्राकृतिक सम्पदाले थप्रेक क्षेत्र धनी छ । यहाँ अधिकांश भूभाग वनजङ्गलले ढाँकिएको छ । यस क्षेत्रमा लेक र बेँसीमा दुबै खालको तापक्रम अनुसारको वनजङ्गल पाइन्छ । यहाँको वनजङ्गलमा विशेष गरी चिलाउने, कटुस, तिजु, बाँस, चाप, सिमल, साल, आदि रुखहरू पाइन्छन् । त्यस्तै दबदबे, बडर, ठोट्ने, र बेडुलो जस्ता डालेघाँसहरू पनि भेटिन्छन् । रुखहरू वस्तुभाउलाई घाँसको रूपमा प्रयोग गर्ने गरिन्छ । जडीबुटीका रूपमा

हर्रो, वर्रो, अमला, गाइखुरे, ठूलीबुटी, तितेपाती, मेल, दुदेजरो र नुनढिके आदि पाइन्छन् । सुन्तला, नासपती, बेलाउती, कागती, निबुवा, मेवा, कटहर, काफल, मौसम र भोगटे आदि घरायसी फलफूलका साथै अमला, अमरा, तिजु, पानी अमला, दमौरा र सुपारी आदि वनमा पाइने फलफूलहरू पनि यहाँ पाइन्छ ।

त्यस्तैगरी जङ्गली जनावरहरूमा बाघ, भालु, बाँदर, लङ्गुरे, दुम्सी, मृग र वनबिरालो आदि मुख्य रूपमा पाइन्छन् । भने पक्षीहरूका रूपमा मुख्य गरेर कालिज, तित्रा, वनकुखुरा, ढुकुर जुरेली, न्याउली, चिल, गिद्ध र कोइली आदि भेटिन्छन् ।

थप्रेक क्षेत्र प्राकृतिक सम्पदाको दृष्टिले हराभरा ठाउँ हो  वर्तमान समयमा यस क्षेत्रलाई प्राकृतिक पर्यटकीय स्थल भनी घोषणा गरिएको छ । यहाँबाट मनोरम हिमश्रृङ्खलाको दृश्य देख्न सकिन्छ ।

## २.४ सामाजिक अवस्था

कुनै पनि स्थानमा बसोबास गर्ने विभिन्न व्यक्तिहरूका रहनसहन, भेषभूषा, संस्कार आदिको सामूहिक अवस्थालाई नै सामाजिक अवस्था भनिन्छ । यस क्षेत्रको सामाजिक अवस्था जातजातिअनुसार फरक-फरक किसिमको रहेको छ । जातीय हिसाबले हेर्दा यहाँ मुख्य गरेर बाहुन, क्षेत्री, घर्ती, गुरुङ, मगर, कामी, दमाईं, सार्की, मुसलमान, ठकुरी, गिरी  र जोगी आदि जातिहरूको बसोबास रहेको पाइन्छ । लोग्ने मानिसहरू दौरासुरुवाल, कोट, कमिज, इस्टकोट र कछाड लगाउँछन् । युवाहरू भने नयाँ  फेसनअनुसारका आधुनिक पोसाकहरू जस्तै कमिज, पाइन्ट र टिसट आदि लगाउने गर्दछन् । बुढापाकाहरू पटुका बाँध्ने र शिरमा ढाकाटोपी लगाउने गर्दछन् । महिलाहरू विशेष रूपमा, चोलो, साडी, ब्लाउज, लुङ्गी, मुजेत्रो र पटुकी, आदि लगाउँछन् । आजकालका युवतीहरू, टिसर्ट, पाइन्ट, जामाका साथै कुर्तासुरुवाल लगाउने गर्दछन् ।

अन्य क्षेत्रका जस्तै यस क्षेत्रका महिलाहरू पनि गहना लगाउन मन पराउँछन् । यहाँका महिलाहरूले नाकमा फुली, कानमा मारवाडी, घाँटीमा तिलहरी र मङ्गलसूत्र, शिरमा चन्द्रमा, खुट्टामा पाउजु र हातमा चुरी आदि मुख्य रूपमा लगाउने गरेको पाइन्छ । त्यस्तै गरिब समुदायका महिलाहरू पित्तल र चाँदीका गहना लगाएर पनि आफ्नो इच्छा पूरा गर्ने गरेको पाइन्छ ।

यस क्षेत्रका मानिसहरूमा हिन्दूधर्म मान्नेहरूको सङ्ख्या बढी मात्रामा रहेको छ । यहाँका मानिसहरू हिन्दूपरम्परा अनुसार न्वारन, पास्नी, ब्रतबन्ध, विवाह र मृत्युसंस्कार गराउँछन् र काजक्रियामा दुःख बोक्ने गर्दछन् । यहाँ विभिन्न जातिहरूको आफ्नै किसिमले मृत्यु संस्कार गर्ने गरेको पाइन्छ । ब्राह्मण, क्षेत्री, ठकुरी, जोगी लगायत अन्य केही जातिहरूले मृत्युसंस्कार गराउँदा नजिकको सेतीनदी, मादीनदी र देवघाट जस्ता तीर्थस्थलहरूमा लगेर लासको दाहसंस्कार गर्छन् । गुरुङहरूले आफ्नो मृत्यससंस्कार घरभन्दामाथि डाँडामा चिहान बनाई गाड्ने गर्दछन् । बाहुन, क्षेत्री, मगर, जोगी आदि जातिहरूले पितृको सम्भनामा हरेक वर्ष उनीहरू मरेको तिथि पारेर श्राद्ध गर्दछन् भने गुरुङहरू पितृको सम्भनामा अर्घो गर्दछन् ।

यस क्षेत्रमा पनि अन्य क्षेत्रमा जस्तै विभिन्न चाडपर्व मनाउने प्रचलन छ । बाहुन, क्षेत्री र ठकुरी परिवारमा दसैं, तिहार, तीज र जनैपूर्णिमा मुख्य रूपमा मनाउने गरेको पाइन्छ । त्यस्तै गुरुङ परिवारमा ल्होसार जस्तो चाड मनाउने गरेको पाइन्छ भने मुस्लिमहरूले बकरिद जस्तो चाड मनाउने गरेको भेटिन्छ । त्यस्तै माघेसङ्क्रान्ति, बुद्धपूर्णिमा, पुसेपन्ध्र जस्ता अन्य चाडपर्वहरूलाई सबै जातिहरूले मान्ने गरेको देख्न सकिन्छ ।

विवाह गर्नका लागि बाहुन, क्षेत्री परिवारका मानिसहरू केटी दिन र वर खोज्न हिड्छन् भने अन्य जातिमा केटा पक्षले माग्ने चलन बढी छ । यस क्षेत्रमा पनि दाइजो लिने दिने प्रचलन छ । विशेष गरी बाहुन र क्षेत्री परिवारमा यो प्रचलन बढी भए तापनि अन्य जातिहरूमा दाइजो लिने दिने प्रथा कमै रहेको पाइन्छ ।

लोकसंस्कृतिमा यो क्षेत्र पनि धनी रहेको छ । थप्रेक क्षेत्रमा धेरै बस्ती गुरुङ जातिको र केही अन्य जातिको पनि छ । बाहुन, क्षेत्री परिवारहरूमा पनि विभिन्न मेला र पर्वमा गीत गाउने प्रचलन रहेको छ । भजन गाउने, चुड्का नाच र बालन नाच बाहुन क्षेत्री परिवारका पुरुषहरूमा पाइन्छ भने महिलाहरू कुनै उपवास, तीज र मेलापर्ममा पनि गीत गाउने गरेको देख्न सकिन्छ । घाटु नाच नाच्ने, सोरठी गाउने, रोदी बस्ने कार्य बढी गुरुङ मगर समुदायमा देख्न सकिन्छ । सामान्य खाना खाने, सानो ठूलो व्यवसाय गर्ने, निश्चित किसिमका चाडपर्व आआफ्नै तरिकाले मनाउने गरेको पाइन्छ ।

## २.५ आर्थिक अवस्था

विकासको अभावले गर्दा थप्रेक क्षेत्र आर्थिक रूपमा निकै पछि परेको छ । यहाँका मानिसहरूको मुख्य पेसा कृषि र पशुपालन हो । यहाँका ब्राह्मण समुदायका मानिसहरू कर्मकाण्ड, ज्योतिष, पढाइ एवम् विविध पेसामा लागेको पाइन्छ । क्षेत्री, गुरुङ र मगर जातिका मानिसहरू विशेष गरी सेना र पुलिसमा भर्ती भई काम गरेको भेटिन्छ । त्यस्तै कामीहरू  भाँडावर्तन र सुनका गहना बनाउने गर्दछन् भने दमाइँहरू कपडा सिउने अनि सार्कीहरू छालाको काम गर्दछन् ।

यहाँ उत्पादन हुने मुख्य अन्नबालीमा धान, मकै, कोदो र गहुँ आदि हुन् । यहाँ उत्पादन हुने मुख्य फलफूल खेतीमा सुन्तला, केरा र भुँइकटहर आदि हुन् । यहाँ अर्थोपार्जनका स्रोतहरूमा तरकारीबाली, बेमौसमी खेती र नगदेबालीहरू प्रमुख छन् । यहाँको अधिकांश जमिन भिरालो हुनु, आकाशे पानीमा भर पर्नु, पर्याप्त सिचाइ व्यवस्था नहुँदा सोचेजस्तो उब्जनी हुँदैन । त्यस्तै आधुनिक कृषिप्रणाली, कृषिमल र कृषिऔजार आदिको व्यवस्था सन्तोषजनक छैन । यहाँका मानिसहरूलाई कृषि पेसा अपनाएर जीविका चलाउन निकै कष्ट भएको छ ।

यहाँ शिक्षा र यातायातको असुविधाले गर्दा धेरै मानिसहरू गाउँ छाडेर समथर भूमिमा बसाइँ सर्ने प्रचलन बढ्दो रूपमा देख्न सकिन्छ । मानिसहरू खेतीयोग्य जमिनमा घर बस्ती बसाल्दा भूमिको दुरूपयोग भइरहेको छ ।

यस क्षेत्रमा विभिन्न किसिमका जडीबुटीहरू पाउन सकिन्छ । यहाँका जडीबुटीको सही सदुपयोग गरेमा, खोलानालामा माछापालन व्यवसाय गरेमा, सुन्तलाखेती, पशुपालन, कुखुरापालन जस्ता व्यवसाय सञ्चालन गर्नसकेमा प्रशस्त आयआर्जन गर्न सकिने सम्भावना छ । यो क्षेत्र पर्यटनका दृष्टिले पनि महत्वपूर्ण छ । पर्यटन व्यवसायका लागि केही विकासका पूर्वाधारको निर्माण गर्नसके धेरै मानिसहरूलाई रोजगारीको अवसर प्राप्त हुनसक्ने स्थिति छ ।

अहिले यहाँका मानिसहरूमा खेती किसान गरेर जीविका धान्न गाह्रो हुने भएकाले अधिकांश युवाहरू पढाइ समेत छाडेर विदेशिने गरेको पाइन्छ ।

## २.६ शैक्षिक अवस्था

तनहुँ जिल्ला शिक्षाको क्षेत्रमा पनि अगाडि देखिन्छ । यस जिल्लाअन्तर्गत पर्ने थप्रेक क्षेत्र पनि पहिलाको तुलनामा आजभोलि विद्यालय जाने बालबालिकाहरूको सङ्ख्या बढीराखेको राखेको छ । यस क्षेत्रमा धेरै बस्ती गुरुङहरूको छ । उनीहरूका छोराछोरीको प्रायः मा.वि. को पढाइ पूरा नगरी विदेशिने, कोही विद्यालय जान नचाहने र कोही सानै उमेरमा विवाह गर्ने गर्दछन् । बाहुन, क्षेत्रीका छोराछोरी बढी पढ्ने देखिन्छन् । यस क्षेत्रमा लेखपढ गरेर शिक्षक वा कर्मचारी हुने मानिसको सङ्ख्या कमै छ । यस क्षेत्रका धेरै मानिसहरू किसानी भएकाले उनीहरूले आफ्ना छोराछोरीलाई समेत काममा लगाउने गरेकाले ती बालबालिका विद्यालयीय शिक्षाबाट वञ्चित हुन पुगेका छन् । त्यस्तै यस क्षेत्रमा उच्च मा.वि. नभएको र अधिकांश अभिभावकको आर्थिक स्थिति कमजोर भएको हुँदा उनीहरू आफ्ना छोराछोरीहरूलाई घरदेखि टाढा राखेर पढाउन सक्ने राम्रो स्थिति छैन । त्यसैले यहाँ उच्च शिक्षा हासिल गर्ने युवायुवतीहरूको सङ्ख्या न्यून छ । यस क्षेत्रमा पनि केही विद्यालयहरू खुलेका छन् । हाल यहाँ ६ वटा प्रा.वि. र दुई वटा मा.वि. गरी जम्मा ८ वटा विद्यालय छन् । यस क्षेत्रको शैक्षिक स्थिति पहिलाको तुलनामा निकै सुधार हुँदै गएको छ । हाल यस क्षेत्रको साक्षरता दर ६९.५प्रतिशत छ (आवधिक जिल्ला विकास योजना (२०६७), पृ. १२ ।

## २.७ निष्कर्ष

थप्रेक क्षेत्र तनहुँ जिल्लाको सदरमुकाम दमौलीदेखि उत्तरी सिमानामा अवस्थित छ । थप्रेक क्षेत्रको नामाकरणमा एकरूपता भेटिएको छैन । यहाँका वृद्धाहरूकाअनुसार यस क्षेत्रमा धेरै बस्ती गुरुङहरूको भएकाले गुरुङ भाषाबाट नै नामाकरण भएको किम्बदन्ति छ । यो क्षेत्र समुदी सतहदेखि ४३४.७४ मि.देखि १२४२.२२ मि. मा अवस्थित छ । यहाँ उच्च पहाडी, भिरालो जमिन र केही मात्रामा समथर जमिन छ । प्राकृतिक सम्पदामा यो क्षेत्र धनी छ । यहाँ मौसमअनुसारका फलफूल, बहुमूल्य जडीबुटी र विभिन्न पशुपक्षी पनि पाइन्छन् । यहाँबाट विभिन्न हिमशृङ्खलाका दृश्यावलोकन गर्न सकिन्छ । यहाँका मानिसहरूमा आफ्नै प्रकारको चालचलन, रहनसहन, भेषभूषा तथा धार्मिक रूपमा सहिष्णुता छ । यहाँ विभिन्न मेला पर्वमा गीत गाउने प्रचलन रहेको छ । यहाँका केही मानिसहरू शिक्षक, पण्डित, कर्मचारी सेना र पुलिसमा जागिर खाएका छन् भने केहीले ज्यालादारी र व्यवसाय गरेको पाइन्छ । यस क्षेत्रमा शिक्षित हुने मानिसहरूको सङ्ख्या बढेको छ । यहाँ दुईवटा मा.वि. र छ वटा प्रा.वि. रहेका छन् । यहाँका मानिसहरूले संस्कार, कर्म, पर्व र बाह्रमासे गरी चार प्रकारका लोकगीत गाउँछन् ।

# अध्याय तीन
## लोकगीत सिद्धान्त

### ३.१ लोकगीतको परिचय

लोकसाहित्यका विविध विधाहरूमध्येको एउटा विधा लोकगीत हो । जसरी सामवेदलाई ऋषिमुनिहरूले पुस्तौ पुस्तासम्म श्रुतिस्मृति परम्परामा जीवित राखेका थिए त्यसैगरी लोकगीत पनि युगौं युगदेखि जनजिब्रोमा झुण्डिदै आएको छ ।

लोकगीत त्यो हो जसले सबै नेपालीहरूलाई नेपालीत्व प्रदान गर्दछ । लोकगीत धरतीको गीत हो, जीवनको गीत हो । जनताद्वारा रचना गरिएका र जनताको जीवनसँग सम्बन्ध राख्ने गीत नै लोकगीत हो । नेपालका विभिन्न जाति, जनसमुदायले हृदयबाट स्वतः प्रस्फुटित भएका रसिला, मानव प्रकृतिका आडम्बर रहित सुरिलो कण्ठको अभिव्यक्तिको उद्‌गार नै नेपाली लोकगीत हो । यसमा नेपालीपनको अभिव्यक्तिको साथै नेपालको यथार्थ चित्रण नेपाली ठेट शब्दहरूको प्राचुर्य पनि प्राप्त हुने हुँदा लोकगीत सर्वदा जीवित रहन्छ ।

लोकगीतमा मौलिकता र आफ्नोपनको प्रस्तुति हुन्छ । कुनै पनि लोकगीतमा भाषाको आफ्नोपन, लयमा आफ्नोपन, उद्‌गारमा आफ्नोपन र चोखोपन पाइन्छ । चोखोपनमा नभिजी सरल र सरस शैलीमा नगई लोकगीतलाई लोकजीवनले पचाउन सक्दैन । लोकभाषा र लोकसाहित्यमा पनि लोकगीतले ठूलो भूमिका खेलेको पाइन्छ । भानुभक्तको 'रामायण' र महाकवि देवकोटाको 'मुनामदन' आदिको लोकप्रियता बढेको लोकभाषा, लोकलय, लोकशैलीले गर्दा नै हो ।

### ३.२ लोकगीतको परिभाषा

लोकगीतलाई परिभाषित गर्ने कार्य सहज छैन । लोकगीतमा मानव अन्तरमनका सुख, दुःख, आँसु ,हाँसो, आरोह र अवरोह उद्वेलित भएर लयात्मक अभिव्यक्तिका माध्यमबाट बाहिर प्रष्फुटन हुन्छ । यो विधा लोकमा प्रचलित छ र प्राज्ञिक अध्ययन एवम् अनुसन्धानको विषय पनि भएको छ । त्यसैले अध्येताहरूले लोकगीतलाई परिभाषामा बाँधेर चिनाउने प्रयत्न गरेको पाइन्छ । युगको परिवर्तनसँगै लोकगीतमा पनि परिवर्तन आउने भएकाले त्यस्ता परिभाषा युगको परिवर्तनसँगै फरक फरक बनी देखा परेका छन् ।

लोकगीतलाई परिभाषित गर्ने क्रममा विभिन्न विद्वान्हरूले आआफ्ना विचार प्रकट गरेको पाइन्छ । कुनै पनि परिभाषा पूर्ण र सर्वमान्य हुन सकेको देखिदैन । ती मध्येका केही परिभाषाहरू यसप्रकार छन् :-

नेपाली बृहत् शब्दकोशमा भनिएको छ :- "जनसमाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत" लोकगीत हो (पोखरेल (नि.), २०५८ : ११२०) ।"

लक्ष्मण लोहनीले भनेका छन् : "लोकगीत भावुक हृदयले स्पन्दनशील लयदार कवितामय सामयिक ध्वनि हो, जीवनको कटुता र खल्लोपनमा मनोहरताको मलम लगाउने स्वतः प्रमुख झन्कार हो (लोहनी, २०२२ : १) ।"

धर्मराज थापाले भनेका छन् :- "चोखो लय र शब्दको प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको छ लोकगीत । त्यसैले मानव सिर्जनाको पहिलो प्रस्फुरण लोकगीत नै हो (थापा, २०३० : २१) ।"

कालीभक्त पन्तले भनेका छन् :-"कसैका बक्सिस, लोभ, आशा र स्वार्थमा नपरेका नरनारीहरूका दुखित, पीडित, आक्रान्त, उद्धिग्न, सम्भ्रान्त, त्रस्त, जागृत, प्रफूल्लित, हर्षित, संयुक्त, वियुक्त, अनादरित र आदरित समेत जो कोई जाति, व्यक्ति, लिङ्ग, समाज र उमेरका मानिसले कुनै पुस्ताको बन्धनमा नपरी बनाएको जो गीत हो त्यै नै लोकगीत हो ( पन्त, २०३३ : ११२) ।"

कृष्णप्रसाद पराजुलीले भनेका छन् :- "लोकगीत लोकहृदयको स्वतःस्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो । लोकजीवनको रागात्मक प्रवृत्तिका क्रममा मानव सभ्यता र संस्कृतिमा प्रकाश पार्दै मौखिक परम्परामा जीवन्त रहेर जातीय जीवनलाई चिनाउँदै लोकको साझा ढुकढुकी हुनु यसको गरिमा हो । धर्तीका काखमा सुखदःुख भोग्दै रमाएका असङ्ख्य जनताका हृदयमा कलकलाउने र तिनका सुरिला कण्ठमा सलबलाउने अविच्छिन्न तथा सहज गीतिप्रवाह नै लोकगीत हो (पराजुली, २०५७ : ६९-७०) ।"

चूडामणि बन्धुले भनेका छन् :-"लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका सुख, दःुख, आँसु,हाँसो, आशा, निराशाका साथै लोकका चालचलन, विधि व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ (बन्धु,२०५८ : ११५) ।"

कुसुमाकर न्यौपानेले भनेका छन् :-“लोकले मौखिक रूपमा जीवित राखेको लोकहृदयको स्वतःस्फूर्त लयात्मक अनि गेय अवैयक्तिक लोकगीत हो (न्यौपाने, २०६८ : २५) ।”

उक्त परिभाषाले औंल्याएका तथ्यहरूलाई मनन् गर्दै लोकगीतको परिभाषा यस्ता बनाउन सकिन्छ- “लोकगीत भनेको लोकले मौखिक रूपमा जीवित राखेको लोकहृदयको स्वतस्फूर्त लयात्मक, भाषिक अभिव्यक्ति हो ।”

## ३.३ लोकगीतका तत्वहरू

लोकसाहित्य वा लेख्य साहित्यका हरेक विधाहरूमा विद्यागत प्रवृत्ति अनुसार भिन्न भिन्न संरचना तत्व देखिन्छन् । लोकगीत बन्नका निम्ति चाहिने उपकरणलाई लोकगीतका तत्व भनिन्छ । यी तत्वहरूलाई लोकगीतका उपकरण, अङ्ग, अवयव, संरचक आदि विभिन्न नामले पनि चिनिन्छ । यी तत्वहरूका अभावमा लोकगीतको स्वरूप बन्दैन । लोकगीत बन्नका लागि चाहिने तत्वकाबारेमा पनि विभिन्न अध्येताहरूले आआफ्ना धारणाहरू अगाडि राखेका छन् । फरक-फरक अध्ययन र अनुभूतिका कारण उल्लेख गरेका लोकगीतका तत्वहरूलाई यहाँ औंल्याउने काम गरिएको छ :-

कृष्णप्रसाद पराजुलीले **नेपाली लोकगीतको आलोक**, भन्ने पुस्तकमा लोकगीतका तत्वलाई प्रमुख तत्व र सहायक तत्व गरी दुई प्रकारमा छुट्टायाएका छन् । (क) प्रमुख तत्वहरू यसप्रकार छन् :- (१) संरचना (२) लय (३) गेयता (४) कथन पद्धति (५) भाषा (६) भाव हुन् भने (ख) सहायक तत्वहरूमा (१) नृत्य (२) वाद्य पर्दछन् (पराजुली, २०६७ : ७६) ।

चूडामणि बन्धुले **नेपाली लोकसाहित्य** नामको पुस्तकमा लोकगीतको संरचना शीर्षक राखी लोकगीतका तत्वबारे प्रकाश पारेका छन् । ती तत्वहरू यसप्रकार उल्लेख गरेका छन् :- (१) कथ्य (२) भाषा (३) चरन वा पद (४) स्थायी र अन्तरा (५) रहनी र बथन (६) लय र भाका । यसका साथै नृत्य र वाद्य पनि लोकगीतका तत्व हुन सक्छन् भनेका छन् (बन्धु, २०५८ : ११५) ।

गोविन्द आचार्यले **लोकगीतको विश्लेषण**, नामक पुस्तकमा लोकगीतका तत्वहरूलाई अनिवार्य र ऐच्छिक गरी दुई भागमा छुट्टायाएका छन् । उनका अनुसार अनिवार्य तत्वहरूमा (१) (क) भाषा (ख) सङ्गीतात्मकता (ग) गायक गायिका (घ) कथ्य/भाव हुन् भने (२)

ऐच्छिक तत्वहरूमा (क) काव्यात्मकता (ख) रहनी वा थेगो (ग) निरर्थक अंश (घ) फाँकी (ङ) स्थायी अन्तरा (च) वाद्य (छ) नृत्य (ज) अभिनय (झ) पहिरन (ञ) श्रोता वा दर्शक भनेका छन् (आचार्य, २०६२ : २-५) ।

प्रा.मोहनराज शर्मा र डा. खगेन्द्र प्रसाद लुइँटेलले **लोकवार्ता विज्ञान** र **लोकसाहित्य**, नामक पुस्तकमा लोकगीतका तत्वबारे प्रकाश पारेका छन् । उनका अनुसार लोकगीतका तत्वहरू यसप्रकार छन् :-(१) भाव वा विचार (२) उद्देश्य (३) भाषा र (४) शैली प्रमुख तत्व र ऐच्छिक तत्वका रूपमा पात्र, घटना र परिवेश आदि तत्व पनि आउन सक्छन् भनेका छन् (शर्मा र लुइँटेल, २०६३ : ७५-७७) ।

डा. कुसुमाकर न्यौपानेले **लोकगीतसिद्धान्तमा** लोकगीतका तत्वबारे उल्लेख गरेका छन् । उनका अनुसार लोकगीतका तत्वहरू यस प्रकार छन् :- (१) संरचना (२) कथ्य विषय (३) भाषा (४) शैली (५) स्थायी, अन्तरा, थेगो (६) लय (न्यौपाने, २०६८ : २६) ।

माथि उल्लेख गरेका तत्वहरूमा एकरूपता छैन । उल्लेख गरेका कतिपय तत्वहरू अस्पष्ट खालका छन् । धेरैले समेटेका लोकगीतका समेटेर लोकगीतका तत्वलाई यसरी औंल्याउन सकिन्छ :-

(१) संरचना (२) भाव (३) कथ्य विषय (४) भाषा (५) कथन पद्धति (६) स्थायी, अन्तरा (७) लय ।

### (१) संरचना

संरचना लोकगीतको मुख्य तत्व हो । कुनै पनि वस्तुको बाहिरी बनोट र भित्री बनोटको समष्टि नै संरचना हो । संरचना आन्तरिक र बाह्य जुन रूपमा पनि देखिन्छ । वस्तु संवेदनाद्वारा सम्पूर्ण विश्राम आन्तरिक संरचना हो भने वर्ण, शब्द वाक्यमा बोलिएर पूर्ण कथनमा टुङ्गो लाग्ने प्रक्रिया बाह्य संरचना हो । लोकगीत स्वयम्मा पूर्ण यस्तो संरचना हो जसमा चरणयोजना र चरणवितरणका साथै ती चरणहरूमा कथित, विषय, भाव वा विचारको क्रमिक अन्विति, एकता, सङ्क्षिप्तता, सघनता र पूर्णता जस्ता वैशिष्ट्य रहन्छन् । संरचना पनि लोकगीतको तत्व हो ।

### (२) भाव

भावलाई केन्द्रीय कथन वा मुख्य कथन पनि भनिन्छ । खास घटनाले जन्माएका भावनालाई निश्चित बिन्दुमा पुऱ्याएर चरम उत्कृष्ट अभिव्यक्ति दिने काम भावमा हुन्छ । लोकगीतमा लोकभावना र लोकविचारको पनि अभिव्यक्ति हुन्छ । यो लोकसमुदायको

अनुभवमा आधारित हुने भएकाले सुख, दुःख, प्रेम, पीडा, मिलन, बिछोड र वेदना जस्ता भावहरूको सहज र स्वाभाविक रूपमा व्यक्त भएको पाइन्छ । यसमा सभ्य र साक्षर समुदाय बाहिरका जनसमुदायको भाव अभिव्यक्ति भएकाले यसमा जटिल भावमा नभई सरल अभिव्यक्ति हुन्छ । मूलभावको बिस्तारका साथै भावमा एकोन्मुखताका कारण यसमा कथ्यमा जटिल हुन पाउँदैन । भावका अभावमा लोकगीतले पूर्णता प्राप्त गर्न नसक्ने हुनाले यसलाई पनि अनिवार्य तत्व मानिन्छ ।

(३) **कथ्य विषय**

कुनै पनि लोकगीतमा एउटा कथ्य विषयवस्तु हुन्छ । लोकगीतमा आउने त्यो कथ्य विषयवस्तु जुनसुकै पनि हुन्छ । लोकगीत गाउने गायक प्रतिभाले जुनसुकै विषयमा आधारित भएर लोकगीत बनाउने गर्दछ । लोकगायकले धर्म, पुराण, दर्शन, इतिहास, समाज र राजनीति आदि लगायत कुनै पनि विषय एवम् ती विषय भित्र ससाना घटना सन्दर्भ वा विचारलाई वाणी दिएको पाइन्छ । कुनै पनि विषयको लयवद्ध कथन गरी लोकगीत गाइन्छ । अन्य तत्व जस्तै कथ्य विषय पनि लोकगीतको प्रमुख तत्व हो ।

(४) **भाषा**

अभिव्यक्तिको प्रमुख माध्यम भाषा हो । अन्य साहित्यिक विधा जस्तै लोकगीत पनि भाषाका माध्यमबाट प्रकट हुन्छ । त्यसैले लोकगीत पनि एक प्रकारको भाषिक अभिव्यक्ति हो । लोकगीतको भाषिक अभिव्यक्ति लयात्मक र अर्थयुक्त हुन्छ । लोकगीतमा लोकले प्रयोग गर्ने भाषाको प्रयोग हुन्छ । लोकले प्रयोग गर्ने झर्रा शब्द, स्थानीय आदि शब्दको बढी प्रयोग हुन्छ । लोकगीतको भाषामा लाक्षणिकता र व्यन्जनात्मकता पाइए पनि यसमा सरलता र मधुरता नै मुख्य रूपमा पाइन्छ । भाषा लोकगीतको प्रमुख तत्व हो र भावलाई साकार पार्ने काम यसले गर्दछ ।

(५) **कथन पद्धति**

'कथन पद्धति' भनेको प्रस्तुतिको रीति वा ढाँचा हो । यसमा कुनै पनि अभिव्यक्ति पोख्दा वर्णनात्मक, आख्यानात्मक र नाट्यात्मक आदि कुनै पनि तरिकाले प्रस्तुत गर्न सकिन्छ । यस्तो प्रस्तुतिहरू एकल, दोहोरी र संयुक्त आदि जुनसुकै रूपमा पनि गर्न सकिन्छ । वस्तुविशेषको वर्णनमा आउने कथन पद्धतिमा केहीमा वर्णनात्मक हुन्छ भने केहीमा विवरणात्मकता पनि आउने गर्दछ । आख्यानात्मक कथनमा चाहिँ आख्यान वा घटना आएको हुन्छ । त्यसैले लोकगीतका अन्य तत्व जस्तै यो पनि एक प्रमुख तत्व हो ।

(६) **स्थायी, अन्तरा र थेगो**

लोकगीतमा पटकपटक दोहोरिने पङ्क्ति वा पङ्क्ति समूह स्थायी हो । 'स्थायी' लाई रिटक दुवा र छोपुवा पनि भनिन्छ । उदाहरणका लागि 'सिमसिमे पानीमा ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा' भन्ने पङ्क्ति स्थायी हो । गीतको क्रमसँगै अघि बढ्दै जाने अंश अन्तरा हो । लोकगीतका विभिन्न भेदहरूमध्ये कुनैमा स्थायी र अन्तरा आएको हुन्छ भने कुनैमा अन्तरा मात्र गाइएको हुन्छ । थेगो भनेको बारम्बार दोहोऱ्याइने निरर्थक शब्द वा वाक्यांश हो । उदाहरणका रूपमा 'हे', 'ओहोइ' र 'हाहै' आदि जस्ता शब्द थेगा हुन् । त्यस्ता थेगाको प्रयोगले लोकगीतमा मिठासपन आउने गर्दछ । त्यसैले स्थायी, अन्तरा र थेगो लोकगीतका तत्व हुन् ।

(७) **लय**

कुनै पनि लोकगीत एउटा निश्चित लयमा बाँधिएको हुन्छ । लयले भाव सम्प्रेषणमा महत्वपूर्ण भूमिका खेल्दछ । यसरी जति लोकगीत छन् त्यति नै लोकगीतका लयगत विभेद पाइन्छन् । जसरी विषयवस्तुलाई भाषाले व्यक्त गरे पनि अभिव्यक्ति लयबद्ध हुन सकेन भने त्यो लोकगीत हुन सक्दैन । नेपाली लोकगीतमा असारे, भैलो, सुनिमयाँ, यनिमयाँ, नैनारेसम आदि विविध लय छन् । ती लय नै लोकगीतका भाका हुन् । लोकले सालैजो लयको गीतलाई ठाडो भाका र तेस्रो भाका आदिको सालैजो भनेर चिनाउने गरेको पाइन्छ । त्यसैले लय पनि लोकगीतको प्रमुख तत्व हो ।

यसरी संरचना, भाव, कथ्य विषय, भाषा, कथन पद्धति, स्थायी, अन्तरा र थेगो र लय नै लोकगीतका मुख्य तत्वहरू हुन् । यी तत्वहरूलाई मिलाएर मात्र लोकगीतको सिर्जना हुन्छ । यी विभिन्न तत्वहरूमध्ये एक तत्वको अनुपस्थितिमा पनि एउटा राम्रो लोकगीतको रचना हुन सक्दैन ।

## ३.४ लोकगीतका विशेषता

लोकगीतमा लोकजीवनका आँसु, हाँसो, सुख, दुःख, आरोह, अवरोह, सहज र स्वाभाविक रूपमा आएका हुन्छन् । अन्य विधाका विशेषताहरू भए जस्तै लोकगीतका पनि आफ्नै विशेषताहरू छन् । समयअनुसार लोकगीतहरू पनि परिवर्तन हुन्छन् । लोकगीतका विशेषतालाई औँल्याउने क्रममा अध्येताहरूले आआफ्नै तरिकाले देखाएका छन् । ती मध्येमा केहीलाई यहाँ सर्वेक्षण गरिदैछ ।

धर्मराज थापाले लोकगीतका विशेषता बारे चर्चा गर्दै तिनलाई (१) गेयात्मक (२) सरलता (३) सहजता (४) स्वाभाविकता (५) मार्मिकता (६) हृदयस्पर्शीता र (७) सङ्गीतात्मकता गरी सातवटा विशेषता उल्लेख गरेका छन् (थापा र अन्य, २०४१ : ८०) ।

कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतका विशेषतालाई यसरी चर्चा गरेका छन् :-
(१) अज्ञात रचयिता (२) सामूहिक भावभूमि (३) सहजता र स्वाभाविकता
(४) मौखिक परम्परा (५) मौलिकता र सरलता (६) कथन विविधता
(७) स्वच्छन्दता (पराजुली, २०५७ : १३८-१४०) ।

चूडामणि बन्धुका अनुसार लोकगीतका विशेषता यसप्रकार छन् :- (१) रागात्मकता (२) स्वतःस्फूर्त (३) लयात्मक अभिव्यक्त (बन्धु, २०५८ : ११५) ।

कुसुमाकर न्यौपानेले लोकगीतका विशेषताहरूलाई निम्न लिखित बुँदामा चर्चा गरेका छन् :- (१) मौखिक परम्परा (२) सामूहिक भावभूमि (३) सर्जक अज्ञात (४) अकृत्रिमता तथा यथार्थता (५) सरलता (६)लयगत विविधता (७) लोकतत्वको प्रयोग (८) सङ्गीतात्मकता (९) स्वतन्त्रता र स्वच्छन्दता (१०) सङ्क्षिप्तता (११) विषयगत विविधता (१२) पुनरावृत्ति (न्यौपाने, २०६८ : २९) ।

यसरी पूर्वाचार्यहरूले उल्लेख गरेका लोकगीतका बुँदाहरूलाई हेर्दा ती बुँदाहरूमा एकरूपता नभई विविधता देखा परेका छन् । समग्रमा विभिन्न अध्येताहरूका अवधारणालाई समेटेर लोकगीतका विशेषताहरूलाई निम्न बुँदामा चर्चा गर्न सकिन्छ :- (१) मौखिक परम्परा (२) स्वाभाविकता (३) काल्पनिकता र मनोरञ्जनात्मकता (४) सामूहिकता (५) गतिशीलता (६) लयात्मकता र सङ्गीतात्मक (७) स्वतन्त्रता र स्वच्छन्दता ।

**(१) मौखिक परपम्परा**

लोकगीत परापूर्वकालदेखि नै मौखिक वा श्रुतिपरम्परामा हुर्कदै आएको हो । यो एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमा हस्तान्तरित हुँदै आएको छ । यो मौखिक परम्परामा हुर्कदै आए पनि समयको परिवर्तनसँगै यो गतिशील हुँदै आएको छ । त्यसैले मौखिक रूपमा हुर्कनु यसको एउटा विशेषता हो ।

**(२) स्वाभाविकता**

अभिव्यक्तिमा स्वच्छ र स्वाभाविक हुनाले लोकगीत सरल हुन्छ । लोकगीतमा लोकमा प्रचलित सरल र सरस भाषाको प्रयोग हुन्छ । लोकले जटिलता र दुरूहता भन्दा

सरल र सहज खालका लोकगीत बढी मन पराउँछ । लोकगीत सहज र हार्दिक हुन्छ तर यसमा कृत्रिमताको गन्ध पाइँदैन । लोकगीत स्वत:स्फूर्त स्वाभाविक रूपमा सिर्जित हुन्छ । यसको गायन, वादन र नृत्य शास्त्रीय सङ्गीतको जस्तो जटिल हुँदैन लोकगीतमा काव्यशास्त्रीय बन्धन हुँदैन अत: सरल, सहज र स्वाभाविकता पनि लोकगीतको अर्को विशेषता हो ।

(३) **काल्पनिकता र मनोरञ्जनात्मकता**

लोकगीतमा काल्पनिकता प्रबल रूपमा रहेको हुन्छ । कल्पनामा नै बगेर अपठित व्यक्तिहरूले कुनै पनि गीत रच्न र गाउन सक्छन् । असम्भव घटनालाई पनि कल्पनामा उनेर गीत रचना गर्न सकिन्छ । अभिव्यक्तिगत र विषयवस्तु जुनै रूपमा काल्पनिकताको महत्वपूर्ण भूमिका हुन्छ । त्यस्तै लोकगीतमा अन्य पक्ष भन्दा मनोरञ्जनात्मकता बढी पाइन्छ । मानिसमा उत्पन्न हुने उत्साह, उमङ्ग, रोदन र कारूणिकताको भाव लोकगीतमा नै पाउन सकिन्छ । विभिन्न समयमा गाइने लोकगीत र लोकनृत्य आदिले समाजमा मनोरञ्जन दिने गर्छ । त्यसैले काल्पनिकता र मनोरञ्जनात्मक पनि लोकगीतको अर्को विशेषता हो ।

(४) **सामूहिकता**

लोकजीवनअन्तर्गत सामूहिक भावभूमिमा आउने अभिव्यक्तिको एउटा माध्यम लोकगीत हो । लोकगीत जसले सिर्जना गरेर गाए पनि त्यसमा निहित दु:ख र उल्लासका स्वर समूहका स्वर भएर गुन्जने गर्दछन् । लोकगीतमा समाजको यथार्थ चित्रण हुने भएकाले यसमा प्रेम, नम्रता, हाँसो, घृणा, रोदन जस्ता भाव व्यक्तिहरूका नभएर समूहका रूपमा परिणत हुने भएकाले सामूहिकता लोकगीतको अर्को विशेषता बनेर देखापरेको छ ।

(५) **गतिशीलता**

लोकगीत समयअनुसार परिवर्तन भइरहन्छ । एक पुस्ताबाट अर्को पुस्तासम्म आउँदा लोकगीत केही न केही परिवर्तन भएकै हुन्छ । समयअनुसार पहिलेका लोकगीत र आजभोलिका लोकगीतमा निकै परिवर्तन भएको छ । त्यसैले समयअनुसार गतिशील हुनु लोकगीतको अर्को विशेषता हो ।

(६) **लयात्मकता र सङ्गीतात्मक**

लोकगीतमा लयात्मक अभिव्यक्ति पाइन्छ । लोकगीतका प्रकारअनुसार लयमा भिन्नता हुन्छ । जुनसुकै लोकगीत पनि लयमा बाधिन्छ । लयात्मकताका कारण नै

लोकगीतमा मिठासपन पाउन सकिन्छ । लयकै कारण लोकगीत सबैका लागि सर्वप्रिय हुन्छ । लोकगीतमा काव्यशास्त्रीय बन्धन हुँदैन । लोकगीतमा सरल र सरसता लयका माध्यमबाट हुन्छ । लयले गर्दा नै लोकगीत सबैलाई प्रिय हुने गर्दछ । लोकगीतमा गायन, वादन तथा नृत्य तिनै पक्षको मिश्रण हुन्छ तर कुनै लोकगीतमा गायन भए पनि नृत्य र वादनको आवश्यकता पर्दैन । सङ्गीतकै कारण लोकगीतहरू लोकप्रिय भएका हुन्छन् । लोकगीतमा अपेक्षित भाव उत्पन्न गर्नका लागि सङ्गीतको महत्वपूर्ण भूमिका हुन्छ । लोकगीतको सङ्गीत शास्त्रीय सङ्गीतभन्दा पृथक हुने गर्दछ । लयात्मकता र सङ्गीतात्मकता बिना लोकगीतले पूर्ण स्वरूप प्राप्त गर्न सक्दैन । त्यसैले लयात्मकता र सङ्गीतात्मकता पनि लोकगीतको अर्को विशेषता हो ।

(७) **स्वतन्त्रता र स्वच्छन्दता**

लोकगीतमा अभिव्यक्तिगत स्वतन्त्रता र स्वच्छन्दता हुन्छ । स्वच्छन्द र स्वतन्त्र अभिव्यक्ति हुने हुँदा यसमा शास्त्रीय बन्धन हुदैन । लोकगीत सिर्जनाका क्रममा कसैलाई पनि कुनै किसिमको बार बन्धन हुँदैन र उसले स्वच्छन्द रूपमा गीत गाउन सक्छ । लोकगीतको गायनमा लोकसर्जक पनि उन्मुक्त हुन्छ । लोकगीतको शैली पनि स्वच्छन्द एवम् स्वतःस्फूर्त हुन्छ । त्यसैले स्वतन्त्रता र स्वच्छन्दता पनि लोकगीतको अर्को विशेषता हो ।

## ३.५ निष्कर्ष

लोकसाहित्यको प्रमुख विधा लोक गीत हो । लोकगीतको परिभाषा विद्वानहरूले आआफ्नै तरिकाले दिएका छन् । ती परिभाषालाई हेरेर लोकगीतको परिभाषा यस्तो बनाउन सकिन्छ :- लोकगीत भनेको लोकले मौखिक रूपमा जीवित राखेको लोकहृदयको स्वतःस्फूर्त लयात्मक भाषिक अभिव्यक्ति हो । लोकगीतका तत्वहरूमा पनि विद्वानहरूका बीचमा एकरूपता छैन ।

समग्रमा लोकगीतका तत्वमा संरचना, भाव, कथ्य विषय, भाषा, कथन पद्धति, स्थायी, अन्तरा, थेगो र लय पर्दछन् । यी तत्वहरूलाई मिलाएर लोकगीतको रचना गर्न सकिन्छ । लोकगीतका विशेषतामा पनि विद्वान्हरूका बीच एकरूपता छैन । सबैले दिएका लोकगीतका विशेषतालाई समेटेर विशेषताका बुँदालाई यसरी समेट्न सकिन्छः :- मौखिक परम्परा, सरल, सहज र स्वाभाविकता, काल्पनिकता र मनोरञ्जनात्मकता, सामूहिकता र गतिशीलता, लयात्मकता र सङ्गीतात्मकता र स्वतन्त्रता र स्वच्छन्दता ।

# अध्याय चार

## थप्रेक क्षेत्रका लोकगीतको वर्गीकरण र परिचय

### ४.१ लोकगीतको वर्गीकरण

असीमित क्षेत्र ओगटेको लोकसँग गाँसिएको लोकगीतलाई पनि यति नै हुन्छ भनेर किटान गर्न गाऱ्हो छ । लोकगीतलाई निश्चित वर्गमा विभाजन गरी अध्ययन गर्न त्यति सहज छैन । समयको परिवर्तनसँगै लोकगीतहरू पनि परिवर्तन भएको पाइन्छ । हिजोका एक प्रकारका लोकगीत आज अर्कै रूपमा देखिन्छन् । असङ्ख्य रूपमा देखिने, समयको परिवर्तनसँगै परिवर्तन हुने र विषयगत रूपमा विविध प्रकारका हुने भएकाले लोकगीतको वस्तुपरक वर्गीकरण गर्न गाऱ्हो छ । अध्ययनको सजिल्याइँका निम्ति यहाँ पूर्व अध्येताहरूले औंल्याएका वर्गीकरणहरूलाई सामान्य रूपमा अवलोकन गरी लोकगीतका प्रकारलाई उल्लेख गर्ने काम गरिएको छ ।

कृष्णदेव उपाध्यायले लोकगीतलाई यसरी वर्गीकरण गरेका छन् :- (१) संस्कार सम्बन्धी गीत (२) ऋतु सम्बन्धी गीत (३) व्रत सम्बन्धी गीत (४) जाति सम्बन्धी गीत (५) श्रम सम्बन्धी गीत (६) विविध गीत गरी ६ भागमा विभाजन गरेका छन् (उपाध्याय, ई १९८८ : २६६) । यिनले लोकगीतको वर्गीकरणमा आधार उल्लेख गरेको पाइन्छ ।

कालीभक्त पन्तले लोकगीतलाई (१) राष्ट्रभाषास्तरीय गीत (२) जिल्लास्तरीय गीत (३) ग्रामस्तरीय गीत (४) जातिस्तरीय गीत (५) जातिभाषास्तरीय गीत (६) पर्वस्तरीय गीत (७) लोकनाट्यस्तरीय गीत (८) कर्मस्तरीय गीत (९) ऋतुस्तरीय गीत गरी नौ प्रकारका छन् भनी औंल्याएका छन् (पन्त, २०२८ : १०) ।

धर्मराज थापा र हंसपुरे सुवेदीले पूर्व अध्येताहरूले गरेको वर्गीकरणलाई समीक्षा गर्दै लोकगीतलाई (१) सामान्यगीत (२) संस्कारगीत (३) ऋतु वा व्रत सम्बन्धी गीत (४) कर्मगीत (५) पर्वगीत (६) लोकनृत्य वा नृत्यगीत र (७) विविध गीत गरी सात प्रकारमा विभाजन गरेका छन् (थापा र अन्य, २०४१ : ९४) ।

नेपाली विषयको स्नातकोत्तर तहको शोधपत्रमा कुसुमाकर न्यौपानेले पैयुँखोले लोकगीतलाई (१) बाह्रमासे गीत (२) कर्मगीत (३) पर्वगीत (४) संस्कारगीत गरी चार भागमा विभाजन गरी चिनाइएका छन् (न्यौपाने, २०४४ : १४) ।

त्यस्तै नेपाली विषयको स्नातकोत्तर तहको शोधपत्रमा अम्बिकाप्रसाद भट्टराईले तनहुँ ढोरका लोकगीतलाई (१) संस्कारगीत (२) कर्मगीत (३) पर्व गीत  (४) बाह्रमासे गीत गरी चार भागमा छुट्टयाई वर्गीकरण गरेका छन् (भट्टराई, २०५२ : ४९) ।

कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतलाई वर्षचक्रीय लोकगीत (बाह्रमासे लोकगीत), ऋतुकालीन लोकगीत (पर्वगीत र कर्मगीत) जीवनचक्रीय लोकगीत (संस्कारगीत, धार्मिकगीत, उमेर अवस्थाकालीन लोकगीत र नृत्यगीत) गरी मुख्य गरेर दुई भागमा वर्गीकरण गरेका छन् (पराजुली, २०५७ : १४९) ।


चूडामणि बन्धुले नेपाली लोकगीतलाई (१) सहभागिताका आधारमा एकल गीत, दोहोरी गीत र समूह गीत) (२) लय वा भाकाका आधारमा (कालीपारे गीत, बन्दीपुरे गीत, बादीगीत, दमाइँगीत र गाइनेगीत, (३) प्रकार्यका आधारमा (धार्मिक गीत, अनुष्ठानमूलक तथा संस्कारगीत, ऋतुगीत तथा पर्वगीत र श्रमगीत गरी तीन आधारमा वर्गीकरण गरेका छन् (बन्धु, २०५८ : १२१-१२३) ।

कुसुमाकर न्यौपानेले लोकगीतलाई निम्नअनुसार उल्लेख गरेका छन् :- (१) भूगोल ( २) जाति (३) उमेर (४) लिङ्ग भेद (५) सहभागिता (६) प्रस्तुति (७) विषय (८) आकार (९) गायन समय (१०) गायन अवसर (११) प्रकार्यका आधारमा वर्गीकरण गरेका छन् ( न्यौपाने, २०६८ : २५) ।

माथि उल्लेख गरिएका लोकगीतको वर्गीकरणमा कुनै अध्येताहरूले आधार उल्लेख गरेर वर्गीकरण गरेका छन् भन्ने कुनैले आधार उल्लेख नगरी वर्गीकरण गरेको देखिन्छ । यसरी विभिन्न विद्वान्हरूले लोकगीतको वर्गीकरण गरे पनि वैज्ञानिक र वस्तुपरक हुन भने सकेको छैन । त्यसमा पनि स्थान विशेषका लोकगीतलाई अन्य आधारबाट भन्दा विषयका आधारमा लोकगीतका प्रकार छुट्टायाउन सान्दर्भिक देखिन्छ ।

## ४.२ थप्रेक क्षेत्रका लोकगीतको वर्गीकरण

थप्रेक क्षेत्रमा प्रचलित लोकगीत विभिन्न प्रकारका भएकाले तिनलाई अनेक आधारमा वर्गीकरण गर्न सकिन्छ । यहाँ अध्ययन गर्न सजिलो होस् भनी निम्नलिखित चार वटा भागमा वर्गीकरण गरी चिनाउने काम गरिएको छ :-


थप्रेक क्षेत्रका लोकगीत
संस्कारगीत
मागलगीत
रत्यौलीगीत
कर्मगीत
जेठेगीत
असारेगीत
दाइँगीत
पर्वगीत
तीजेगीत
ऋषिपञ्चमीको गीत
मालसिरी गीत
भैलीगीत
देउसीगीत
बाह्रमासे गीत
बालगीत
घाँसेगीत
सिलोक
भजन
सालैजो गीत
झ्याउरे गीत
खेलीगीत
कौरागीत
घाटुगीत
सोरठीगीत
एकोहोरी गीत
दोहोरी गीत
आरति भजन
चुड्का भजन
राम भजन
कृष्ण भजन

## ४.३ थप्रेक क्षेत्रका लोकगीतको परिचय

### ४.३.१ संस्कारगीत

मानिस जन्मेदेखि मृत्युपर्यन्त गरिने संस्कार र ती संस्कारहरूका अवसरमा गाइने विभिन्न प्रकारका लोकगीतहरूलाई संस्कारगीत भनिन्छ । आआफ्ना जातीय संस्कारअनुसार यस्ता गीतहरू गाउने प्रचलन हुन्छ । संस्कारद्वारा नै मानिसका चिन्तन, विचार र व्यवहारिक कुराहरूको विकास भएको हुन्छ । मानिसका धेरै कार्यहरू संस्कारद्वारा नै हुने गरेको पाइन्छ । हिन्दूधर्ममा सोह्र संस्कारको चर्चा गरिएको र हाल केही संस्कारहरू जीवित रहे पनि धेरै संस्कार समाजबाट क्रमिक रूपमा लोप हुँदै गएका छन् । थप्रेक क्षेत्रमा पनि सबै संस्कारगीतहरू गाइएको छैन । यस क्षेत्रमा मुख्य गरेर वेदी टाल्दा, शुभकार्य गर्दा, ब्रतबन्ध गर्दा र विवाहका अवसरमा संस्कारगीत गाउने गरिन्छ । यस्ता संस्कारका गीतहरू संस्कार बाहेक अरू बेला गाएको पाइँदैन । संस्कारका अवसरमा गाइने प्रमुख गीतमा मागल हो भने विवाहका अवसरमा गाइने रत्यौली पनि संस्कारगीतअन्तर्गत पर्छ ।

#### ४.३.१.१ मागलगीत

संस्कारगीतको एउटा भेद मागल हो । तत्सम शब्द मङ्गलको तदभव रूप मागल हो । नारीले मङ्गल कामनाकासाथ गाउने एक प्रकारको गीत मागल हो । मागलगीतका अध्येताहरूले यस गीतलाई माहाल (थापा र अन्य, २०४१ : ११०, भट्टराई, २०५२ : ५०), महाल (न्यौपाने, २०४४ : ६०), माँगल (बन्धु, २०५८ : ११५), मागल (शर्मा र अन्य २०६३ : ११३) भनेर चिनाएको पाइन्छ । यस गीतलाई माघल, माल, माहल, मागल र माँगल आदि विभिन्न नामले चिनाए पनि यो एउटै गीत हो । यो गीतलाई सुदूरपश्चिमाञ्चलतिर सगुन एवम् फाग नामले चिनाउने गरेको भेटिन्छ ।

मागलगीत प्रायः गरेर ब्राह्मण र क्षेत्रीहरूको ब्रतबन्ध र विवाह आदि शुभकार्यका अवसरमा गाउने गरिन्छ । यो गीत हिन्दू महिलाहरूले मात्र गाउने गर्दछन् । यो गीत गाउने महिलाहरूलाई महाल्नी र मागल्नी आदि पनि  भन्ने गरिन्छ । परम्परादेखि चल्दैआएको यो मागल गाउने परम्परा बिस्तारै समयको परिवर्तनसँगै लोप हुँदै गएको भेटिन्छ । यस गीतमा शुभको भाव प्रमुख रूपमा रहेको हुन्छ । यो गीत गाउँदा सुरुमा एउटा महिलाले झिक्ने र अन्य महिलाहरूले स्वरमा स्वर मिलाई साथ दिने गर्दछन् । यो गीत नृत्य र वाद्य बिनानै गाइन्छ । यो गीत पनि विभिन्न प्रकारको छ । शुभकार्यका अवसरमा, जन्मसंस्कारका अवसरमा, ब्रतबन्धका अवसरमा र विवाहका अवसरमा गाइने गरी मागललाई मुख्य चार

प्रकारमा विभाजन गर्न सकिन्छ । थप्रेक क्षेत्रमा गाएका केही मागलगीतका नमुना तल उल्लेख गरिएको छ :-

**वेदी टाल्दाको मागल :-**

आकाशैकी दिदी मेरी पातालकी बहिनी

कहाँ होला दिदी बैनी तिम्रो हाम्रो भेट ?

बाबाज्यूका आँगनीमा शुभै जग्गे लाउलान्

तहीँ होला मेरी दिदी तिम्रो हाम्रो भेट ।

× × ×

**ब्रतबन्धको मागल :-**

दश मैना कोखी बास गरे मेरी आमा

आएँ जोगी वरितै ।

× × ×

**विवाहका अवसरमा गाइने मागलगीत :-**

हातै लियौ लौरी त काखी चाप्यौ पुस्तक

आइपुग्यौ ससुराली देश विवाहको रम गरनी त

पुरेत बाबाज्यू पूरा कर्म गरिदिनोस् है ।

× × ×

मागलगीतका बाँकी अंश परिशिष्ट 'क' मा उल्लेख गरिएको छ ।

### ४.३.१.२ रत्यौलीगीत

नेपाल अधिराज्य भर गाइने एक प्रकारको संस्कारगीत रत्यौलीगीत हो । दुलाहा अन्माएपछि त्यस घरमा जम्मा भएका टोल छिमेकका आफन्त महिलाहरू जम्मा भई सामूहिक रूपमा रत्यौली खेल्छन् । दुलहाका घरमा ग्रहशान्तिमा बालिएको दियो कुर्नका लागि पनि रत्यौली खेल्ने गरिन्छ । रात वा रतिसँग सम्बन्धित भएकाले यसलाई रत्यौली भन्ने गरेको पाइन्छ । रत्यौली मुख्य गरेर विवाहका अवसरमा गाइन्छ । यो गीत ब्राह्मण, क्षेत्री, दमाईं, कामी, सार्की र ठकुरी लगायत अन्य जातिहरूमा समेत प्रचलित छ । रत्यौलीमा महिलाहरूले पुरुषको भेष र अभिनय गरेर रतिरागात्मक भावना तथा कटाक्ष व्यक्त गर्ने गर्छन् । रत्यौलीमा महिलाहरूले पुरुषको भेष धारण गरेर नाच्नेलाई जोगी वा लुठो भन्दछन् । रत्यौलीमा जेष्ठताका आधारमा आफ्ना परिवारका साथै आफन्तहरूलाई

पालैपालो नचाउने गरिन्छ । यो गीत गाउँदा तालिका साथै खैंजडी, मुजुरा, गार्ग्रीलाई बाजाका रूपमा प्रयोग गरिन्छ ।

रत्यौलीको आरम्भिक इतिहास स्पष्ट नभए पनि यो प्रचलन धेरै पुरनो हो (पराजुली, २०५७ : २६१) । रत्यौलीमा पुरुष मानिसहरूको उपस्थिति भएमा उनीहरूको आयु घट्छ भन्ने जनविश्वास पनि रहिआएको छ (न्यौपाने, २०६७ : ९) । तसर्थ रत्यौलीमा पुरुषहरूको सहभागिता हुँदैन । यो महिलाहरूले मात्र गाउने सामूहिक गीतअन्तर्गत पर्छ । रत्यौलीगीत गाउँदा 'हाँ', 'ओहोइ' र'रेलिमै' आदि जस्ता थेगाको प्रयोग गर्ने गरिन्छ । यस थप्रेक क्षेत्रमा पनि रत्यौली खेल्ने प्रचलन रहिआएको छ । पहिले पहिले यस क्षेत्रमा राती मात्र रत्यौली खेलिने भए पनि आजकल दिनमा जन्ती गएर दिनमा दुलही ल्याइने भएकाले प्रायः दिनमा नै रत्यौली खेल्ने गर्दछन् । यहाँका रत्यौलीगीत पनि श्लील र अश्लील गरी दुई प्रकारका छन् । यस क्षेत्रमा गाएको रत्यौलीगीतका उदाहरण तल प्रस्तुत गरिएको छ :-

हे मयाँ तिम्ले हाम्ले
औंठीले फूलमाला साटम्ला ।
× ×
खोला खोला नौडाँडे खोला
पाँचै बजे बोलाउने को होला ।
खोला खोला नौडाँडे खोला
आज मैले घाँस काँटे घरबारीमा काट्छु
खोला खोला नौडाँडे खोला
सुख सम्पति छैन मलाई कुन देशमा भाग्छु ।
× × × × ×
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।
बाबाको नौतले घर
छोरीलाई के काम लाग्छ र ?
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।
× × ×

माथि उल्लेख गरिएका साथै अन्य केही रत्यौलीगीतहरू परिशिष्ट १ को 'क' मा समावेश गरिएको छ ।

### ४.३.२ कर्मगीत

कर्मगीतलाई श्रमगीत पनि भन्ने गरेको पाइन्छ । मकै गोड्दा, घैया गोड्दा, धान रोप्दा र दाइँ लगायत अन्य कुनै शारीरिक श्रम गर्दा गाइने गीतलाई श्रमगीत भनिन्छ । श्रमगीत धेरै महिलाहरूले गाए पनि केही गीतहरू पुरुषहरूले पनि गाउँछन् ।

अन्य क्षेत्रमा जस्तै थप्रेक क्षेत्रमा पनि खेतीबालीको काम प्रमुख रूपमा हुने गर्दछ । जीवनयापनको अभिन्न अङ्ग कर्म भएकाले मानिसहरू हरेक काम गर्दा कुनै पनि थकावटको महसुस नहोस् भनी आनन्दले गीत गाउने र गीतकै माध्यमबाट समेत हाँसखेल, ठट्टा गर्ने गर्छन् । प्रायः श्रमगीतमा बाजाको प्रयोग गरिन्न तर पनि असारेगीतमा नौमतीबाजाको प्रयोग गर्ने गरिन्छ तर आजभोलि यो चलन पनि क्रमिक रूपमा हराउँदै गएको छ । यस क्षेत्रमा पनि श्रम गर्दा गाइने लोकगीतहरू धेरै भेट्न सकिन्छ । यस्ता श्रमगीतहरू महिना र ऋतुअनुसार फरक फरक हुन्छन् । एक समय वा ऋतुका गीत अर्को समय वा ऋतुमा गाइँदैन । यस्तै यस ठाउँमा गाइने मुख्य कर्मगीतहरूमा जेठ महिनामा गाउने जेठे, असार महिनामा गाउने असारे र मङ्सिर महिनामा गाइने दाइँगीत यस क्षेत्रका कर्मगीत हुन् । यस्ता कर्मगीतमा हाँसखेल, दुःख, मर्म र वेदना जस्ता भाव मुख्य रूपमा प्रकट गरिन्छ ।

#### ४.३.२.१ जेठेगीत

जेठ महिनामा, मकै गोड्दा वा घैया गोड्ने काम गर्दा गाइने गीत नै जेठेगीत हो । जेठेगीतलाई परिभाषित गर्ने क्रममा कृष्णप्रसाद पराजुलीले यसरी भनेका छन् :-"जेठ महिनाको हपहपाउँदो गर्मीयाममा गाइने कर्मगीतलाई जेठेगीत भन्ने गरिन्छ (पराजुली, २०५७ : २०८) ।" नेपाल कृषिप्रधान देश भएकाले यहाँका मानिसहरूको मुख्य पेसा नै कृषि हो । उनीहरूले खेतबारीमा काम गर्दा थकानको महसुस नहोस् भन्ने हेतुले आफ्ना मनका वेदना गीतका माध्यमबाट पोख्ने गर्दछन् । जेठ, असार महिना अन्य महिना भन्दा बढी कामकाजका लागि महत्वपूर्ण समय मानिन्छ ।

यस क्षेत्रमा पनि फागुन, चैत्र महिनामा छरेका मकै, घैया जस्ता बालीहरू सामान्यतया वैशाख जेठमा गोडमेल गरिन्छ । जेठ महिनाका चर्का घामसँगै महिलाहरू आफ्ना मनका पीर, मर्का, वेदनाका भाव गीतका माध्यमबाट पोख्ने गर्छन् । यस क्षेत्रमा

श्रममा पुरुष भन्दा महिला बढी सक्रिय हुने हुँदा यहाँका श्रमगीतमा महिलाहरूले बढी आफ्नो दुखेसो पोखेको पाइन्छ । यस गीत एकल वा दोहरी दुवै रूपमा गाउन सकिन्छ । प्रायः यस ठाउँमा महिलाहरूले बढी एकल रूपमा गाउने गर्दछन् । यस क्षेत्रमा गाएको जेठेगीतमा प्रजातन्त्र आउनुपूर्व जार काटन् छुट थियो । त्यही समयको घटनालाई यहाँ गीतको विषय बनाएको पाइन्छ ।

माछै र काँडे सिउर बरै कसुले बाटेको
बरै कसुले बाटेको …………
माछै र काँडे सिउर दाजै ज्यामाले बाटेको
बरै ज्यामाले बाटेको ।
ज्यामाका काखा हामी पनि हुर्क्यौं ज्यामा त जान्दिनन्
बरै ज्यामा त जान्दिनन् ।
× × × ×

यस गीतमा एउटी महिला एक्लै घैया गोड्छिन् । उनका स्वामी उनी सानै हुँदा विदेश गएको र घरमा सासूससुराले दिएको यातनाको दुखेसो यस गीतमा व्यक्त गरिएको छ ।

जेठै र मासका यिनै चर्का घाम
एकलै घैया गोड्छयौ नि है ।
तिमरा स्वामी कहाँ गए त नि ?
एकलै घैया गोड्छयौ नि है ।
× × × ×

यस गीतको बाँकी अंश परिशिष्ट १ को 'ख' मा उल्लेख गरिएको छ ।

### ४.३.२.२ असारेगीत

असार महिनामा गाइने गीतलाई असारेगीत भन्ने गरिन्छ । असार/साउनमा नेपालका धेरै ठाउँमा धान खेती गरिन्छ । यस गीतलाई असारेगीत वा रोपाइँसँग सम्बन्धित भएकाले रोपाइँगीत पनि भन्ने गरेको पाइन्छ । वर्षे झरीमा भिज्दै, हिलो, माटो खेलाउँदै खेतका गरामा धानको बीउ रोप्दै असारेगीत गाइन्छ ।

यस क्षेत्रमा असारेगीत रोपाहार, बाउसे र हलीका बीच दोहोरी रूपमा पनि चल्छ । त्यस्तै महिलाहरूले मात्र एकोहोरी रूपमा समेत गाउने गर्छन् । असार पन्ध्रलाई अन्य क्षेत्रमा जस्तै यस क्षेत्रमा पनि बढी महत्व दिइन्छ । त्यस दिन दही, चिउरा खाने र हिलो छ्याप-छ्याप गर्नुका साथै विभिन्न असारेगीतका भाकाहरू घन्काएको पाइन्छ । यस क्षेत्रमा पनि पहिले रोपाइँका अवसरमा बाजा बजाउने प्रचलन रहे पनि आजभोलि लोप हुँदै गएको छ । यहाँका असारे गीतको मुख्य विषयवस्तु हाँसखेल, ठट्टा, दुःख, मर्म वेदना हुन् लोकले असार महिनालाई मानो खाएर मुरी उब्जाउने समय हो भनेको छ (थापा, २०३० : ११२) । अन्य समय भन्दा किसानहरू पनि आफ्नो खेतबारीमा कामकाजका लागि बढी सक्रिय  हुन्छन् । हली, बाउसे र खेतालीलाई काममा थकान नहोस् र मनोरञ्जन गर्ने उद्देश्यले गीत गाउँदै धान रोप्ने र हलो जोत्ने कार्य आआफ्नै तवरले गरी राखेका हुन्छन् । यस थप्रेक क्षेत्रमा पनि एकोहोरी, दोहोरी र सामूहिक गरी विभिन्न प्रकारमा असारेगीत गाइन्छन् । यस ठाउँमा गाएको असारेगीतको नमुना तल उल्लेख गरिएको छ :-

असारै मासको दबदबे हिलो छि मलाई घिन लाग्यो
पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो ।
हो किमा होइन हो भनी देऊ न
छ बीस रिन लाग्यो ।

यस्ता असारेगीतको बाँकी अंश परिशिष्ट १ को 'ख' मा उल्लेख गरिएको छ ।

### ४.३.२.३ दाइँगीत

खलामा दाइँ गर्दा गोरू धपाउँदै गाइने गीतलाई दाइँगीत भनिन्छ । मङ्सिर महिनामा गाइने हुँदा कसैले यसलाई मङ्सिरेगीत र त्यस्तै धानको राशिसँग सम्बद्ध भएकाले यो गीतलाई राशिगीत पनि भन्ने गरेको भेटिन्छ । स्थान भेदका कारणले यस गीतलाई फरक फरक नामले चिन्ने गरेको पाइन्छ । नेपालका प्रायः जसो सबै ठाउँमा गाइने यो गीत विशेष गरी सह ल्याउन र धान भित्र्याउन लागेको खुसियालीमा गाउने गरिन्छ ।

प्रायः गरेर असार/साउनमा रोपेको धान कार्तिक/मङ्सिरमा पाक्ने गर्दछ । जब धान पाकेपछि धानलाई काटेर केही दिन घाममा सुकाउने गरिन्छ । त्यसरी सुकेको धान खलो बनाई काटेको धान थुपारेर कुनियो लगाउने गरिन्छ । त्यसपछि खलोको बीचमा पर्ने गरी मियो गाडिन्छ । मियोको टुप्पामा धानको बाला झुन्ड्याउने प्रचलन पनि रहेको छ । जब केही समयपछि खलो लिपेर दाइँ हाल्ने बन्दोबस्त गरिन्छ त्यसपछि मियोमा हार मिलाएर

आवश्यकता अनुसार गोरु बाँधिन्छ र छरेको पराल सहितको धानमा गोरु हिंडाली धानको गेडा झार्ने काम हुन्छ । दाइँ गर्दा कसैले गोरु धपाउने, कसैले पराल फाल्ने काम गर्दछन् । यसरी गोरु खेद्ने, धान चुट्ने र पराल छिरोल्ने दयँराहरूले एकआपसमा मनोरञ्जन गर्दै र एकले अर्कोलाई ख्याल ठट्टा गर्दै कोइली चरीको नाम काडेर गीत गाउने गर्दछन् । दाइँगीत गाउँदा प्रायः गरेर हवाइहवाइ, 'ह' ,'ह' ,'ह''दाइँमाडो' जस्ता थेगाहरूको प्रयोग गर्दछन् ।

थप्रेक क्षेत्रमा पनि दाइँगीतमा गोरुलाई बरादु भन्ने गरिन्छ । गोरुकै सिङ पुच्छर खुरले गरेको कामको बयान गीतमा गरिएको हुन्छ । दाइँ सकिएपछि धानको रास बनाइन्छ । त्यसरी चुल्याइएको धानको थुप्रोलाई धानको रास भन्ने गरिन्छ । यसरी चुल्याइएको धानको रासलाई घिउको धुप हालेर देवीदेवताको पुकार गर्दै हिमालतिर फर्केर सह माग्ने गरिन्छ । यस थप्रेक क्षेत्रमा गाइने दाइँगीतको उदाहरण तल प्रस्तुत गरिएको छ :-

पुतली गाईको बाच्छो बरादो माली गाईको नाति
हिंड्न लाग्यो मेरो भाइ बरादो हो धानपरालमाथि ।
ह ह ह .....................
× × × × × ×

यस गीतको बाँकी अंश परिशिष्ट १ को 'ख' मा उल्लेख गरिएको छ ।

### ४.३.३ पर्वगीत

मानव जीवनमा चाडपर्वको निकै ठूलो महत्व छ । चाडपर्वका अवसरमा गाइने गीतहरू नै पर्वगीतहरू हुन् । चाडपर्व मनाउँदा परिवार, आफन्तसँग बसेर रमाइलो गर्ने मिठा मिठा चीजहरू खाने र सुखदुःखका भावना पोख्ने गरिन्छ । नेपालमा विभिन्न किसिमका चाडपर्वहरू परम्परादेखि नै मनाउँदै आएको पाइन्छ तर केही चाडपर्व हाल हराउँदै गएका छन् । थप्रेक क्षेत्रमा पनि विभिन्न चाडपर्वहरू मनाउने गरिन्छ । त्यस्ता चाडपर्व मनाउँदा त्यहाँ पनि चाडपर्व विशेषका गीत गाउने प्रचलन रहिआएको छ । यस क्षेत्रका पर्वगीतहरूमा तीजे, मालसिरी, भैली र देउसी आदि मुख्य हुन् ।

#### ४.३.३.१ तीजेगीत

तीज हिन्दू नारीहरूको ठूलो र रमाइलो एउटा चाड हो । यो पर्व मुख्य गरेर भाद्र शुल्क द्वितीयाका दिनदेखि सुरु भई पञ्चमीका दिन सप्तऋषिको पूजा गरेपछि समाप्त हुन्छ । पौराणिक कथनअनुसार हिमालय पर्वतकी पुत्री पार्वतीले बाल्यकालदेखि नै महादेव स्वामी पाऊ भनी मनमनै कामना गरेको भए तापनि उनका पिताले विष्णुलाई पार्वती कन्यादान

दिन तयारी गरेको थाहा पाई पार्वतीका सखीहरूले उनलाई कसैले नदेख्ने ठाउँमा लुकाएर राखेका र सोही स्थानमा पार्वतीले महादेव स्वामी पाऊ भनी पानी समेत नखाई निराहर व्रत बसेको हुनाले त्यस व्रतलाई हरितालिका तीज पनि भन्ने गरेको पाइन्छ ।

तीजपर्वका अवसरमा विशेष गरी हिन्दू महिलाहरूद्वारा गाइने एक प्रकारको गीत तीजेगीत हो । यसलाई तनहुँतिर झ्जोरा गीत पनि भनेको सुनिन्छ (बन्धु, २०५८ : १६४) । यो गीत महिलाहरूले मात्र गाउने गर्छन् । पहिले पहिले घर, आँगन, चोक, पाटिपौवा र चउरमा मात्र तीजेगीत सीमित भए पनि हाल खुला ठाउँ लगायत अन्य स्थानमा समेत प्रतियोगीतात्मक तवरले गाउने गरिन्छ । तीजेगीतमा एउटा महिलाले गीत झिक्ने र अन्य महिलाहरूले उक्त गीतलाई छोप्ने गर्दछन् । यो गीत सामूहिक रूपमा गाउने गरिन्छ । यस गीतमा गायनका साथै नाचेर दर्शक महानुभावहरूलाई आकर्षित गर्ने गरिन्छ । पहिले पहिले तीजेगीतमा बाजाका रूपमा ताली मात्र बजाए पनि हाल समयको परिवर्तनसँगै विभिन्न किसिमका वाद्ययन्त्र जस्तै खैँजडी र मादल आदिको प्रयोग गरिन्छ । थप्रेक क्षेत्रमा पनि तीजेगीतको प्रचलन परम्परादेखि हालसम्म पनि चलिआएको छ । यस क्षेत्रमा महिलाहरूले विभिन्न चोक तथा घर घरमा जम्मा भएर तीजेगीतका माध्यमबाट आफ्ना मनका दुखेसो पोख्ने गर्दछन् । तीजको द्वितीयाका दिन ब्रतालु महिलाहरू मिलेर दर खाने चलन छ । तृतीयाका दिन विवाहित महिलाका साथै अविवाहित किशोरीहरू पनि पानी समेत नखाई व्रत बस्ने गर्दछन् । त्यस दिन उनीहरू धारा, जलाशय तथा खोलामा नुवाइधुवाइ गरेर शिव र पार्वतीको पूजा गर्ने गर्छन् ।

तीजमा विशेष गरेर महिलाहरू रातो साडीमा सजिएर विभिन्न किसिमका गरगहनाहरू लगाएर आफ्नो माइती र मावली जाने गर्छन् । तीजमा छोरी, चेलीलाई लिन बाबा, दाजुभाइ र मामा जाने प्रचलन रहेको छ ।

तीजेगीत ठाउँअनुसार फरक फरक किसिमका हुन्छन् । गीतको लय पनि फरकफरक हुन्छ । तीजेगीतमा महिलाहरूले वर्षभरि पाएको दुःख, वेदना, यातना, टोकेसो, गुनासो, पीर र मर्कालाई नै गीतको विषय बनाएका हुन्छन् । पहिला पहिला नारीहरू बन्धनमा बस्नुपर्ने बाध्यता थियो । घरका सासू, ससुरा, स्वामी, नन्द र अमाजू आदिले गरेको शोषण, अन्याय, अत्याचार र दमनका कुरा गीतमा पोख्ने गर्थे तर हाल समयको परिवर्तनसँगै उनीहरूले केही स्वतन्त्रता पनि पाएका छन् । आजकलका तीजेगीतमा नारी हकअधिकार, समसायिक घटना र विकास निर्माणका कुरालाई गीतका माध्यमबाट पोख्ने

गर्दछन् । समयको परिवर्तनसँगै अहिले तीजेगीतमा पनि परिवर्तन आएको छ । पहिले पहिले तीजेगीत महिलाहरूले मात्र गाउने गरिए पनि हाल आएर गीतको रचनाका साथै गायनमा पनि पुरुषहरू सहभागी भएको देख्न सकिन्छ । तीजेगीत विभिन्न प्रकारका छन् । तीजेगीत छोटो तथा लामो जुनसुकै तरिकाले गाउन सकिन्छ । थप्रेक क्षेत्रमा सङ्कलन गरिएका तीजेगीतको नमुना तल प्रस्तुत गरिएको छ :-

वर्ष दिनको तीजमा बाबा लिन आउनुभो
हाम्री बज्यै पापिनीले शिरफुल लुकाइछन् ।
पानी ल्याउला शिरफुल घाँस काट्ला शिरफुल
अराई सिकाई राख बज्यै त्यही शिरफुल ।
× × × ×
झानेर मिठो हुने भदौरे गाभालाई
छोरी दिन सारै गाऱ्हो भयो बाबालाई ।
तेह्र दिने गौदान पनि त्यसै दिनमा उठाए
के सम्झेर तीजमा लिन पठाए ।
× × × ×
माइतैमा बसेर घर जाने बेलामा
बरर आँसु झर्‍यो दैली ठेलामा ।
बरर आँसुलाई रुमालले छोपेर
गए मत मेरी आमा झोला बोकेर ।
× × × ×

तीजेगीतका साथै अन्य गीतहरू परिशिष्ट १ को ‘ग’ मा उल्लेख गरिएको छ ।

**४.३.३.२ ऋषिपञ्चमीको गीत**

भाद्र शुक्ल पञ्चमीको दिनलाई हिन्दू धर्मावलम्बीहरूले ऋषिपञ्चमी भनेर मान्ने गरेका छन् । त्यो दिन उनीहरू शरीर शुद्धिका लागि जलाशय, धारा, खोला र पँधेरामा नुहाउने गर्छन् । उक्त दिन सप्तऋषिका साथै अरून्धती नामकी ऋषिकन्याको पूजा गर्छन् । सप्तऋषिको पूजा सबै जातिले गर्नु भने पनि प्रायः बाहुन क्षेत्री समुदायका महिलाहरूले गर्ने गरेको पाइन्छ ।

थप्रेक क्षेत्रमा पनि महिलाहरूले सप्तऋषिको पूजा गर्दछन् । उनीहरूले कुनै घरमा जम्मा भई सामूहिक रूपमा पूजा गर्दछन् । सप्तऋषिको पूजा गर्दा सात फेर माड घुम्नुपर्ने हुन्छ । त्यही बेला महिलाहरू पूजासँग सम्बन्धित गीत गाउँदै खुट्टा नउचाली बिस्तारै परिक्रमा गर्ने गर्छन् । यो गीत गाउँदा ताली बाहेक अन्य वाद्ययन्त्रको प्रयोग गरिन्न । यो गीत विशेष गरी पञ्चमीका दिन मात्र गाइन्छ र अन्य बेला गाइने प्रचलन छैन । यस गीतका पनि विभिन्न प्रकार छन् । यस गीत कुनै छोटो र कुनै लामो लयमा पनि गाउन सकिन्छ । यस क्षेत्रमा पञ्चमीका अवसरमा गाइने गीतका नमुना तल उल्लेख गरिएको छ :-

ऋषिकेश जुम्ला हात ठूलो हाम्रो वरत हो
पञ्चमीका पाइला गनी हाम्रो ठूलो वरत हो ।
ल्याऊ न बाबु ल्याऊ न बाबु वरतको दियो
दिन्न चेली दिन्न चेली वरतको दियो ।
× × × ×
मखमली फूल फुल्यो
फूल रह्यो बासी
सलल नदीले लैजा मलाई काशी ।

यस ऋषिपञ्चमी गीतका बाँकी अंश परिशिष्ट १ 'ग' मा उल्लेख गरिएको छ ।

### ४.३.३.३ मालसिरी गीत

मालसिरी गीत विभिन्न रागमा गाइने गीत हो । यो गीत दसैँको घटस्थापनादेखि महानवमीसम्म साँझबिहान दुर्गाभवानीको आराधना गर्दै गाइने गीत हो । यस गीतलाई रागमालश्री, माल्सिरी पनि भनेको भेटिन्छ (भट्टराई, २०५२ : ७५) । त्यसैले यस गीतलाई लोकसमाजमा मालसी, मालश्री, मालसिरी, रागमालश्री आदि पनि भनेको पाइन्छ । यो गीत भारतबाट नेपालमा भित्रिएको हो । नेपालमा यस गीतको प्रचलन मल्लकाल भन्दा पहिलेदेखि सुरु भएको थियो (थापा र अन्य, २०४१ : १६५, पराजुली, २०५७ : १८५) । यो गीत ब्राह्मण, क्षेत्री, नेवार र गन्धर्व लगायत जातिका पुरुषका साथै महिलाहरूले पनि एक्लै वा सामूहिक रूपमा गाउने गर्छन् ।

थप्रेक क्षेत्र लगायत यसका आसपासका ठाउँमा पनि यो गीत गाउने प्रचलन छ । यो गीत गाइनेले सारङ्गी रेटेर र सारङ्गी नबजाई गाउने गर्छन् । अन्य कतिपयले यसको

गायनमा हारमोनियमको प्रयोग गरेको पाइन्छ । हिन्दू धर्मावलम्बीहरूका मन्दिरहरूमा, पूजाकोठामा, दसैँघर, कोटघर लगायतका ठाउँमा पूजा गर्दा यो गीत गाइन्छ । यस क्षेत्रमा गाएको मालसिरी गीतको नमुना तल प्रस्तुत गरिएको छ :-

देवी भैरवी श्री गोरखनाथ दर्शन दिनुभयो भवानी माई
प्रथम देवी माई उत्पन्न भयौ राम जन्म लियौ कैलाश सरे ।
तेत्तिस कोटी देवता प्रचण्ड कालीकालाई वरदान दियौ र भवानी
जय देवी भैरवी श्री गोरखनाथ दर्शन दिनुभयो भवानी माई ।
× × × × × × × ×

यस गीतको बाँकी अंश परिशिष्ट १ को 'ग' मा उल्लेख गरिएको छ ।

### ४.३.३.४ भैलीगीत

नेपालीहरूको दोस्रो ठूलो चाड तिहार हो । तिहार पर्वको अवसर पारि भैली र देउसी खेल्ने गरिन्छ । भैली गाईतिहारको औँसी वा लक्ष्मी पूजाको दिन महिलाहरूद्वारा गाइने पर्वगीत हो । भैली गाउने महिलाहरूलाई भैलेनी भनिन्छ । यस गीतलाई भैलो भनेर चिनाएको पनि पाइन्छ (थापा र अन्य, २०४१ : १६६) । यो गीत महिलाहरूले मात्र खेल्ने भए पनि आजकल पुरुषहरूले पनि खेल्ने गर्दछन् । भैलीमा एकजनाले फलाक्ने र अरू महिलाहरूले स्वर छोपी भैली भैली भन्ने गर्दछन् । यो गीत पनि एकल नभई सामूहिक रूपमा खेलिन्छ । भैली खेल्दा दुई जनादेखि धेरै महिलाहरू पनि हुन्छन् । भैली औँसीको दिन लक्ष्मी पूजा गरेपछि साँझपखबाट सुरु गरिन्छ ।

भैली खेलिने परम्परा बलिराजाले चलाएको चलनअनुसार चलेको हो । (थापा र अन्य, २०४१ : १६७, बन्धु, २०५८ : १६८) । भैली वर्षदिनमा एकपटक मात्र खेलिने भएकाले प्रत्येक घरघरमा भैली खेल्न महिलाहरू पुग्ने गर्दछन् । उनीहरू घरबेटीलाई खुसी पार्न विभिन्न किसिमका गीतहरू गाउँछन् । जब केही बेर गीत गाएपछि घरबेटी आमाले चामल, पैसा, फलफूल, रोटी र दियो बालेर नाङ्लामा राखेर दिन्छिन् । त्यसपछि भैलिनीहरूले दियोको पूजा गरी विभिन्न किसिमका आशीर्वादका गीत गाउने गर्छन् । आशीर्वाद दिदा ढुङ्गा छुँदा द्रव्य होस्, माटो छुँदा अन्न होस् र घरमा लक्ष्मीले वासै गरुन् जस्ता कुराहरू भनेर फलाक्ने गर्दछन् । अन्त्यमा बिदाबादी हुँदै पुनः अर्को घरमा भैली खेल्न जाने गर्छन् ।

भैली खेल्ने चलन गाउँदेखि सहर जताततै छ । पहिले पहिले भैलो खेलेर पाएको दक्षिणा बाँड्ने, भ्रमण जाने, भोज खाने गरे पनि अहिले आएर समाज सुधारका कार्यमा खर्च गरेको देख्न सकिन्छ । आजभोलिका भैलीगीत समयको परिवर्तनसँगै परिवर्तित भएका छन् । आजकलको भैलीगीतमा विकृति र विसङ्गति पनि प्रशस्त मात्रामा देख्न सकिन्छ । अन्य क्षेत्रमा जस्तै थप्रेक क्षेत्रमा खेलिएको एउटा भैलीगीतको उदाहरण तल प्रस्तुत गरिएको छ :-

भैलिनी आइन आँगन
गुन्यू चोलो मागन ।
हे औँसीबार गाईतिहार
  भैलो ।
भैलो भन सङ्गी हो
  भैलो ।
×  ×  ×  ×

यस गीतको बाँकी अंश परिशिष्ट १ को 'ग' मा उल्लेख गरिएको छ ।

### ४.३.३.५ देउसीगीत

तत्सम शब्द देवश्रीबाट अपभ्रंश भई, देउसी, धौसी शब्द बनेको हो । भैली जस्तै देउसी पनि प्रमुख पर्वगीत हो । यो तिहारको अन्तिम दिन भाइटीका लगाएपछि प्रत्येक घर घरमा गई सामूहिक रूपमा देउसी खेल्ने गरिन्छ । 'देव' को अर्थ देवता र 'श्री' को अर्थ सम्पत्ति भएकाले 'देउसी' को अर्थ देवताले श्रीसम्पत्ति दिउन् भन्ने बुझिन्छ । भाइटीकाका दिन आसिक दिएपछि त्यस घरमा लक्ष्मीले वास गर्छिन्, सुखसमृद्धि प्राप्त हुन्छ, मनले चिताएको पुग्छ र गाउँघरमा सह रहन्छ भन्ने जनविश्वास समाजमा विद्यवान छ (भट्टराई, २०५२ : ६६, थापा अन्य, २०४१ : १७३, बन्धु, २०५८ : १६९) । यस गीतलाई देउसी, धौसी, देउसीरे, धौसीरे, देउसुरे र देउसरी जस्ता नामले उच्चारण गरेको पाइन्छ । यस गीत विशेष गरी पुरुषहरूले गाउने भए पनि महिलाहरूले पनि गाउने गर्दछन् ।

देउसी पनि समूह बनाई घर घरमा खेलिने सामूहिक गीत हो । भैलीमा जस्तै देउसीमा पनि एकजनाले भट्याउने अरूहरूले अन्त्यमा देउसीरे भन्ने गर्छन् । यस गीतमा 'आहै', 'ए' जस्ता थेगाको प्रयोग गर्दै 'भनभन भाइ हो' बाट सुरु गरिन्छ । यस गीत केही समयसम्म भट्याएपछि अन्त्यमा झ्याउरे गीत गाउने चलन चलेको छ । यस गीत गाउँदा मादलको प्रयोग गरिन्छ । यस गीत खासै लामो समयसम्म खेलिदैन तर पनि दक्षिणा धेरै

झार्ने उद्देश्यले लामो समयसम्म पनि खेलिन्छ । देउसी खेल्न आउनेहरूलाई देउसे भनिन्छ । देउसी खेल्दा बलिराजाले पठाएको, बाटाको वर्णन, केटाकेटीको वर्णन र एक घरमा मात्र नभई सयौँ घरमा जानुपर्ने जस्ता प्रसङ्ग जोडेर गाउने गर्छन् । देउसेहरूले देउसी खेलेपछि त्यस घरकी आमाले पनि धान, चामल, रोटी, पैसा दिने गर्छिन् । दियोलाई देउसेहरूले पूजा गरेर घरबेटीलाई आसिक दिने गर्छन् । आसिक दिदा उनीहरूले छोराछोरी डाक्टर, पाइलट हउन्, हलगोरु, लैनी भैँसी हउन् लक्ष्मीले वासै गरुन् जस्ता कुराहरू भन्ने गर्छन् ।

यस गीत पनि समयको परिवर्तनसँगै परिवर्तित भएको छ । आजभोलिका देउसीगीतमा जसले दिन्छ मुरी उसको सुनको धुरी, जसले दिन्छ मानो उसको सुनको छानो जस्ता आसिक नदिई समाज सुधार र विकास निर्माणका कुराहरूलाई अगाडि सारेर सामूहिक रूपमा ठाउँ ठाउँमा देउसी खेल्ने प्रचलन बढ्दो क्रम भेटिन्छ । देउसी खेलेर आएको रकम सामाजिक कार्यहरूमा खर्च गरेको पनि पाइन्छ । थप्रेक क्षेत्रमा पनि परम्परादेखि देउसी खेलिदै आएको छ । यस क्षेत्रमा खेलिएको देउसीगीतको नमुना तल उल्लेख गरिएको छ :-

आहै, भनभन भाइ हो -देउसीरे
आहै, राम्ररी भन -देउसीरे
आहै, स्वर मिलाइकन -देउसीरे
आहै, यो घर कत्रो -देउसीरे
आहै, दरबार जत्रो -देउसीरे
× × × ×

यस गीतको बाँकी अंश परिशिष्ट १ 'ग' मा उल्लेख गरिएको छ ।

### ४.३.४ बाह्रमासे गीत

बाह्रमासे लोकगीत नेपाल अधिराज्यभरि प्रचलित छ । बाह्रै महिना जुनसुकै समयमा पनि गाउन सकिने गीतलाई बाह्रमासे गीत भनिन्छ । बाह्रमासे गीत गाउन कुनै अवसर, चाडपर्व, महिना र समय आदि केहीको पनि आवश्यकता पर्दैन र जुनसुकै समयमा गाउन सकिन्छ । यस्ता बाह्रमासे गीत गाउन उमेर अवस्थाले छेक्दैन । बालकदेखि वृद्धसम्म जुनसुकै उमेरका मानिसहरूले बाह्रमासे गीतहरू गाएको देख्न सकिन्छ ।

बाह्रमासे गीतका पनि विभिन्न भाका र लय छन् । यी गीतहरूमा कुनैमा नृत्य र वाद्ययन्त्रको प्रयोग गरिन्छ भने कुनैमा प्रयोग गरिदैन । बाह्रमासे गीतअन्तर्गत कुनै जातिविशेषका गीत पनि समावेश । थप्रेक क्षेत्रमा प्रचलित बाह्रमासे गीतहरूमा बालगीत,

घाँसेगीत, सिलोक, भजन, खेली, सालैजो, झ्याउरे, कौरा, घाटु, सोरठी, एकोहोरी र दोहोरी गीत पर्छन् । अन्य क्षेत्रमा जस्तै यस क्षेत्रमा बाह्रमासे गीतको व्यापकता रहेको छ ।

### ४.३.४.१ बालगीत

बालबालिकाका निम्ति गाइने लोकगीत नै बालगीत हो । यस गीतलाई बालगीत, शिशुगीत आदि नामले पनि चिनिन्छ (न्यौपाने, २०६७ : ३) । यो गीत बालबालिकाले गाउने र पाकाले गाउने गरी दुई किसिमका हुन्छन् । यो गीत जुनसुकै ठाउँमा पनि गाउन सकिन्छ तर यसमा बालबालिकाको सहभागिता भएकै हुनुपर्छ । यस गीतको गायनमा वाद्ययन्त्रको प्रयोग अनिवार्य छैन । कुनै बालगीतमा बालबालिकाले थपरी बजाउने गर्दछन् । यस्ता बालगीत एक्लै वा समूहमा मिलेर गाउन सकिन्छ । यस्ता बालगीतका जातिगत र स्थानीयतागत भेद पाइन्छन् भने कुनै बालगीत भने जहाँसुकै समान खालले गाउन सकिने हुन्छन् । यो गीत पनि क्रिया प्रधान, खेल प्रधान र स्वर प्रधान गरी विभिन्न प्रकारका हुने हुन्छन् ।

बालगीतहरू प्रायः लघु आकारका हुन्छन् । बालगीतमा भाषामा जटिलता नभई बालभाषाको प्रयोग हुन्छ । ती सरल, सहज हुनुका साथै लयात्मक र गेय हुन्छन् । तिनमा हा नानी, चिउँ गर जस्ता बालबोलीको प्रयोग हुन्छ । यस्तै अनुकरणात्मक शब्दको पनि प्रयोग भएको हुन्छ । विशेष गरी यस्ता  गीतहरू बालबालिका रोएको बेला, भोकाएको बेला, अर्ति उपदेश दिन तथा थाकेको बेला  गाउने गरिन्छ । उनीहरूलाई खुसी तुल्याउन तथा भुलाउनका लागि पनि गाइन्छ । थप्रेक क्षेत्रमा पनि बालगीतका विविध भेद छन् । ती मध्येका केही बालगीतका उदाहारण तल प्रस्तुत गरिएको छ :-

ताराबाजी लैलै
मामा आए घोडा
माइजू आइन डोली
पापा लाइन सोली
×  ×  ×
आयो जुरेली नाच्यो जुरेली
जुरेलीले झिम्काएको हेरु परेली ।
उसको राम्रो गुँड छ वनकै झाङमा

लुगा उसकै आफ्नै आङमा ।

× × ×

टालाटुली बटुली

कति राम्री पुतली

सानी पनि छैन रे

ठूली पनि हैन रे..... ।

× × ×

दसैं आयो ! दसैं आयो

खाम्ला पिम्ला,

नाना लाम्ला,

चिची खाम्ला, .....

× × ×

यस्ता बालगीतका बाँकी अंश परिशिष्ट १ को 'घ' मा उल्लेख गरिएका छ ।

### ४.३.४.२ घासेगीत

घाँसेगीतलाई घाँसेगीत, घँसियागीत र वनगीत पनि भन्ने गरेको पाइन्छ । विशेष गरेर घाँस दाउरा गर्दा, वस्तुभाउ चराउँदा र वन जाँदाआउँदा गाइने भएकाले यसलाई घाँसेगीत भनिएको हो । महिला, पुरुष दुवैले गाउने गर्छन् तर वनपातको काम पुरुष भन्दा महिलाहरूले बढी गर्ने हुँदा घाँसेगीत धेरै मात्रामा महिलाहरूले गाएको पाइन्छ । यो गीत वनमा गाइने हुँदा उनीहरूले स्वतःस्फूर्त रूपमा आफ्ना मनका वेदना, परदेशी स्वामीको सम्झना र सासूससुराले दिएको यातनालाई गीतको मुख्य विषयवस्तु बनाएका हुन्छन् । उनीहरू वनमा एक्लो महसुस नहोस् भनेर आफ्नो सुरिलो स्वरले पुरै वनजङ्गल नै घन्काएका हुन्छन् । उनीहरू एकातिर हातले काम गर्छन् भने अर्कातिर मुखले आवाज दिँदै गीत गाउँछन् ।

यस गीतमा नृत्य तथा वाद्ययन्त्रको प्रयोग गरिदैन । यस्ता गीतहरू लामाछोटा विभिन्न प्रकारका हुन्छन् । यो गीत छिटोछरितो तथा रसिलो र अत्यन्त चोटिलो पनि हुन्छ । अन्त्यमा लामो लेग्रो तानेर यो गीत गाउने गरिन्छ ।

थप्रेक क्षेत्र पनि ग्रामीण भेकमा पर्दछ । यस क्षेत्रका महिलाहरू वनपातको काम गर्दा घाँसेगीत गाउने गर्छन् । यस क्षेत्रमा गाएको घाँसेगीतका उदाहरण तल प्रस्तुत गरिएको छ :-

होनी साँच्चै दुई किलो चिनीलाई

हाहै, धर्मै मिल्ला मन बुझाइदिनेलाई

होनी साँच्चै छ पीर मनैमा

हाहै, रुँदै हिड्छु म अहिले वनमा ।

× × × × ×

घर त मेरो सरुमैरानी यहाँ होइन लोला

फेरि भेट सरुमैरानी होला कि नहोला ?

घाँसै काटेम् सरुमैरानी सुइरे र दाबिले

हिजो मलाई सरुमैरानी के लेख्यो भावीले ?

× × × ×

घाँसेगीतका बाँकी अंश परिशिष्ट १ को 'घ' मा समावेश गरिएको छ ।

**४.३.४.३ सिलोक**

तत्सम शब्द श्लोकबाट व्युत्पन्न भई तद्भव शब्द सिलोक निर्मित भएको हो । प्रायः सिलोक छन्दमा लेखिएको हुन्छ । सिलोकअन्तर्गत शार्दूलविक्रीडित, शिखरीणि, वसन्ततिलका स्रग्धरा आदि पर्दछन् । सिलोक पनि एकोहोरी, दोहोरी र अन्ताक्षरीमूलक गरी विभिन्न प्रकारका हुन्छन् (न्यौपाने, २०६७ : ९) । सिलोक भन्ने व्यक्तिलाई सिलोके भनिन्छ । सिलोक विवाहका बेला पनि भनिने भएकाले कसैले यसलाई संस्कारगीतका रूपमा पनि राखेको पाइन्छ । यद्यपि सिलोक जुनसुकै बेला पनि भन्न सकिने भएकाले यसलाई बाह्रमासे लोककविता वर्गमा राख्न सकिन्छ । सिलोक भन्ने परम्परा भानुभक्त आचार्य भन्दा पहिलेदेखि भएको हो भने पनि सिलोकबाट भनाभन गर्ने परम्परा भानुभक्त आचार्यले रामायण प्रकाशित भएपछि भएको हो भनेर अनुमान गरेको पाइन्छ (न्यौपाने, २०६७ : ९) ।

बिहेको अवसरमा सिलोक हाल्ने प्रतिस्पर्धा नै हुन्छ । बिहेमा खास गरी जन्ती र माइती पक्षका बीच दोहोरी चल्छ तर आजभोलि बिहेमा सिलोक भन्ने प्रचलन बिस्तारै हराउँदै गएको छ । सिलोक बिहेमा बाहेक पूजाआजा, व्रत, काम गर्दा, गोठालो जाँदा,

जाग्राम बस्दा, मकै पिन्दा तथा उपदेश दिन र घरमा बसिबियाँलो गर्दा भन्ने चलन छ । सिलोक भनेर जुनसुकै बेला पनि मनोरञ्जन र ज्ञान आर्जन गर्न सकिन्छ ।

सिलोक जुनसुकै उमेरका मानिसहरूले भन्ने गरे तापनि प्रायः बुढापाकाहरूले बढी भनेको पाइन्छ । सिलोक पुरुषका साथै महिलाले पनि गाउने गर्दछन् । सिलोक प्रायः बाहुन, क्षेत्री समाजमा प्रचलित छ । सिलोक कुनै लघु, मध्यम र केही लामा आकारका पनि हुन्छन् । सिलोक नृत्य र वाद्य बिना नै गरिन्छ ।

अन्य क्षेत्रमा जस्तै थप्रेक क्षेत्रमा पनि सिलोक भन्ने परम्परा पहिलेदेखि चलिआएको छ । यस क्षेत्रमा महिला र पुरुष दुवैले सिलोक गाउँछन् । यस क्षेत्रमा मकै पिन्दा, पूजाआजा, पर्व र व्रत तथा अन्य विषयमा आधारित भएर पनि सिलोक भन्ने गरेको पाइन्छ । यस क्षेत्रमा भनिएका सिलोकका नमुना तल उल्लेख गरिएको छ :-

काँडो मात्र बिझ्यो भने कुनै दिन आफ्ना शरीरमा
कत्रो दुःख हुनेछ त्यसै बखतमा सम्झी लिनु मनमा ।
यत्रो लौ खुकुरी उठाई बलले घित्रो छिंदालीकन
खानैपर्छ भने नखाइ रहुला भन्छन् ठूलासज्जन ।
× × × × × × ×
उज्यालो पानसको झलमल भई यही पलाङ्मा
यस्तैमा बिउझे छुरी झैँ गड्यो हृदयमा ।
अभागिनी धिक्कार पति पनि भजेन करिमले
बाँच्नै गाऱ्हो भयो काँडा बिझ्यो मरिमले ।
× × × × × ×
हरियो परियो बटौली झरियो
हिजैका कमाइले यस्तालाई परियो ।
न मैले लाउनु न मैले खानु
कुन कुराले मनलोक बुझाउनु ।
× × × ×
विद्या नै हो बहुत रसिलो जिन्दगीको कमाइ
राम्रो मिठो सुखसयलको मूल नै यो छ भाइ ।
हामी हुन्छौ रबि विद्यूतसरी झल्लमलाएर बाँच्ने

धोई आजै तिम्रो मनको जीवनीलाई साँच्ने ।

× × × × × ×

नयाँ गाउँको तोरी बहुतै फुलेको

त्यो तोरी टिपी करेली भुटेको ।

चिचिन्नाको मुन्टो करेलीको मूली

सिलक हाल्ने केटालाई चिलाउनेको सुली ।

× × × × ×

यस्ता सिलोकहरूको बाँकी अंश परिशिष्ट १ 'घ' मा उल्लेख गरिएको छ ।

**४.३.४.४ भजन**

धार्मिक पूजाका अवसरमा गाइने भक्तिपरक गीतलाई भजन भनिन्छ । भजनमा देवीदेवताको गुण, शक्ति र सामर्थ्यको बयान गरिन्छ । भजन देवीदेवताका मन्दिरमा भजन मण्डलीद्वारा गाइन्छ । सत्यनारायणको पूजामा, स्वस्थानी व्रत, शिवरात्री र एकादशी आदि जस्ता पर्वका अवसरमा साँझपख पनि गाउने गरिन्छ । भजन प्रायः बाहुन, क्षेत्री समाजका बुढापाका, बिधवा, योगी, सन्यासी आदिले बढी मात्रामा गाउने गर्दछन् । भजन अन्य जातजातिका मानिसले पनि गाउँछन् । भजन देवीदेवताको पूजा आराधनापछि मनका अशान्ति र मनलाई शान्ति दिने क्रममा देवीदेवताको महिमाको वर्णनयुक्त भक्तिपरक गीत हो ।

भजन समूहमा वा एक्लै बसेर पनि गाउन सकिन्छ । समूहमा भजन गाउने टोलीलाई भजनिया टोली भनिन्छ । भजनमा ईश्वरको महिमाको वर्णन गरिन्छ र खैंजडी, मुजुरा, मादल र झ्याली, जस्ता वाद्ययन्त्रको प्रयोग गरिन्छ । भजन गाउँदा एक जनाले झिक्ने र अरूहरूले छोपेर बिस्तारै दोहोऱ्याई तेहऱ्याई वाद्यका तालमा बीच बीचमा छिटो ढिलो ताल फेरेर अन्त्यमा 'हरि' भन्ने गरिन्छ ।

थप्रेक क्षेत्रमा पनि भजनको परम्परा पहिलेदेखि चलिआएकै छ । यस क्षेत्रका भजन विशेष गरेर विभिन्न चाडपर्वको अवसरमा, देवीदेवताको मन्दिरमा, सत्यनारायणको पूजा गर्दा गाउने गरिन्छ । भजन ठाउँअनुसार फरक फरक तरिकाले गाउने गरिन्छ । यस क्षेत्रमा भजन गाउँदा आरति भजनबाट सुरु गरिन्छ । आरति भजन केही समय गाएपछि बिस्तारै अन्य भजन गाउने गर्दछन् । यस क्षेत्रमा विशेषगरी आरति भजन, चुड्का भजन, राम भजन, कृष्ण भजन आदि भजनहरू गाइन्छन् ।

### ४.३.४.४.१ आरति भजन

सुरुवाती भजनका रूपमा आरति भजनलाई लिइन्छ । यो भजन अन्य भजन सुरु गर्नुपूर्व गाइन्छ । धूप, दीप, नैबेद्य चढाएपछि गरिने भगवान्‌को स्तुतिलाई आरति भनिन्छ । बिहान तथा साँझको समयमा विभिन्न देवीदेवताको नाम जप्दै आरति गाइन्छ । हिन्दू परम्परामा विशेष गरेर शिव, गणेश, राम र कृष्ण जस्ता विभिन्न देवतासँग सम्बन्धित भएर आरति गाउने प्रचलन छ । आरति गाउँदा पनि खैंजडी, मुजुरा, शङ्ख, घण्टी जस्ता बाजाको प्रयोग गरिन्छ ।

थप्रेक क्षेत्रमा भजनको सुरुवात गर्नुपूर्व आरति भजन गाउने गरिन्छ । यस क्षेत्रमा पनि विभिन्न मन्दिरहरूमा र शुभकार्यस्थल आदिमा आरति गाउने चलन छ । धर्मप्राप्ति र धार्मिक कार्य शुभ होस् भनी आरति गाउने गरिन्छ । यस क्षेत्रमा आरति भजन गाउँदा प्रायः बुढापाकाहरूले नै बढी झिक्छन् र अन्य युवाहरूले छोप्ने गर्दछन् । यस भजनको अन्त्यमा 'हरि' भन्ने गरिन्छ । यहाँ गाएको आरति भजनको नमुना तल उल्लेख गरिएको छ :-

हरि, सन्जे जगाऊ नि राम राम सन्जे जगाऊ
आरतिको बेला भयो, भक्तो राम सन्जे जगाऊ ।
हाहै, साँझको बेला भयो लक्ष्मी दिपाका जगाऊ
हरि, सन्जे जगाऊ नि राम राम..............................

यस भजनको बाँकी अंश परिशिष्ट १ को 'घ' मा उल्लेख गरिएको छ ।

### ४.३.४.४.२ चुड्का भजन

चुड्का भन्ने बित्तिकै एकदमै छोटो र छिटो छिटो भन्ने अर्थमा लिइन्छ । चुड्का भजन सत्यनारायणको पूजा, सप्ताह, व्रत, उत्सव, एकादशी, शिवरात्री आदि पर्वहरूको अवसरमा गाउने गरिन्छ । चुड्का भजन वास्तवमा ईश्वरको भक्तिभावका भजनहरू गाउने सन्दर्भका बेलामा दोहोऱ्याई तेहऱ्याई खैंजडी र मुजुराको तालमा विश्राम लिदा गाउने गीत हो ।

अन्य क्षेत्रमा जस्तै थप्रेक क्षेत्रमा पनि यसको आफ्नै महत्व छ । यस क्षेत्रमा चुड्का भजनको बीच बीचमा एउटा निश्चित चरण पूरा हुन्छ त्यसपछि भगवान्‌का भक्तिपरक धार्मिक कथासँग गाँसेर अथवा मायाप्रिती तथा सुखदःखका भाव मिश्रित दोहोरी वा एकोहोरी तरिकाले चुड्का भजन गाइन्छ । यसरी भजनलाई अगाडि बढाउन बीच बीचमा रसात्मक, प्रेममूलक ठट्यौला, हाँस्यात्मक र व्यङ्ग्यात्मक चुड्काको सहारा लिने गरिन्छ । यस

भजनमा पनि भजनियाहरू मध्ये एक जनाले झिक्ने र अरूहरूले स्वरमा साथ दिई त्यही टुक्का ६/७ फेर गाउने गर्दछन् । चुड्का भजन गाउँदा खैजडी, मुजुरा र झ्याली जस्ता वाद्ययन्त्रको प्रयोग गरिन्छ । यो भजन सबै जातिहरूले गाउने भए तापनि मुख्य रूपले ब्राह्मण, क्षेत्री जातिमा विशेष प्रचलित छ । छिटो छिटो तालमा गाइने यस भजनमा नृत्य पनि हुन्छ । भजन गाउँदा गाउँदै जब रात ढल्किन्छ अनि यस्ता चुड्का भजन बढी गाउने गर्दछन् ।

धोका तिरिथैको
छैन माया घरको ।
रामको फूलवारी
फूलबुटे हरिणी ।
× × × ×
भजनका चुड्का
रोटी दिन्छन् दुई ठुन्का ।
हामी जान्छौं घर
रोटी दिने सुर गर ।

यस्ता चुड्का भजनका बाँकी अंश परिशिष्ट १ को 'घ' मा उल्लेख गरिएको छ ।

**४.३.४.४.३ राम भजन**

श्रीरामले त्याग, तपस्या, मर्यादा र एकरूपलाई जीवनको मुख्य लक्ष्य बनाई आदर्श राज्य स्थापनार्थ दुष्ट रावणलाई पराजित गरेर समाजमा भयबाट मुक्तिको मार्ग देखाएका छन् । पितृमातृ मर्यादा तथा मातृप्रेम एवम् जनताको आशय बुझी राजाले राज्य गर्नुपर्छ भन्ने आदर्शको मार्ग देखाएका छन् । त्यसैले हिन्दू धर्मावलम्बीहरूले विशेष श्रद्धाका साथ रामलाई भगवान्का रूपमा मान्दै आएका छन् । वर्षेनी रामनवमीका दिन रामको विशेष पूजा, आराधना र उनकै नाम जपी उपवास पनि बस्ने गर्दछन् । त्यो दिन रामको जीवनकहानीमा आधारित भएर भजन गाउने गर्दछन् । पुरुषोत्तम रामको जीवन कहानी रामायणमा उल्लेख गरिएको छ । राम चौध वर्ष वनबास जानु, राम वनबास गएपछि दशरथ राजाको निधन हुनु र वनबास जाँदा रावणले सीतालाई हरण गर्नु जस्ता घटनाको वर्णन रामायणमा गरिएको छ । त्यस्तै सीताको खोजी गरी हनुमानले रामलाई बुझाए पनि

लोकापवादले सीतालाई त्याग गर्नु जस्ता घटनाहरूलाई आधार बनाएर राम भजन गाएको पाइन्छ ।

थप्रेक क्षेत्रमा राम भजन रामनवमीका दिन बाहेक अन्य पर्व र व्रत बस्दा पनि जुनसुकै समयमा गाउने गर्दछन् । यस भजनमा एकजनाले टुक्का झिक्ने र अरूहरूले छोप्ने गाउँछन् । कुनै राम भजन टुक्का बदल्दै त्यही लयमा गाइन्छ भने कुनैमा टुक्का ननिकाली स्थायीलाई परिवर्तन गर्दै चुड्के लयमा पनि गाउछन् । यस भजनको अन्त्यमा 'हरिबोल' भनी अन्त्य गरिन्छ । यो भजनमा पनि खैँजडी, मुजुरा, झ्याली जस्ता वाद्ययन्त्रको प्रयोग गरिन्छ । यो भजन युवापिँढीले भन्दा वृद्धा मानिसहरूले बढी गाउने गर्दछन् । थप्रेक क्षेत्रमा गाएको राम भजनको नमुना तल उल्लेख गरिएको छ :-

रामलाई वनीबास
भरतलाई रजाइँ ।
अयोध्याका दरवारमा पूर्व पश्चिम झ्याल
रामचन्द्रलाई वनीबास लाउने कैकेयीकै खेल
भरतलाई रजाइँ
रामलाई वनीबास
भरतलाई रजाइँ ।

राम भजनको बाँकी अंश परिशिष्ट १ को 'घ' उल्लेख गरिएको छ ।

### ४.३.४.४.४ कृष्ण भजन

कृष्णलाई हिन्दू धर्मालम्बीहरूले श्रद्धाका साथ भगवान्‌को रूपमा पहिलेदेखि नै मान्दै आएका छन् । कृष्णका बारेमा भागवत गीतामा उल्लेख गरिएको छ । प्रत्येक वर्ष कृष्ण जन्माष्टमीका दिन ठाउँ ठाउँका कृष्ण मन्दिरहरूमा भक्तजनहरूको ठूलो मेला लाग्छ । कृष्ण भजन जन्माष्टमीका दिन मात्र नभएर कुनै  पर्व, सत्यनारायणको पूजामा, शिवरात्रीका दिन पनि गाउने गरिन्छ । कृष्ण भजन कृष्णचरित्रमा आधारित भएर टुक्का निकाल्दै गाइन्छ । त्यस्तै चरणका रूपमा पनि गाउने गरिन्छ । अन्य भजनहरूमा जस्तै यस भजनमा खैँजडी, मुजुरा, झ्याली जस्ता वाद्ययन्त्रको प्रयोग गरिन्छ । यो भजनमा पनि भजनिया टोलीका एकजनाले निकाल्ने र अरूहरूले छोप्ने गर्दछन् । यो भजन पनि दोहोऱ्याई तेहऱ्याई गाइन्छ ।

थप्रेक क्षेत्रमा पनि कृष्ण भगवान्‌सँग सम्बन्धित भएर भजन गाएको पाइन्छ । यो भजन सुरुमा नभई बीचतिर गाइन्छ । यो भजन गाउँदा सुरुमा ढिलो तालमा दोहोऱ्याइन्छ र

दोस्रो तालमा छिटो छिटो गरी गाइन्छ । ताल फर्काएर अल्लि ढिलो तरिकाले गाउँदै बीचमा 'हरिबोल' भनी टुङ्ग्याइन्छ । यस क्षेत्रमा गाएको कृष्ण भजनको उदाहरण तल प्रस्तुत गरिएको छ :-

कंसै दरिवारमा
मण्डल मारे कृष्णले ।
कृष्ण बलरामलाई निम्तो पठायो
वीर भनी अकुलाई हे कृष्ण बलराम ल्याउन खटायो ।
मण्डल मारे कृष्णले
कंसै दरिवारमा
मण्डल मारे कृष्णले ।
जगतै उज्यालो
कृष्ण जन्म हुनाले ।
कृष्ण जन्म भयो
मथुराको जेलैमा ।

यस भजनको बाँकी अंश परिशिष्ट १ को 'घ' मा उल्लेख गरिएको छ ।

**४.३.४.५ सालैजो गीत**

सालैजो एक किसिमको भाका हो । सालैजो मध्यपश्चिमाञ्चल तथा पश्चिमाञ्चल भेगतिर बाह्रैमास गाइने गीत हो । यो सालैजो शब्द 'साली' र 'ज्यू' शब्दको मेलबाट शब्द निर्मित भएको हो (न्यौपाने, २०६७ : ३) । यो गुरुङ र मगर समाजमा बढी गाइन्छ । यस गीतमा महिलापुरुष दुवैको सहभागिता हुन्छ तर महिला सहयोगीका रूपमा रहन्छन् । यो गीत कुनै चाडपर्व, मेलाजात्रा, उत्सवका साथै घर, गोठ, वनपाखा जहाँसुकै मनोरञ्जन गर्ने उद्देश्यले गाउने गरिन्छ । यो गीत गाउन समयले छेक्दैन र जहिलेसुकै पनि गाउन सकिन्छ ।

यो गीत छोटो तथा लामो दुवै भाकामा गाउन सकिन्छ । यो गीत एकल, दोहोरी र सामुहिक रूपमा गाउन सकिन्छ । सामूहिक रूपमा गीत गाउँदा मादलको प्रयोग गरिन्छ । यो गीत गुरुङ र मगर समुदायका बुढापाका भन्दा पनि युवाहरूले बढी गाउने गर्छन् । गीतमा मायाप्रितीलाई मुख्य विषय बनाएको पाइन्छ । यो गीत गाउँदा लामो स्वर तानेर गाइने हुँदा पट्यार नलागोस् भनेर बीच बीचमा टुक्का भन्दै छिटो छिटो गाउनुका साथै

नृत्य पनि गरिन्छ । सालैजो गीत एकोहोरी, दोहोरी, सामूहिक, टुक्कायुक्त र टुक्का रहित गरी विभिन्न प्रकारका हुन्छन् ।

थप्रेक क्षेत्रमा पनि गुरुङ बस्तीको बाहुल्यता बढी छ । यस क्षेत्रमा सालैजो गीत पहिलेदेखि गाइन्थ्यो । यस क्षेत्रमा गाएको टुक्कायुक्त सालैजो गीतको उदाहरण तल प्रस्तुत गरिएको छ :-

बाघलाई हान्दा बघिनी मऱ्यो सालैजो ठूलो पाखा भिरैमा
हा है, ठूलो पाखा भिरैमा ।
माहुरी घुम्छ रसको निहुँले सालैजो दशा घुम्छ शिरैमा
हा है, दशा घुम्छ शिरैमा ।
लाउनी भए लाऊ माया लाउनीले
नलाऊ माया छोडेर जानीले ।

× × × ×

यो सालैजो गीतको बाँकी अंश परिशिष्ट १ को 'घ' मा उल्लेख गरिएको छ ।

### ४.३.४.६ **झ्याउरे गीत**

नेपाल अधिराज्य भरी जहाँसुकै गाइने एक प्रकारको गीत झ्याउरे हो । यो गीत जुनसुकै समयमा पनि गाउन सकिन्छ । यो गीत बाह्रमासे गीतअन्तर्गत पर्छ । 'झ्याउरे' शब्दको अर्थका सम्बन्धमा विद्वान्हरूले आआफ्नै धारणा राखेको पाइन्छ । धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार पहिले पहिले लोकगीतलाई हेयका रूपमा हेरिने पुरानो जमाना थियो र लोकगीतको गायन पनि दीनहीन अवस्थाका झ्याउरे थिए होलान् ( थापा र अन्य, २०४१ : ९६) । त्यस्तै मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलका अनुसार 'झ्याउरेको' अर्थ निन्याउरो, लुतेलाम्रे वा झुत्रेझाम्रे भन्ने हुन्छ (शर्मा र अन्य, २०६३ : ८६) ।

माथि जे भने पनि झ्याउरे चलनचल्तीको लोकप्रिय भाका हो । झ्याउरेले लोकलयको मान्यता पनि पाएको छ । लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' लोकलयका कारण नै चर्चित बन्न पुगेको हो । झ्याउरे गीत गाउन कुनै बार बन्धन हुँदैन । यो गीत बालकदेखि वृद्धसम्म सबैले आफ्नै तरिकाले गाउन सक्छन् । यस गीतलाई चाडपर्व, जात्रा, उत्सवका साथै वनपाखा, घाँसपात गर्दा, मेलापात गर्दा, तन्नेरी युवाहरूले समेत आफ्ना मनका भावनाहरू साटासाट गरेर गाउँछन् । ठाउँअनुसार झ्याउरे गीतको लय र भाका फरक-फरक हुन पनि सक्छ । यो गीत एकल, दोहोरी र सामूहिक जसरी पनि गाउन

सकिन्छ । यो झ्याउरे गीतलाई छोटो, लामो, ठाडो र तेस्रो गरी विभिन्न भाकामा गाउन सकिन्छ । झ्याउरे गीतमा मादल, बाँसुरी जस्ता वाद्ययन्त्रको प्रयोग गरिन्छ भने वाद्य बिना पनि गाउन सकिन्छ । झ्याउरे गीत कुनैमा नृत्यको प्रयोग गरिन्छ भने कुनैमा नृत्यको प्रयोग हुँदैन । समयको परिवर्तनसँगै झ्याउरे गीतले नयाँ नयाँ भाका वा लय ग्रहण गरेको छ ।

अन्य क्षेत्रमा जस्तै थप्रेकमा पनि झ्याउरे गीत लोकप्रिय रूपमा रहेको छ । यस क्षेत्रमा मेलापात गर्दा, गाउँमा लाहुरे आउँदाका साथै सत्यनारायण पूजामा केहीबेर भजन गाएपछि झ्याउरे गीत एकोहोरी र दोहोरी दुवै प्रकारले गाउने गरिन्छ । यस क्षेत्रमा झ्याउरे गीत दोहोऱ्याई तेहऱ्याई टुक्का निकालेर टुक्कायुक्त र टुक्कारहित दुवै रूपमा गाइन्छ । यस गीतमा प्रारम्भको दुई अक्षर भन्दा पछिल्लो पङ्क्तिलाई मुख्य मानिन्छ । यस क्षेत्रमा गाएको टुक्कायुक्त र टुक्कारहित झ्याउरे गीतका नमुना तल उल्लेख गरिएको छ :-

**टुक्कायुक्त झ्याउरे गीत :-**

यो मनमा पीर पऱ्यो छिनछिनमा
पृथ्वीमा जन्मेछु कुन दिनमा ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

× × × × ×

**टुक्कारहित झ्याउरे गीत :-**

हे ऐ, हितको माया लाहुरै जानी
कसो गरी जिन्दगी गुजार्नी ?
हे ऐ, साहुको रिन महँगो बेसरी
भन माया तिर्छौ खै के गरी ?

× × × ×

झ्याउरे गीतका बाँकी अंश परिशिष्ट १ को 'घ' मा उल्लेख गरिएको छ ।

### ४.३.४.७ खेलीगीत

खेल शब्दमा 'ई' प्रत्यय लागेर खेली शब्द बनेको हो । हाँसखेलका रूपमा तथा सरल तरिकाले व्यक्त हुने युवायुवतीको सरस र प्रेमपूर्ण अभिव्यक्तिलाई खेली भनिन्छ । ख्यालख्यालमै गाइने गीत खेली हो (न्यौपाने, २०६७ : २) । यस गीतलाई खेली, आँधीखोले

भाका, चुड्का नामले पनि पुकारेको पाइन्छ । ख्याल ख्यालमा गाइने र खेलेर गाइने भएकाले यसलाई खेली भन्नु सान्दर्भिक भएको कुरा धेरैले औँल्याएका  छन् । यो गीत रोइलो खालको पनि हुँदैन अनि रुवाइसित सम्बन्धित पनि छैन । त्यसैले यसलाई रोइला नभनी खेली भन्नु नै अर्थपूर्ण देखिएको छ । यो गीत बाह्रै महिना वा जुनसुकै समयमा पनि गाउन सकिन्छ । यो गीत विशेष गरी ब्राह्मण, क्षेत्री लगायत अन्य जातिहरूमा समेत प्रचलित छ । यो गीत घर, वनपाखा, जहाँसुकै गाउन सकिन्छ । यस गीतमा खैँजडी, मुजुराका साथै अन्य वाद्ययन्त्रको प्रयोग गर्न सकिन्छ तर बाजाको आवश्यकता अनिवार्य हुँदैन । यस गीतमा नृत्यको अनिवार्यता पनि हुँदैन । यो गीत विभिन्न लयमा गाउन सकिन्छ ।

खेलीगीत विभिन्न प्रकारको हुन्छ । जसमा खेलीगीत, खेली भजन र खेली चुड्का आदि पर्दछन् । यी गीतहरू ठाउँ र परिवेशअनुसार फरक-फरक संरचनाका हुन्छन् । यो गीत दुई पङ्क्ति, तीन पङ्क्ति, एकोहोरी, दोहोरी जसरी पनि गाउन सकिन्छ । यस गीतको अक्षर संरचना एकनासको हुँदैन । पहिलो दुई पङ्क्ति भन्दा पछिल्लो पङ्क्ति केही लामो हुन्छ । यो गीत गाउँदा पहिला ढिलो गरी गाइन्छ भने पछि दोहोऱ्याई तेहेऱ्याई छिटो छिटो गाउने गरिन्छ । यस गीतको विषयवस्तु मूलतः मायाप्रेम नै हो भने यसमा धर्म र संस्कारका गीतहरू पनि गाउने गरिन्छ । यस गीतमा प्रेम, करुणा, भक्ति जस्ता भावहरू आएका हुन्छन् ।

अन्य क्षेत्रमा जस्तै थप्रेक क्षेत्रमा पनि यस गीतको लोकप्रियता छ । यहाँ गाइने खेलीगीतमा एकोहोरी र दोहोरी गरी दुवै खालका छन् । खेलीगीतको नमुना तल प्रस्तुत गरिएको छ ।

**खेली दोहोरी :-**

केटाः पारी वनपालेमा,<br>
ठूलो रुख हेट भयो,<br>
धेरै दिनमा भेट भयो ।

केटीः तालपानीलाई डुँगा,<br>
भाले सिमल काटेर,<br>
बोल्यौ सान्दाइ ढाँटेर ।

× × ×

**खेली एकोहोरी :-**

रुखो बोल्नी भए,

भयो आज रसको,

कुरा सुन्यौ कसको ।

हितकारी भयौँ,

कुन दिनबाट थाछैन,

अझै मेसो पाछैन ।

× × ×

यस खेलीगीतको बाँकी अंश परिशिष्ट १ को 'घ' मा उल्लेख गरिएको छ ।

### ४.३.४.८ कौरागीत

यो गीत पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत विशेष गरेर गुरुङ र मगर समुदायमा प्रचलित छ । यो गीत मगर जातिका पुरुषहरूले बढी गाउने गर्दछन् । यस गीतलाई फरक-फरक नामले उच्चारण गरेको पाइन्छ । कसैले यस कौरालाई कडुवा वा करुवा भनेका छन् (पन्त, २०२८ : २३२) । कसैले कुरुवा (भट्टराई, २०५२ : १२२ -१२३) । पहिले पहिले पँधेरामा पानी कुर्न जम्मा भएका पुरुष तथा स्त्रीले पानी कुर्दै गरेका बेला गाएको हुनाले यस गीतलाई कुरुवा भनिएको हो भन्ने किम्बदन्ति छ (भट्टराई, २०५२ : १२३) । प्रायः यो गीत माघेसंक्रान्ति वा श्रीपञ्चमीका दिनदेखि आरम्भ गरी असारको पूर्णिमाका दिन पूरा गरिन्छ तर आजभोलि बाह्रै महिना गाउने गरेको पाइएको छ (बन्धु, २०५८ : १२९) ।

यो गीत गाउँदा बाजाको रूपमा खैँजडी, मुजुरा र झुर्माको प्रयोग गरिन्छ । यो गीत मूलतः मनोरञ्जन गर्ने उद्देश्यले गाइन्छ । यस गीतमा पहिले-पहिले केटाले गीत गाउने र केटी नाचेर वातावरणलाई आकर्षक बनाए पनि हाल केटाकेटी दुवैले यो गीत गाएर नाच्ने गर्दछन् । केटीहरूले मात्रै पनि आफ्ना सुखदुःखको भाव व्यक्त गरेर नाच्ने प्रचलन छ ।यो गीत सुरुमा देवीदेवताको नाम पुकारेर गाइन्छ । त्यसपछि मायाप्रेम र सुखदुःखका भावहरू गीतमा उनेको पाइन्छ । यस गीतका पनि विभिन्न भाकाहरू रहेका छन् । यस गीतमा नृत्य पनि गरिन्छ ।

हाहै, पहिले सुरुमा लिप आँगनी

माली गाईको गोबर

गङ्गा जलको पानी

पहिले सुरुमा लिप आँगनी

यस गीतको अंश परिशिष्ट १ 'घ' मा उल्लेख गरिएको छ ।

### ४.३.४.९ घाटुगीत

घाटु बाह्रमासे नृत्यप्रधान गीत हो । यो गीत प्रायः गुरुङ समाजमा बढी गाउने र नाच्ने गरिन्छ । घाटुगीतको सुरुवात श्रीपञ्चमीदेखि सुरु भएर वैशाख पूर्णिमाका दिन अन्त्य गरिन्छ । यस गीत महिलापुरुष दुवैले गाउने गर्दछन् । यस गीतमा एकजना गुरुबाउ रहन्छन् र गुरुबाउले झिकेको गीतमा अरूहरूले छोपेर घुमीघुमी नाच्छन् । यो गीत ढिलो लयमा गाउने गरिन्छ । यो गीत गाउँदा सुरुमा विभिन्न देवीदेवताको नाम पुकारिन्छ । यो गीत विभिन्न भेषभूषामा सजिएर अभिनय पनि गरिने हुदाँ यसलाई लोकनाटक पनि भन्ने गरेको पाइन्छ । यो घाटुगीत पनि दुई प्रकारका हुन्छन् ती हुन् सतीघाटु र बाह्रमासे घाटु । सती घाटु मान्छे मरेको बेलामा मात्र गाउने गरिन्छ भने बाह्रमासे घाटु गीत जुनसुकै समयमा पनि गाउन सकिन्छ ।

घाटुगीत पनि आजभोलि लोप हुँदै गएको छ । बुढापाकामा मात्र सीमित भएकाले केही बुढापाका मरेर गए भने केही जीवित भए पनि यो गीत गाउन स्वर तानेर लामो परामा गाउनु पर्दा उनीहरूले खुलेर गाउन सकेको देखिदैन । अर्कातिर आजभोलिका युवा युवतीहरू पप, डान्स र डिस्कोमा रमाइरहेको पाइन्छ र यस्ता ढिलो लयका गीतप्रति उनीहरूको रुचि घटिरहेको छ । यी गीत सिकाउने गुरुबाउको सङ्ख्या पनि घटेकाले आजभोलि यो गीत बिस्तारै हराउँदै गएको छ । यस थप्रेक क्षेत्रमा गाएको बाह्रमासे घाटुगीतको नमुना तल उल्लेख गरिएको छ :-

हा.. हा ... हो मालीइ गाईको गोबरैले हे ........

मालीइ गाईको ................

हे आशानए लिपैलो ।

× × ×

यसरी गाइने यस गीतको बाँकी अंश परिशिष्ट १ को 'घ' उल्लेख गरिएको छ ।

### ४.३.४.१० सोरठीगीत

सोरठीगीत नृत्यप्रधान गीत हो । यो गीत प्रायः मगर र गुरुङ समुदायमा प्रचलित छ । सोरठीलाई लोकनाटक पनि भन्ने गरेको पाइन्छ । यो गीत चाडपर्व तथा खुसियालीका विभिन्न अवसरमा गाइन्छ । यो गीत विशेष गरी पुसपन्ध्र, वसन्तपञ्चमी जस्ता पर्वका साथै खुसियालीका विभिन्न अवसरमा गाउने गरिन्छ । यस गीतमा जयसिङ्गे राजाको कथा जोडिन आउँछ । यस गीतमा मनोरञ्जनका कुरा पनि आउने भएकाले लोक तथा अन्य शब्दहरू राखेर गाउने गरिन्छ । जयसिङ्गे राजा र हेमती रानीबाट जन्मेकी छोरीको बारेमा गीत गाएर यो नृत्य प्रस्तुत गरिन्छ ।

थप्रेक क्षेत्रमा यो गीत गुरुङ जातिमा प्रचलित छ । यस गीतमा पनि कम्तीमा एकजना गुरुबाउ हुन्छन् । गुरुबाउबाट गीतको टुक्का झिकिन्छ र लामो पाराले गाइन्छ र अरूहरूले छोप्ने गर्दछन् । यो गीत सुरुमा पछाडिबाट गाएर माथिसम्म पुऱ्याइ अन्त्य गरिन्छ । सुरुमा यो गीत ढिलो तवरले गाइन्छ र पछि छिटो-छिटो गरेर गाउने गरिन्छ । यस गीतमा नर्तकी पनि छिटो-छिटो तालमा नाच्ने गर्दछन् । यस गीतका अन्त्यमा “स्याबो” भनेर गीत टुङ्ग्याइन्छ । यो गीत गाउँदा मादल, मजुरा जस्ता वाद्ययन्त्रको प्रयोग गरिन्छ । यो गीत विशेष गरेर बुढापाकाहरूले बढी गाउने गर्दछन् । हाल यो गीत पनि हराउँदै गएको छ । थप्रेक क्षेत्रमा गाएको सोरठीगीतको नमुना तल प्रस्तुत गरिएको छ :-

हा है, खुकुरीको दाबै झैँ हो सोरठी रानीको चुलठी
हा है, पूर्णिमाको जुन झैँ हो सोरठी रानीको लिलाट
× × × × × ×
गोरखनाथ जगाउला !
हे, पहिलो प्रहर .......... गयो दोस्रो प्रहर गयो
तेस्रो ......प्रहर उठ है उठ आमा ।
× × × × ×

माथि उल्लेख गरिएको सोरठीगीतका बाँकी अंश परिशिष्ट १ ‘घ’ मा उल्लेख गरिएको छ ।

### ४.३.४.११ एकोहोरी गीत

यो गीत बाह्रमासे गीतअन्तर्गत पर्छ । जुनसुकै समयमा पनि यो गीत गाउन सकिन्छ । एक्लै वा सामूहिक रूपमा सवाल जवाफ नगरी एकोहोरो पाराले गाउने गीतलाई

एकोहोरी गीत भनिन्छ । यो गीत बालकदेखि बुढापाकासम्म जुनसुकै उमेरका मानिसहरूले गाउँने गर्दछन् । यो गीत एउटै व्यक्तिले आफैं झिकेर गाउन सक्छ र अरूहरूले पनि छोपेर गाउन सक्छन् । यो गीत औपचारिक कार्यक्रम लगायत अनौपचारिक जुनसुकै तवरले पनि गाउन सकिन्छ । थप्रेक क्षेत्रमा पनि यस गीतको प्रचलन छ । यहाँ महिला र पुरुष दुवैले यो गीत गाउँछन् । एकोहोरी गीतमा आफ्ना मनमा लागेका विरह, वेदना र कारुणिक भावका गीतहरू नै मुख्य रूपले गाउने गरिन्छ । यो गीत पनि टुक्कायुक्त र टुक्कारहित दुवै किसिमको हुन्छ । आजभोलि कुनै महोत्सव, मेला र जात्रामा यस्तो गीतको लोकप्रियता पनि बढ्दो रूपमा देख्न सकिन्छ । यसमा वाद्ययन्त्रको प्रयोग अनिवार्य छैन । साथै नृत्यको अनिवार्यता पनि हुँदैन । यो गीत घाँसपात गर्दा र गोठालो जाँदा पनि गाउन सकिन्छ । यस क्षेत्रमा गाएको एकोहोरी गीतको नमुना तल प्रस्तुत गरिएको छ :-

जन्म दियौ यो पापी छोरीलाई
दुःख पाए जिन्दगी भरिलाई ।
रुदारुदैँ फाटो चोला नि
यो जीवनमा यत्तिकै भइरह्यो
मरे भेट बासँग होलानी ।

एकोहोरी गीतको बाँकी अंश परिशिष्ट १ को 'घ' मा उल्लेख गरिएको छ ।

### ४.३.४.१२ दोहोरी गीत

बाह्रमासे गीतअन्तर्गत दोहोरी गीत पनि पर्दछ । दोहोरी गीतको जग एकोहोरी गीतबाट हो (न्यौपाने, २०६७ : १) । यो गीत गाउन महिला पुरुष वा पुरुष पुरुष र महिला महिला बीच पनि गाउन सकिन्छ । यो गीत औपचारिक कार्यक्रमका साथै अनौपचारिक तवरले पनि गाउने गरिन्छ । त्यस्तै घाँसपात, मेला, पर्व, उत्सव र घरमा बसेर जहिलेसुकै गाउन सकिन्छ । यो गीत सबै उमेरका मानिसहरूले गाउने गरे पनि प्रायः युवा वर्गले बढी मात्रमा गाउने गरेको पाइन्छ । यस गीतमा कुनैमा नृत्यको प्रयोग गरिन्छ भने कुनैमा प्रयोग हुँदैन । यस गीतमा बाँसुरी, ढोलक र मादल आदि वाद्ययन्त्रको प्रयोग गर्न पनि सकिन्छ ।

थप्रेक क्षेत्रमा पनि विभिन्न चाडपर्व, उत्सव तथा अन्य समयमा पनि यस्ता दोहोरी गीत गाउने गरेको पाइन्छ । यस्ता गीतमा मायाप्रिती, घोचपेच, हाँसखेल र सामाजिक विषयवस्तुको चित्रण बढी मात्रामा हुने गर्छ । यस गीतमा हारजितको सम्भावना पनि उत्तिकै हुन्छ । आजभोलि मेला र महोत्सवमा यस्ता गीतहरूको लोकप्रियता बढ्दो रूपमा देख्न

सकिन्छ । दोहोरी गीत प्रश्नोत्तर शैलीमा गाइने भएकाले कसको जित हुन्छ भन्ने उत्सुकताले समेत मानिसहरू अन्त्यसम्म पनि ज्यादै रमाइलो मानेर सुनिरहेका हुन्छन् । यस क्षेत्रमा गाएका दोहोरी गीतका उदाहरण तल प्रस्तुत गरिएको छ :-

केटाः भेट भो माया बिहेमा आको
सन्चै छौ या मौकाले भेट भाको ।
तिम्मलाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटीः सपनीमा मन्दिर थियो
आयौ तिमी देवताले वास दियो ।
तिम्मलाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

× × × ×

केटाः नौलो माया नजरैमा हराको
मैले मात्र तिम्ले के सराको ।
तिते करेलीले
मुखै तितो गरायो तिते करेलीले
मलाई लट्टै बनायो झिमझिम परेलीले ।

केटीः गाई चराउन बेँसीमा झरेछु
नौलो गाम छ अलमल मै परेछु ।
तिते करेलीले
मुखै तितो गरायो, तिते करेलीले
मलाई लट्टै बनायो झिमझिम परेलीले ।

× × × × ×

माथि उल्लेख गरिएका दोहोरी गीतका बाँकी अंश परिशिष्ट १ को 'घ' मा समावेश गरिएको छ ।

### ४.३.४.१३ निष्कर्ष

लोकसाहित्यको एउटा प्रमुख विधा लोकगीत हो । लोकगीतले असीमित क्षेत्र ओगटेको छ । त्यसैले लोकगीतको वस्तुपरक वर्गीकरण गर्न गाह्रो छ । विद्वानहरूले पनि

आआफ्नै तरिकाले वर्गीकरण गरेको पाइन्छ । थप्रेक क्षेत्रका लोकगीतलाई विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ । सजिलै बुझ्नका निम्ति यहाँ लोकगीतलाई संस्कारगीत, कर्मगीत, पर्वगीत र बाह्रमासे गीत गरी चार भाग वर्गीकरण गरिएको छ । संस्कारगीतमा मागल र रत्यौलीगीत पर्दछन् । श्रम गर्दाको अवसरमा गाइने गीत कर्मगीत हो । कर्मगीतमा जेठे, असारे र दाइँगीत पर्दछन् । पर्व विशेषमा गाइने गीत पर्वगीत हो । पर्वगीतअन्तर्गत तीजेगीत, मालसिरी गीत, भैलीगीत र देउसीगीत पर्दछन् । बाह्रमासे गीत जुनसुकै समयमा गाइने गीत हो । बाह्रमासे गीतअन्तर्गत बालगीत, घाँसेगीत, सिलोक, भजन, सालैजो गीत, कौरागीत, खेलीगीत झ्याउरे गीत, घाँटुगीत, सोरठी गीत, एकोहोरी गीत र दोहोरी गीत पर्दछन् ।

यी गीतहरू मध्ये अहिले सिलोक, कौरा, सालैजो घाँटु र सोरठी गीत लोप हुँदै गएका छन् । दोहोरी गीत भने राम्ररी विकसित भइराखेको छ ।

# अध्याय पाँच

## थप्रेक क्षेत्रका लोकगीतको विश्लेषण

प्राचीन कालदेखि अहिलेसम्म पनि लोकप्रिय विधाको रूपमा रहेको अनि मानव हृदयबाट स्वतःस्फूर्त रूपमा निस्केको लोकगीत तत्स्थानको समाज र संस्कृतिको परिचय दिन सक्षम विधा मानिन्छ । त्यसैले विराट विषयवस्तुलाई समेट्न सक्ने यस्ता लोकगीतको विश्लेषण गर्ने कार्य कठिन छ । यस्तो हुँदाहुँदै पनि अध्ययनको सजिल्याइँका लागि यहाँ थप्रेक क्षेत्रका लोकगीतलाई तीनवटा आधारमा मात्र विश्लेषण गर्ने काम गरिंदैछ । ती आधार यस प्रकार छन् :- (१) विषयवस्तु (२) काव्यशास्त्रीय (३) भाषिक आधार ।

### ५.१ विषयवस्तुका आधारमा विश्लेषण

साहित्य समाजको दर्पण भए झैं लोकगीत पनि लोकजीवनको ऐना हो । कुनै पनि लोकगीतमा लोकमा बस्ने मानिसहरूको कथाव्यथा, मिलन, बिछोड र सुखदःखको भाव मिसिएका हुन्छन् । मानिस एक सामाजिक प्राणी हो । लोकगीतमा समाज भित्रका विभिन्न चालचलन रीतिरिवाज, धर्म, चाडपर्व, कला, संस्कृति, प्राकृतिक सौन्दर्य लगायत सामाजिक जीवनका मर्म पोखिएका हुन्छन् । लोकगीतमा समाजमा परम्परादेखि चल्दै आएका विभिन्न किसिमका संस्कारहरू, खेतीपातीको काम गर्दा, विभिन्न चाडपर्वका अवसरमा, प्रकृतिको मनोरम छटा र मायाप्रेमका कुराहरू व्यक्त गरिएका हुन्छन् । यहाँ यिनै विविध सामाजिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक, उपदेशात्मक र कृषि सम्बन्धी विषयवस्तुलाई  विषयवस्तुका आधारमा यहाँका लोकगीतको विश्लेषण गरिएको छ ।

#### ५.१.१ सामाजिक चित्रण

लोकगीत पनि समाजको ऐना हो । लोकगीत र समाजबीच घनिष्ठ सम्बन्ध छ । लोकगीतमा सामाजिक रीतिरिवाजका अतिरिक्त स्थानीयता, पारिवारिक अवस्थाको यथार्थ चित्र कोरिएको हुन्छ । समाजका विभिन्न जाति, समुदाय, तिनीहरूको जीवन पद्धति, रहनसहन, विश्वास र मान्यता जस्ता पक्ष लोकगीतमा व्यक्त हुन्छन् । त्यसमा लोकजीवनका समग्र क्रियाकलापको सम्मिश्रण हुन्छ । समाजमा परम्परादेखि चल्दैआएका बालविवाह, बहु विवाह, अनमेल विवाह, दाइजो प्रथा, लिङ्गभेद र लागुपदार्थ दुर्व्यसनले पारेका असर जस्ता

कुराहरू समेत लोकगीतमा आएका हुन्छन् । सासू, बुहारी, पतिपत्नी, बाबुआमा, दाजुभाइ, दिदीबहिनी र नन्द, भाउजू र तिनका व्यवहार तथा पारिवारिक जीवनमा घट्ने घटनाबाट सिर्जित आँसु, हाँसो, विरह, वेदना, दःुख र सुख जस्ता भावहरूको चर्चा यहाँका लोकगीतमा जस्ताको तस्तै वर्णित हुन्छन् । जीवनका कारुणिक पक्षका साथै बाध्य भएर विदेशिएका दाजुभाइ र आफ्नो लोग्नेको प्रतीक्षामा बसेका दिदीबहिनीहरूको विरह पनि लोकगीतमा व्यक्त गरिएको हुन्छ ।

तल प्रस्तुत गरिएको तीजगीतमा छोरी, चेलीलाई लिन बा आएका छन् । वर्ष दिनमा एकपटक आउने तीजमा बुहारीले लुगाकपडा र विभिन्न गरगहना लगाएर जान चाहे पनि सासूले शिरफुल लुकाएर जान नदिएको प्रसङ्ग गीतमा व्यक्त गरिएको छ । जस्तै :-

वर्ष दिनको तीजमा बा लिन आउनुभो
हाम्री बज्यै पापिनीले शिरफुल लुकाइछन् ।
पानी ल्याउला शिरफुल, घाँस काट्ला शिरफुल
अराई सिकाई राख बज्यै त्यही शिरफुल ।

हाम्रो समाजमा पहिलेदेखि नै छोरीलाई सानै उमेरमा विवाह गरेर पठाउने चलन छ । सानै उमेरकी छोरीको श्रीमान् बूढो उमेरको भएकाले उसको चाँडै नै निधन हुन्थ्यो । त्यसपछि ऊ बालबिधवा बन्न पुग्छे । उक्त बालिकालाई जीवनभर मरेको पतिको सत्मा जीवन बिताउनु पर्ने बाध्यता हुन्छ । उक्त चेलीले आफ्नो कर्मलाई दोष दिएकी छ । समाजमा लोग्ने मानिसले बहु विवाह गर्न छुट भए पनि महिलाले अर्को विवाह गर्न नपाउने सामाजिक बन्धनले नारीमाथि अन्याय गरेको छ । सानै उमेरमा पति गुमाएर बाँच्न विवश नारीको वेदना तल प्रस्तुत गरिएको गीतको अंशमा व्यक्त भएको छ :-

वर्ष दिनको तीजमा दाजु लिन आएका
बिजयपुरे खोलाले रोक्यो बरिलै ।
आठै र वर्षमा यो बालबिधुवा
करिमले हिक्का ठोक्यो बरिलै ।
गैरी खेतमा धान रोप्यौ रुदुवा
अभागिनी रैछु दाजु बालबिधुवा ।
भात मिठो हुने रैछ साउने गाभाले
अल्पाइ हेरेर दिए बाबाले ।

समाजमा बालविवाह जस्तै बहु विवाह पनि बिकृतिको रूपमा रहेको छ । समाजमा लोग्ने मानिसलाई स्वास्नी मरेमा अर्को ल्याउन पनि छुट्छ । त्यस्तै लोग्ने मानिसलाई स्वास्नी कुनै कारणले मन नपरेमा पनि दोस्रो विवाह गर्दछन् । घरमा एउटा स्वास्नी हुँदाहुँदै अर्की स्वास्नी ल्याउँदा के कस्ता समस्या र चुनौती थपिन सक्छन् भन्ने तर्फ उसको चासो गएको देखिदैन । एउटा स्वास्नीलाई काखा र अर्को स्वास्नीलाई पाखाको व्यवहार गर्दछन् । त्यस्तै समस्या भोग्न बाध्य नारीको कथाव्यथाको प्रसङ्ग जोडिएको गीतको अंश तल प्रस्तुत गरिएको छ :-

हृदय खोली नबोल चेली
सौता पोइ त मर्मकाटा हुन्छ बरिलै ।
सौता पोइका वचनले गैरी जालमा परियो
अब कम्मर कसियो गङ्गा पसियो ।

समाजमा विकृतिकै रूपमा रहेको अर्को पक्ष जुवातास र लागुपदार्थ दुर्व्यसन हो । जाँड, रक्सी र जुवातासले गर्दा उनीहरूको घरबार समेत बिचल्ली हुने गरेको छ । उनीहरू आफ्नो घरको कामधन्दा बिर्सेर जाँड रक्सी, र जुवातासमा दिन फालेको देखिन्छन् । उसले आफू मोजमस्ती गरे पनि परिवारका सदस्यहरूप्रति कुनै वास्ता गरेको हुँदैन । घरमा श्रीमतीलाई मेलापातको काम गर्दा एकछिन फुर्सद हुँदैन । लोग्नेलाई जाँड, रक्सी, चुरोट र मासु खाने पैसा पुगे पनि स्वास्नीलाई घरमा नुन, तेल, साबुन जस्ता अत्यावश्यकीय वस्तु किन्ने पैसा हुँदैन । यस्तै कथाव्यथा समेटिएको गीतको अंश तल प्रस्तुत गरिएको छ :-

मेलामा जाऊ नारी खेताला लिएर
एकछिनपछि आउँछु म चिया पिएर ।
चिया पिउने निहुँ पारेर गए स्वामी हामीलाई
रक्सी, मासु, चुरोट चाहियो स्वामीलाई ।
रक्सी मासु चुरोट सधैँ पुग्ने स्वामीलाई
कपडा धुने साबुन पनि छैन हामीलाई ।

हाम्रो समाजमा पुरुषहरूले नारीमाथि अन्याय, अत्याचार पहिलेदेखि गर्दै आएका छन् । अब नारीहरू पनि आफ्नो अधिकारका लागि औँला ठड्याउन समेत पछि परेका छैनन् । नारीहरूले पनि अवसर पाए देशको विकास गर्न सक्छन् भन्ने आबाज यस गीतमा व्यक्त गरिएको छ । उक्त भावयुक्त गीतको अंश यस्तो छ :-

नारी पनि हुनुपर्ने यही देशको सन्तान
नारीलाई पुरुषले कमजोर नठान ।
भृकुटी र सीता पनि यही देशका नारी हुन्
यी मरी गएक तर लगाएर गुन ।
गर्न सक्छन् देशको विकास नारीलाई नै पढाए
पुरुषभन्दा केको कमी अघि बढाए ।

आजभोलि धेरै युवाहरू रोजगारीको सिलसिलामा विदेशमा जाने गर्छन् । साहुको ऋण तिर्न, राम्रो लाउने र मिठो खाने चाहना लिएर गएका हुन्छन् । घरमा बस्ने श्रीमती विदेसिएको आफ्नो पति धेरै समयसम्म नआएको क्षणलाई सम्झदै दुःखी जीवन एक्लै बिताउन बाध्य भएको भावको गीतको अंश तल प्रस्तुत गरिएको छ :-

ऐ हे, हितको माया लाहुरै जानी
कसो गरी जिन्दगी गुजार्नी ?
ऐ हे, साहुको रिन महङ्गो बेसरी
भन माया तिर्छौं खै के गरी ?

त्यस्तै हाम्रो समाजमा सानैमा धेरै बालबालिकाले आफ्ना बाबुआमा गुमाएर टुहुरा बनेका छन् । उनीहरू आफ्ना बाबुआमाको काखमा बसेर खाने, लाउने र पढ्ने बेलामा आँखा भरि आँसु लिएर बाँच्नु पर्ने विवशता छ । तल उल्लेख गरिएको गीतको अशं यस्तो रहेको छ :-

जन्म दियौ यो पापी छोरीलाई
दुःख पाए जिन्दगी भरिलाई ।
रुँदारुँदैं फाटो चोलानी
यो जीवनमा यत्तिकै भइरह्यो
मरे भेट बासँग होला नि ।

सबै देख्छु बाउआमा साथमा
मलाई भने आँसु भो हातमा ।
रुँदारुँदैं फाटो चोलानी,
यो जीवनमा यत्तिकै भइरह्यो

मरे भेट बासँग होला नि ।

समाजमा युवायुवतीले एकले अर्कोलाई प्रेम गर्छन् । त्यही हाँसखेल र ठट्टामा उनीहरू रमाउन पुग्छन् । यहाँ प्रेमीले आफ्नो प्रेमिकाका बोलीलाई बिर्सन सकेको छैन । ऊ रात दिन आफ्नो मायालुलाई सम्झे पनि कतै उसले आफूलाई धोका दिने पो हो कि भन्ने आशङ्का तल उल्लेख गरिएको गीतमा व्यक्त गरिएको छ :-

यो मायाको मसिनो बोली
कहाँ गएर बिर्सौंला म भोलि ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

यसरी यस क्षेत्रका लोकगीतमा सामाजिक मूल्यमान्यता, घरपरिवारमा घट्न सक्ने घटना र मायाप्रेमका कुराहरूलाई जस्ताको तस्तै व्यक्त गरिएको छ ।

### ५.१.२ आर्थिक चित्रण

जीवनको मूल आधार अर्थ भएकाले लोकसंस्कृतिमा अर्थको बयान, त्यसको महत्वको वर्णन विभिन्न रूपमा गरिएको हुन्छ । धन बिना कुनै पनि व्यक्तिले आफ्नो कार्य अगाडि बढाउन सक्दैन । समाजमा सबै व्यक्तिको आर्थिक अवस्था एकै किसिमको हुँदैन । कोही व्यक्ति धनी र कोही गरिब हुन्छन् । जब व्यक्ति गरिब हुन्छ उसलाई आफ्ना दैनिक आवश्यकता पूरा गर्न कठिन हुन्छ । आर्थिक अवस्था कमजोर भएका मानिस विदेश जान बाध्य हुन्छन् । त्यस्तै परिवारमा कलह निम्त्याउने प्रमुख कारण नै अर्थ हो । कोही मानिसहरूले स्वदेशमा बसेर स-साना काम गर्ने, ज्यालादारी काम गरेर पनि आफ्नो जीविका चलाएको पाइन्छ ।

नेपाल कृषिप्रधान देश हो । यहाँका मानिसहरूको आयआर्जनको मुख्य स्रोत अन्नबाली हो । यहाँका मानिसहरूले उब्जाएको अन्नबालीले वर्ष दिन खान समेत धौधौ हुने गर्दछ । यहाँका मानिसहरूलाई दिनभर मरीमरी काम गरे पनि साँझबिहान हातमुख जोर्न समेत गाह्रो परेको छ । आर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई कसैले पनि वास्ता गर्दैनन् । ऋण माग्दा पनि उनीहरूलाई साहुले पत्याउँदैनन् । अन्य क्षेत्रका जस्तै यस क्षेत्रका बासिन्दाहरू पनि आर्थिक दृष्टिले त्यति सक्षम छैनन् । यहाँ आर्थिक अवस्थाले सिर्जित विभिन्न समस्याहरूलाई गीतमा उनेर व्यक्त गरिएको छ ।

तीजमा दिदीबहिनीलाई लिन बाबु, दाजुभाइ मध्ये कुनै एकजना जाने प्रचलन पहिलेदेखि नै चलिआएको परम्परा हो । यहाँ तल उल्लेख गरिएको गीतमा तीजमा आफ्नी बहिनीलाई लिन दाजु आएका छन् । बहिनीले मिठो नमिठो जस्तो छ त्यही खाएर आफ्नो घरमा बस्नु ठीक छ । दिदीबहिनी जम्मा गरी खर्च नगर्न दाजुलाई आग्रह गरिएको गीतको अंश यस्तो छ :-

भो भो दाजु लिन न आऊ आफ्नै घर सुधार

दिदीबहिनी जम्मा पारी नोक्सान नपार ।

वर्ष दिनमा एकपटक आउने तीजमा छोरी चेलीलाई माइत जान रहर लाग्छ । तीजमा दाजुभाइले वास्ता नगरेको कुरा गीतमा व्यक्त गरिएको छ । माइतीमा मिठो नमिठो जे खाए पनि खुसी हुने थियौँ । दाजुभाइका हातमा लाखौलाख सम्पत्ति भए पनि त्यसले छोरीचेलीलाई केही काम दिदैन । आर्थिक अवस्था कमजोर भएका चेलीलाई दाजुभाइ, भाउजू र बुहारीले पनि वास्ता नगरेको गुनासो तल प्रस्तुत गरिएको गीतको अंशमा व्यक्त गरिएको छ :-

खान केही नभए नि खान्थ्यौ मकै भुटेर

कुत्रुकुत्रु पार्दा हुँ राती उठेर ।

जिनको सट पाइन्ट दियौ दाजु माग्नेलाई

हरियो टपराको रहर हामीलाई ।

लाखलाख सम्पत्ति दाजुभाइको हातमा

भाउजूको जडौरी हाम्रो साथमा ।

नेपालका धेरै मानिसहरू कृषि पेसामा लागेका छन् । यहाँ असार मासको दबदबे हिलोमा काम गर्दा श्रीमतीको गुन्यू फाट्छ । उसलाई अर्को फरियाको आवश्यकता पर्छ । आफ्नो आर्थिक अवस्था कमजोर भएकाले ऊ साहुसँग ऋण माग्न पुग्छ । पहिलेको जमानामा एउटा फरिया किन्दा छ बीस लाग्ने कुरा सानोतिनो होइन । त्यही कुरा असारे भाकाको गीतमा यसरी व्यक्त गरिएको छ ।

असारै मासको दबदबे हिलो छि मलाई घिन लाग्यो

छि मलाई घिन लाग्यो ....................

पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो

छ बीस रिन लाग्यो ........................

ख्याल होइन साँचो बेलाउती काँचो छ बीस रिन लाग्यो ।

यहाँका मानिसहरू कर्म भन्दा भाग्यलाई बढी महत्व दिने गर्छन् । कुनै काम सफल नहुनु तथा आर्थिक अवस्था कमजोर हुनु पनि भाग्यकै खेल ठान्छन् । उनीहरू सोचेजस्तो काम नहुनुलाई कर्मको खेल ठान्दछन् । त्यस्तै घर पनि पक्की नभएको र पातीले बारेको झुप्रामा बसेर मागी खान परेको कुरा गीतमा यसरी व्यक्त गरिएको छ :-

घर त मेरो सरुमैरानी पातीले बारेको

मागी खान सरुमैरानी कर्मले पारेको ।

आर्थिक अवस्था नाजुक भएर कसैलाई विदेश जाने बाध्यता छ भने कसैलाई ज्यालादारी र घरायसी काम गरेर जसोतसो गुजार्नु परेको र धनकै कारण परिवारमा अपमानित हुनु परेका कथाव्यथा समेटिएका कुरालाई यहाँका अर्थ सम्बन्धी गीतले उजागर गरेका छन् ।

**५.१.३ सांस्कृतिक चित्रण**

लोकजीवनमा आफ्नै प्रकारको सांस्कृतिक परम्परा रहेको हुन्छ । हरेक मानिसलाई संस्कृतिले केही न केही प्रभाव पारेको हुन्छ । यस क्षेत्रमा पनि अन्य क्षेत्रमा जस्तै आफ्नै संस्कार र परम्परा रहेको छ । प्रत्येक जातिको आफ्नै संस्कृति हुन्छ र केही संस्कृति सामूहिक रूपमा सबैको एकै प्रकारको हुन्छ ।

परम्परादेखि चल्दै आएका केही संस्कृतिले लोकगीतमा मात्र आफ्नो अस्तित्व कायम राखेका छन् । हिन्दूधर्ममा जन्मेदेखि मृत्युपर्यत्न गरिने सोह्र संस्कारहरूको उल्लेख गरिएको छ । केही संस्कारहरू समाजबाट हराउँदै गए पनि केही संस्कारहरू अहिले समाजमा लोकप्रिय भएर रहेको पाइन्छ । यस क्षेत्रमा दसैँका अवसरमा गाइने मालसिरी, विवाह, ब्रतबन्ध जस्ता शुभकार्यमा गाइने मागल, त्यस्तै विवाहका अवसरमा गाइने रत्यौली, तिहारका अवसरमा खेलिने भैली र देउसी र उपवास बस्दा गाइने केही व्रतगीत, दैनिक रूपमा गरिने आरति र विभिन्न अवसरमा गाइने भजनमा पनि कुनै न कुनै रूपमा संस्कृतिको चित्रण भएको हुन्छ ।

नेपालका विभिन्न ठाउँमा जीवित संस्कृति यस थप्रेक क्षेत्रमा पनि जीवित छ । त्यस्ता संस्कृतिमध्ये ब्रतबन्ध तथा विवाह संस्कारमा संस्कृति हुन् । ती संस्कृतिभित्र गायन संस्कृतिले पनि स्थान पाएको छ । यहाँ प्रचलित ब्रतबन्ध तथा विवाह संस्कारमा यहाँका महिलाहरुले मागल नामका गीत गाउँछन् । ती गीतमा यहाँको संस्कृति सल्बलाएको

भेटिन्छ । जानकारीका निम्ति ब्रतबन्धमा गाइने मागलगीतको एउटा अंश यहाँ उल्लेख गरिएको छ :-

दश मैना कोखी वास गरे मेरी आमा आएँ जोगी बरितै

देऊ न आमा देऊ न आमा पाँचै मुठी भिख

कुनै पनि शुभकार्य र यज्ञ आरम्भ गर्नुपूर्व वेदी टाल्ने कामको जिम्मेवारी छोरीलाई दिइन्छ । त्यसबेला गाएको मागलगीत यस प्रकारको छ :-

आकाशैकी दिदी मेरी पातलकी बहिनी

कहिले होला दिदीबहिनी तिम्रोहाम्रो भेट ?

बाबाज्यूको आँगनीमा शुभै जग्गे लाउलान्

तहीँ होला दिदीबहिनी तिम्रोहाम्रो भेट ।

त्यस्तै विवाह गरेर छोरीलाई अर्काको घरमा पठाउने चलन पहिले देखिको हो । विवाहको अवसरमा पनि मागल गाउने गरिन्छ । विवाहको अवसरमा गाएको मागलगीतको नमुना यस्तो छ :-

हातै लियौँ लौरी त काखी चाप्यौ पुस्तक

आइपुग्यौँ ससुराली देश विवाहको रम गरनी त

पुरेत बाबाज्यू पूरा कर्म गरिदिनोस् है त ।

त्यस्तै ऋषिपञ्चमीका दिन महिलाहरूले खोला, धारा पँधेरामा गएर नुवाइधुवाइ गरेर सप्तऋषिको पूजा गर्छन् । त्यही अवसरमा पूजा गर्नका लागि आफूसँग मूल दियो हुँदैन र बाबुसँग दियो माग्छन् तर अर्काको घर गएकी चेलीलाई दियो दिदैनन् र उक्त दियो सातै भाइको साझा हो भन्दछन् । त्यही पूजाको अवसरमा यस्तो संस्कारगीत गाउने गरिन्छ :-

ऋषिकेष जुम्ला हात ठूलो हाम्रो वरत हो

पञ्चमीका पाइला गनी हाम्रो ठूलो वरत हो ।

ल्याऊ न बाबु ल्याऊ न बाबु वरतको दियो

वरतको दियो हाम्रो सातै भाइको साझा हो ।

संस्कार गीतहरू मध्ये रत्यौली पनि एक हो । यसलाई महिलाहरूले मात्र समूहमा गाउने गर्दछन् । रत्यौलीमा शृङ्गारिक र रतिरागात्मक भावका साथै समाजमा हुने विभिन्न क्रियाकलापहरूको वर्णन गरिएको हुन्छ । त्यस्तै रत्यौलीमा नब वर, वधू, सासू, अमाजू र नन्द आदि व्यक्तिहरूको प्रसङ्गलाई गीतबाट चर्चा गरिएको हुन्छ ।

बिहे गरेर छोरी अर्काको घरमा जाने चलन पहिलेदेखि चलेको हो । दुलहा दुलहीको घरमा गएपछि सुरुमा स्वयम्बर गरिन्छ । त्यस अवसरमा दुलाहाले दुलहीलाई औँठी लगाइदिने परम्परा छ र त्यसबेला दुवैले एकआपसमा माला साटासाट गर्छन् । त्यस्तै भाव सांस्कृतिक व्यक्त गरिएको गीतको अंश यस्तो छ :-

छोरीको हारेको जुनी
माइती घर बसेर नहुनी ।
हे मयाँ तिम्ले र हाम्ले
औँठीले फूलमाला साटम्ला ।

आफू जन्मेको घरलाई चटक्कै बिर्सेर अर्काको घरलाई आफ्नो बनाउनु पर्दा छोरीलाई नरमाइलो लाग्नु स्वाभाविककै हो । अर्काको घर जानुपर्दा भित्रभित्र मन रोइरहेको हुन्छ । रत्यौली गाइरहेका महिलाहरूले दुलहीलाई मन अमिलो नबनाई हाँसीखुसी आउन आग्रह गर्दै गाएको गीतको अंश तल प्रस्तुत गरिएको छ :-

नरोई नरोई आउन मयाँ
नरमाइलो लाग्छ हामीलाई ।

जब दुलाहाले दुलहीलाई आफ्नो घर ल्याएपछि महिलाहरूले यस्तो गीत गाउने गर्छन् जुन गीतको अंश यस्तो छ :-

हाम्रो बाबु के इमान्दारी
ल्याए दुलही छातीको ढालमारी ।

पहिल्यै पहिल्यै गाउँमा पानीको अभाव हुन्थ्यो । एक गाग्री पानी ल्याउनका निम्ति घण्टौं समय लाग्थ्यो । घरमा भएको पानी सासूले जोगाएर राख्थिन् । आफ्ना लुगा गहना धुन बुहारी धेरै ओरालो झर्नुपर्थ्यो । यस्तो कष्टमय जीवनको चित्रण तलको गीतमा ध्वनि त भएको छ :-

शिरफुल धुने पानी मैले पाइन
झरे मत दोभान नि बरिलै झरे मत दोभान ।

चाडपर्वका अवसरमा त्यही पर्वसँग सम्बन्धित गीतहरू यस क्षेत्रमा पनि गाउने गर्दछन् । नेपालीहरूको महान् चाड दसैं हो । दसैंका बेलामा प्रत्येक घर घरमा, कोट र दसैघर आदिमा मालसिरी गीत गाउने प्रचलन छ । यो गीत ब्राह्मण, क्षेत्री, नेवार र गन्धर्व आदि जातिले मुख्य रूपमा गाउने गर्दछन् । यो गीत परम्परादेखि हालसम्म पनि गाइदै

आएको पाइन्छ । यस गीतमा शक्तिस्वरूपा दुर्गा भवानीको शक्तिको महिमा गाइएको छ । दुर्गा भवानीको शक्तिको वर्णन गर्दै गाएको गीतको अंश तल प्रस्तुत गरिएको छ :-

देवी भैरवी गोरखनाथ दर्शन दिनुभयो भवानी माई

प्रथम देवी माई उत्पन्न भयौ रामजन्म लियौं कैलास सरे ।

नेपालीहरूको दोस्रो ठूलो चाड तिहार हो । तिहारका अवसरमा भैली र देउसी खेल्ने चलन बलिराजाको पालादेखि नै चलिआएको हो भन्ने विश्वास गरिदै आएको पाइन्छ । भैली र देउसी दुवै सामूहिक रूपमा खेलिने गीत हुन् । भैली र देउसीमा एकजनाले मच्चाउने र अरूले छोप्ने गर्दछन् । भैली र देउसी प्रत्येक घर घरमा गई खेल्ने गरिन्छ । भैलीनी र देउसेले एउटा घरमा भट्याएको केही समयपछि घरधनीले चामल, पैसा र फलफूल दिने गर्छन् । त्यसपछि भैलिनी र देउसेहरूले घरधनीलाई विभिन्न देवीदेवताको नाम पुकार्दै आसिक दिन्छन् र बिदावादी भएर पुनः अर्को घरमा देउसी र भैलो गाउन जान्छन् । यस्ता भाव व्यक्त भैलीगीतको अंश तल प्रस्तुत गरिएको छ :-

भैलिनी आइन् आँगन

गुन्यूचोलो मागन

हे, औँसीबार गाईतिहार

भैलो ।

भैलो भन संगी हो

भैलो ।

त्यस्तै भाइटीकाको दिन देउसी खेलिन्छ जुन गीतको नमुना यस्तो छ : -

| | | |
|---|---|---|
| आहै, बलिराजाले | - | देउसीरे |
| आहै, पठाएर | - | देउसीरे |
| आहै, आएका हामी | - | देउसीरे |
| आहै, भन भन भाइ हो | - | देउसीरे |
| आहै, स्वर मिलाइकन | - | देउसीरे |

चाडपर्व तथा अन्य अवसरमा यस क्षेत्रमा भजन, चुड्का गाउने प्रचलन पहिलेदेखि नै चलिआएको हो । भजनको सुरुवात गर्नुपूर्व देवीदेवतालाई धूप, दिप र नैवेद्य चढाएर आरति गाउने गरिन्छ । रामसँग सम्बन्धित भएर गाइएको यस्तो भजनको अंश तल प्रस्तुत गरिएको छ :-

हरि, सन्जे जगाऊ नि राम राम  सन्जे जगाऊ

आरतिको बेला भयो, भक्तो राम सन्जे जगाऊ ।

यहाँ एकादशी, शिवरात्री, सत्यनारायण र रामनवमीका अवसरमा यस क्षेत्रमा भजन गाइन्छ । भजन विभिन्न देवीदेवतासँग सम्बन्धित भएर गाउने गरिन्छ । यही परम्परालाई जीवित राख्ने क्रममा देवीदेवताको भक्ति, उपासना गरियो भने अर्को जन्ममा मुक्ति मिल्छ भन्ने भावको गीत तल प्रस्तुत गरिएको  छ :-

भक्ति भावनाले

मुक्ति हुन सजिलो ।

मलाई लाग्छ आश

वैकुण्ठमा होस वास ।

यसरी यस क्षेत्रमा गरिने संस्कारकर्मका अवसरमा गाइने गीतहरूले यहाँको संस्कृतिलाई झल्काएका यस्ता गीतले । मानिसहरूलाई आफ्नो धर्म र संस्कृतिप्रति आस्था राख्न प्रेरित गरेको पाइन्छ ।

**५.१.४ प्रकृतिको चित्रण**

नेपाल प्राकृतिक सम्पदामा धनी देश मानिन्छ । लोकगीतको जन्मथलो नै प्रकृति हो । मानिस प्रकृतिको अनुपम सौन्दर्यबाट टाढा रहन सक्दैन । प्रकृतिले मानिसलाई हाँस्न सिकाउँछ, बोल्न सिकाउँछ र रुन पनि सिकाउँछ । मानिसले प्रकृतिको काखमा बसेर आफ्ना मनका विरह, वेदना र उमङ्गका भाव गीतका माध्यमबाट पोख्ने गर्दछ । यहाँका लोकगीतहरू पनि पहाड, वनपाखा, डाँडाकाँडा, तराई, हिमाल, खोलानाला र नदी आदिलाई आधार बनाएर सिर्जित भएका छन् । यहाँ प्रचलित गीतमा वनमा बस्ने विभिन्न चराचुरुङ्गीहरूमध्ये कोइली, जुरेली र न्याउली लगायतका चराको प्रसङ्गलाई जोडेर गीत गाएको पाइन्छ ।

यस क्षेत्रमा प्रचलित गीतमा बेलाउती, कागती र सुन्तला जस्ता फलवृक्ष र सयपत्री, गुरदौली र मखमली फूलका आउँछन् यस्तै यहाँका तोरी र करेला जस्ता तरकारीहरूको वर्णन गरिएको पाइन्छ । यहाँ घना वनजङ्गल रहेको छ । यहाँका गाई भैँसीलाई खुवाउने घाँसपातहरूमा सुइरे, गाउँजो, गोलेनी, घोडे र मौरो लगायतका घाँसपातको चित्रण पनि

भेटिन्छ जानकारीका निम्ति फूलसित सम्बन्धित एउटा गीति अंश यहाँ उल्लेख गरिएको छ :-

मखमली फूल फुल्यो

फूल रह्यो बासी

सलल नदीले लैजा मलाई काशी ।

विभिन्न फलफूलका बोटमा चराचुरुङ्गीहरू बसेका हुन्छन् । यस गीतमा एउटा जुरेली चरी काँकरीको बोटमा बसेको छ । जुरेली चरी पनि बाँच्न पाउनुपर्छ तर यहाँ जुरेलीलाई मार्नका लागि गुँदेली मागिएको भए पनि छैन भनिएको छ । त्यस चरीलाई बाँच्न दिनुपर्छ भन्ने प्रसङ्गलाई जोड्दै यस्तो गीत गाएको छ :-

काँकरीका हाँगाबिगा टुप्पै बस्यो जुरेली

त्यो जुरेलीलाई मार्छु नि मैले खोइ ल्याउ बाबु गुँदेली बरिलै

खोइ ल्याउ बाबु गुँदेली ।

बारीमा तोरी फुलेपछि ती तोरीले वातावरणलाई नै आकर्षक बनाएका हुन्छन् । त्यही प्रसङ्गलाई जोडेर भनिएको एउटा सिलोक यस प्रकार छ :-

नयाँ गाउँको तोरी बहुतै फुलेको

त्यो तोरी टिपी करेली भुटेको ।

चिचिन्नाको मुन्टो करेलीको मूली

सिलक हाल्ने केटालाई चिलाउनेको सुली ।

हिउँदको समयमा बारीमा घाँसपात खासै हुँदैन । त्यसैले यहाँका मानिसहरू गाई बाखा वनमा चराउने गर्दछन् । यहाँ तल उल्लेख गरिएको गीतमा प्रेमीले बँसीमा घाँस पलाएको छैन र गाउँका वनपाखामा घोडे, मौरो लगायत अन्य घाँस पलाएको छ । आफ्नो मायालुसँग सुखदःखका कुरा पनि भन्न पाउने आशाले माथितिर नै गाईवस्तु ल्याउन आग्रह गरेको छ । उदाहरणका लागि तल गीतको अंश प्रस्तुत गरिएको छ :-

हे, गाई बाखा त सबैले ल्याछ

घोडे मौरो बेसरी उम्रेछ ।

मानिसहरू वनमा घाँस र दाउरा काट्न जान्छन् । वनमा एक्लै वा साथीसँग घाँसपात गर्दा हाँसो, विरह, वेदना र दुःख तथा आपत्तिका कुरा पनि व्यक्त गर्दछन् । यस

झ्याउरे गीतमा पनि बाहिर हेर्दा मन सुखी भए पनि भित्रभित्र रोइरहेको भाव व्यक्त गरिएको छ । नमुनाका लागि गीतको अंश तल प्रस्तुत गरिएको छ :-

घाँस काट्यौ गाउँजो र गोलेनी

रुन्छ मन हाँसेर बोले नि ।

तल उल्लेख गरिएको गीतमा एक जोडी मायालु एक अर्कालाई नदेखेसम्म खुसी हुँदैनन् । सेतीनदीको पानी निश्छल रूपमा बगिरहेको छ । त्यस्तै आफ्नी मायालुको मन पनि सफा रहेको तर उसलाई नदेखेसम्म आफ्नो मन चङ्गा हुँदैन भन्ने भाव यस गीतमा व्यक्त गरेको छ :-

यो मायालाई नदेखेसम्म

सेती गङ्गा हुँदैन मन चङ्गा ।

वनपाखा, डाँडाकाँडा, खोलानाला, हिमाल, पहाड, तराई, चन्द्र र सूर्य फलफूल र पशुपन्छीलाई गीतमा यसरी व्यक्त गरिएको छ । मानिसले प्रकृतिको काखमा बसेर आफ्ना मनका सुख, दःुख, आँसु, हाँसो र विरहका भाव पोख्न पाएको छ । यहाँका गीतमा प्रकृतिको सजिव चित्रण गरिएको छ ।

**५.१.५ नीतिशिक्षाको चित्रण**

समाजलाई ठिकबाटोमा हिडाउनका लागि नीतिशिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । हिन्दूधर्ममा वेद र उपनिषद्मा नीतिशिक्षाका कुरा उल्लेख गरिएको पाइन्छ । यहाँका लोकगीतहरूमा पनि नीति र उपदेश सम्बन्धी कुराहरू व्यक्त भएका छन् । खास गरी भजन, सिलोक र केही अन्य लोकगीतहरूमा समेत नीतिशिक्षाका कुराहरू सल्बलाएका भेटिन्छन् ।

भगवान् कृष्णलाई आठौं अवतारका रूपमा मानिन्छ । कृष्णको जन्म भदौ महिनाको अष्टमी तिथिमा भएको थियो । त्यो दिन मध्यरातीमा कृष्णको पूजा गरेपछि महिलाहरूले कृष्ण सम्बन्धी गीत गाउँछन् । यही दिनदेखि महिलाहरूको महान् चाड तीज सुरु भएको मानिन्छ । यहाँ तल उल्लेख गरिएको गीतमा हाम्रो समाजमा बुहारीले बिहान सबेरै उठेर दैलो पोत्ने चलन पहिलेदेखि नै चलिआएको प्रचलन व्यक्त भएको छ । तर आजभोलि सासूले दैलो पोत्ने र सासूको कुनै मानमनिता बुहारीले गरेको पाइँदैन । बुहारी हुदाँहुँदै सासूले दैलो पोतेमा त्यहाँ कुनै लच्छिन् भित्रिदैन र त्यस्तो घरमा बस्नु ठीक हुँदैन भन्ने कुरा यस गीतमा व्यक्त गरिएको छ । उदाहरणका लागि गीतको अंश तल प्रस्तुत गरिएको छ :-

भदैया मास अष्टमी तिथि

कृष्णको जन्म भयो बरिलै ।

सासू दैलो पोतने बुहारीले हेरनी

यो घरमा लच्छिन् छैन बस्न हुन्न नि ।

हरेक मानिसहरूले ईश्वरलाई दुःख र आपत् परेपछि मात्र सम्भने गर्दछन् । तर यो व्यवहारिक जीवनमा राम्रो कुरा होइन । ईश्वर निराकर छन् र प्रत्येक प्राणीको आत्म आत्ममा ईश्वरको वास हुने गर्छ । त्यसैले ईश्वरलाई दुःखमा मात्र नभई सदा सर्वदा सम्झिरहनु पर्दछ भन्ने आशय यस चुड्का भजनमा व्यक्त गरिएको छ :-

जपिदैन हरि

मनमा पीर नपरी ।

राम राजकुलमा जन्मेर राजगद्धीको भोग गर्नु पर्ने अवस्थामा आफ्ना पिताको वचन मानी वनबास गएका थिए । उनलाई वनमा पनि सारा दुःख कष्ट भोग्नुपर्‍यो । कुनै पनि प्रसिद्धि कमाउनका लागि सांसारिक सुखभोगलाई त्याग गरी साहस, धैर्यता र तपस्या गर्नुपर्छ भन्ने कुरा यस सिलोकमा व्यक्त गरिएको छ :-

यस्ता आपत श्रीराममा परे प्रत्यक्ष नै देखियो

दुःखको अखडा रहेछ बुझियो निस्सार संसार यो ।

तस्मात् धैर्य विज्ञ जनले थापी विपतमा मन

मन उद्योगी रहनु पमत्त नहुनू यही भन्छ रामायण ।

मानिस सत् मार्गमा हिड्नुपर्छ । सत् मार्गमा हिडियो भने जीवन सुखी हुन्छ । मानिस भएर जन्म लिएपछि सुखमा नआत्तिनु र दुःख परे पनि धैर्य हुन सक्नुपर्छ भन्ने नीति र उपदेशका कुरा यहाँका केही लोकगीतले समेटेका छन् ।

### ५.१.६ कृषिको चित्रण

नेपाल कृषिप्रधान देश हो । यहाँका अधिकांश मानिसहरूको मुख्य पेसा कृषि हो । अन्य क्षेत्रका जस्तै यहाँका मानिसहरू धेरैजसो समय खेतीपातीको काममा नै व्यस्त हुन्छन् । विभिन्न मौसम अनुसारका खेतीपाती लगाउनु यहाँका मानिसहरूको दिनचर्या बनेको पाइन्छ । ती खेतीपातीको गोडमेल गर्नु र थन्क्याउने कार्यमा यहाँका महिला र पुरुष दुवै सहभागी हुने गर्छन् । खेतीपाती गरेर आफ्नो जीविका चलाउने हुनाले रातदिन काममा नखटी जीवन धान्न समेत मुस्किल पर्छ । यसरी रातदिन काम गर्दा कहिले काही निराश र दिक्क लाग्दो अवस्था पनि आउन सक्छ । काम गर्दा कुनै थकानको महसुस नहोस्,

हाँसीखुसी काम गर्न सकियोस् र काम गर्दा एक्लोपन नहोस् भनी मानिसहरू काम गर्दै गीत गाउने गर्दछन् । त्यस्तै आफ्ना मनका पीर, वेदना र हाँसखेलका साथै खेतीपातीको प्रसङ्गलाई लिएर पनि गीत गाउने गर्छन् । यस्ता कृषि सम्बन्धी गीत कुनै एकोहोरी, कुनै दोहोरी र कुनै सामूहिक खालका पनि हुन्छन् । यस्ता गीतहरू महिलाले एकल रूपमा बढी गाउने गरेको पाइन्छ ।

यहाँ वैशाख जेठमा मकै गोड्दा, घैया गोड्दा, असार साउनमा धान रोप्दा र मङ्सिरमा दाइँ राख्दाको प्रसङ्गलाई जोडेर गीत गाउँछन् । तल उल्लेख गरेको गीतमा घैयाको प्रसङ्गलाई जोडेर एउटा महिलाले गीत गाएकी छन् । जेठ महिनाको हपहपाउँदो घामको समेत कुनै प्रवाह नगरी एक्लै घैया गोडेको कथांशलाई गीतमा जोडिएको छ । उदाहरणका लागि गीतको अंश तल प्रस्तुत गरिएको छ : -

जेठै र मासका यिनै चर्का घाम
एकलै घैया गोड्छयौ नि है ।

अन्य समय भन्दा असार महिनामा किसानहरू बढी काममा सक्रिय हुन्छन् । यहाँका किसानहरूको मुख्यबाली धान हो । धान रोपाइँका समयमा हली र बाउसे हलो, जुँवा र कोदाली लिएर मेलामा जान्छन् भने महिलाहरू स्याखु, प्लास्टिक, र छत्री लिएर जाने गर्छन् । असार महिना मानो खाएर मुरी उब्जाउने समय हो भन्ने लोकप्रचलन यहाँका जनमानसमा पनि रहेको छ । असार महिनामा खेतमा काम गर्दा एकातिर घामको चर्को रापले खेतालाहरूलाई पोलेको हुन्छ भने अर्कोतिर झरी पर्ने तथा खेतका ग्रहामा पानी तातेर काम गर्न समेत अप्ठायारो हुन्छ । त्यही चर्को घामपानी र भोकतिर्खाको समेत कुनै प्रवाह नगरी सुखद:ख, हाँसखेल, वेदनाका कुरा, असार महिनामा गरिने विभिन्न काम र खानेकुरालाई समेत जोडेर गीत गाउने गर्छन् । हली र बाउसेले खेतको माटो लेदो बनाई समतल पारेका हुन्छन् । खेतालाहरू त्यही छपछपाउँदो हिलोमा माटोमा एक हातमा धानको बीउ अर्को हातले धान रोप्दै एक जनाले गीत झिक्ने र अरूहरूले छोप्दै सुरिलो स्वरमा असारे भाका घन्काउँछन् । जस्तै :-

छुपुमा छुपु खेतै र रोप्यौ हातमा बीउ छइन्जेल
भलै र लाम्ला भलै र खाम्ला शैवको जीउ छइन्जेल ।
हो किमा होइन, हो भनी देऊ न
शैवको जीउ छइन्जेल ।

असार जस्तै मङ्सिरमा पनि यहाँका किसानहरू व्यस्त हुन्छन् । असारमा रोपेको धान मङ्सिरमा धान काटेर केही समय सुकाएपछि कुन्यु बनाइन्छ । खलो बनाएर केही समयपछि दाइँ राखिन्छ । दाइँ गर्दा दयैँराहरूले कामको बाँडफाड गर्छन् । कोहीले धान चुट्ने, कोही पराल छिरोल्ने र कोही गोरु खेदाउने काम आआफ्नै तवरले गरी राखेका हुन्छन् । काम गर्दा थकानको महसुस नहोस्, सहज तरिकाले काम सकियोस् र मनोरञ्जन होस् भन्ने उद्देश्यले दाइँगीत गाउँछन् । दयैँराका बीचमा पनि घोचपेच र हाँसोठट्टा हुने गर्दछ । मङ्सिरमा दाइँ राख्दा गोरुको विशेष महत्व हुन्छ । गोरुको सिङको र खुरको विशेष वर्णन गरिएको हुन्छ । गोरुले गरेको कामको बयान गर्दै गाएको गीतको अंश यस्तो छ :-

सिङले बोक खुरले माड मेरो भाइ बरादो हो ।
कानले बत्ताऊ पुछारले बडार हवाइ हवाइ हो ।
ह ह ह ...................

पहिले पहिले सासूले बुहारीलाई विभिन्न प्रकारले दुःख दिने काम गर्थे । बुहारीलाई खान समेत अड्कलेर दिने गर्थे । घरमा र मेलापातमा जति काम गरे पनि दोषै मात्र दिएको पाइन्थ्यो । घरमा बुहारीको कुनै पनि किसिमको हैकम हुँदैनथ्यो । यहाँ उल्लेख गरिएको गीतमा पनि बुहारीले दुःख पाएको कुरा व्यक्त गरिएको छ :-

हरियो परियो बटौली झरियो
हिजैका कमाइले यस्तालाई परियो ॥१॥
न मैले खानु न मैले लाउनु
कुन कुराले मन लोक बुझाउँनु ॥२॥

यहाँका मानिसहरूको अधिकांश समय त्यही कृषि कार्यमा बित्दछ । तिनीहरुले कृषिकार्य गर्दा खेतीपातीसँग सम्बन्धित गीतहरूका साथै आफ्ना मनका दुःख, विरह र वेदनाका भावले सजिएका गीतहरू गाएको पाइन्छ । यहाँका लोकगीतले खेतीबालीसँग सम्बन्धित पक्षलाई यथार्थ रूपमा प्रस्तुत गरेको छन् ।

## ५.२ काव्यशास्त्रीय मान्यताका आधारमा लोकगीतको विश्लेषण

लोकगीत लोकसाहित्यको एक महत्वपूर्ण विधा हो । लोकसमाजमा नै लोकगीतको जन्म हुन्छ । साहित्यका अन्य विधाहरू काव्यशास्त्रीय बन्धनमा बाँधिए पनि लोकसाहित्यको विधा लोकगीत बन्धनरहित हुन्छ । लोकगीत स्वतःस्र्फूत रूपमा रचना गरिए पनि यसमा

केही न केही काव्यशास्त्रीय नियम परेको हुन्छ । यस क्षेत्रका लोकगीतहरूलाई काव्यशास्त्रीय मान्यताका आधारमा विश्लेषण गर्दा छन्द, रस, अलङ्कार र माध्यमबाट सङ्क्षेपमा चर्चा गर्न सकिन्छ ।

### ५.२.१ छन्दका आधारमा लोकगीतको विश्लेषण

छन्द भन्ने बित्तिकै शास्त्रीय छन्दलाई बुझिन्छ तर शास्त्रीय छन्दलाई मात्र छन्द भन्नु युक्ति सङ्गत देखिदैन । छन्द शब्द संस्कृतको 'छद्' धातुबाट आएको हो जसको अर्थ आवृत्त गराउने वा रक्षित गर्नुका साथै प्रसन्न गराउने पनि हुन्छ । लोकगीतमा पनि आफ्नै प्रकारको छन्द हुन्छ । लोकजीवनका संवेगात्मक गीति सुस्केरा, भावनात्मक एवम् अर्थपूर्ण लयात्मक अभिव्यक्ति आदिबाट छन्दको निर्माण हुने भएकाले परम्परागत एक पक्षीय दृष्टिले छन्दलाई सीमित पार्नु उचित हुँदैन । लोकगीतमा प्रयोग भएको छन्दले शास्त्रीय छन्दसँग भिन्नता राख्छ । कुनै पनि गीत लयका आधारमा बग्छ । लोकगीतको छन्द भन्नु नै लय हो । लय विधानका दृष्टिले हेर्दा यहाँका लोकगीतहरूमा विभिन्न लय पाइन्छन् ।

#### ५.२.१.१ झ्याउरे लय

झ्याउरे लय लोकगीतको एउटा प्रकार हो । यो नेपाली लोकजीवनमा निकै प्रचलित लोकलय हो । झ्याउरे लयलाई गण वा मात्राका आधारमा विश्लेषण गर्न सकिन्न । झ्याउरे लयलाई ठाउँअनुसार फरक फरक आकार प्रकार र लयमा विभाजन गर्न सकिन्छ । लोकगीतमा झ्याउरेका विभिन्न भेद छन् । यस क्षेत्रका लोकगीतलाई पनि छोटो, मझौला र लामो आदि आधारमा विभाजन गरिएको छ ।

छोटो झ्याउरे (१४/१६) अक्षर :-

मेरो मयाँ छ भने तेता छ भने तेता
पानी खाने निहुँ पारि आऊ यता

मझौला झ्याउरे (१७/१८) अक्षर :-

असार महिना दश र पन्ध्र रोपाइँको चटारो
राखने लुगा झिकिदेऊ आमा गौंथले पेटारो ।

लामो झ्याउरे (१९-२२/२३) अक्षर :–

छुपुमा छुपु खेतै र रोप्यौ साउने झरीमा
साउने झरीमा -------
वचन त माइतीका गडेका पो नै छन् सम्झन्छु घरीमा ।

### ५.२.१.२ सवाई लय

यो पनि लोकजीवनमा प्रचलित एउटा लोकलय हो । जीवन जगत्का ऐतिहासिक, सामाजिक र सांस्कृतिक आदि क्षेत्रका मार्मिक घटना र व्यवहार यस लयमा व्यक्त गरिएको पाइन्छ । सवाई लयमा १२, १३, १४, १५, १६ र त्यस भन्दा पनि बढी अक्षर भएका पाउ हुन सक्छन् । ७/८ अक्षरमा विश्राम र दुई पाउको अन्त्यमा पूर्ण विश्राम हुन्छ । जस्तै :-

पोखराको बजारमा शिरफुलको लइन
विदेश जाने स्वामीको सुन बइन ।
विदेशबाट आएको सातै दिन भएका
घाँस काट्ने भनेर वन गएका ।

### ५.२.१.३ सिलोके लय

यस क्षेत्रमा गाइने लोकगीतहरूमा सिलोकलय पनि पर्दछ । यहाँका केही सिलोकहरूमा मानिसहरूलाई नीति उपदेशका कुरा भनिएका छन् । केही सिलोकहरूमा महिलाहरूका विरह र वेदना पनि पोखिएका छन् । सिलोके छन्दमा लय संरचना म.स.ज.स.त.त.गु.गण हुन्छन् तर लोकलयमा आउँदा स्वरले मात्र टिप्ने गरिन्छ । सिलोकहरू १९ अक्षरे शार्दूलविक्रीडित छन्दमा बने तापनि २२/२३ अक्षरसम्मका पनि भेटिएका छन् । यो छन्द ७ र १२ अक्षरमा विश्राम हुन्छ । सिलोक गीत गीति लयका हिसाबले गीत जस्तो नभई कविताका रूपमा देखा परे पनि श्लोक जस्ता भाकामा गाइन्छ । जस्तै :-

काँडो मात्र बिझ्यो भने कुनै दिन आफ्ना शरीरमा
कत्रो दु:ख हुनेछ त्यसै बखतमा सम्झी लिनु मनमा ।
यत्रो लौ खुकुरी उठाई बलले घित्रो छिदालिकन
खानैपर्छ भने नखाइरहुला भन्छन् ठूलासञ्जन ॥१॥

यहाँ भनिने सिलोकेगीतहरूमा स्रग्धरा, उपजाति र बसन्ततिलका आदि छन्दमा प्रयोग भएका भेटिन्छन् । छन्दका आधारमा लोकगीतको निर्माण गरिएको हुँदैन तर सहज रूपमा कुनै न कुनै छन्द यी गीतहरूमा आएका पाइन्छन् तर छन्दका बारेमा लोकगायक गायिकाहरूलाई थाह हुँदैन ।

## ५.२.२ रसका आधारमा लोकगीतको विश्लेषण

सामान्यतया रस भन्नाले कुनै तरल पदार्थ भन्ने बुझिन्छ । रस संस्कृतको 'रस्' धातुबाट बनेको शब्द हो तर साहित्यमा रस भन्नाले साहित्यिक रचनाको अध्ययनबाट पाइने

आनन्द भूतिलाइ बुझिन्छ । रसले कुनै पनि साहित्यिक कृति वा गीतलाई रोचक बनाउँछ । साहित्यिक कृतिमा शास्त्रीय नियमको पालना भए पनि लोकगीतमा पूर्ण रूपमा यसको परिपालना सम्भव छैन । यति भन्दा भन्दै पनि लोकगीतमा स्वतःस्फूर्त रूपमा कुनै न कुनै रसको प्रयोग भएको हुन्छ । रसका आधारमा यहाँका लोकगीतलाई हेर्दा विभिन्न रसका पाइन्छन् । यहाँका लोकगीतहरूमा बढी मात्रामा शृङ्गार र करुण रस पाइनुका साथै वीर, शान्त, हाँस्य, बीभत्स, रौद्र, र अद्भुत आदि रसहरू पाइन्छन् ।

### ५.२.२.१ शृङ्गार रस

परस्पर प्रेममा बाँधिएका नायक नायिका एक अर्काप्रतिको अनुरागको वर्णन भएमा शृङ्गार रस उत्पन्न हुन्छ । शृङ्गारको अर्थ कामेदेकको अवस्था हो । शृङ्गार रसले ओतप्रोत भएका गीतहरू विशेष गरेर युवा वर्गले बढी गाउने गर्दछन् । शृङ्गार रसलाई पनि संयोग शृङ्गार रस र विप्रलम्भ शृङ्गार रस गरी दुई प्रकारमा बाँड्न सकिन्छ ।

#### ५.२.२.१.१ संयोग शृङ्गार रस

नायक नायिका बिलासको अवस्थामासँगै रहेर एक आपसमा प्रेमपूर्ण दर्शन, भाषण, स्पर्शन र आलिङ्गन आदि गर्दै रमाएको भाव व्यक्त गरिएमा संयोग शृङ्गार रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव रति वा प्रेम हो । युवायुवती बीच मिलनको अवस्थामा प्रायः यो रसका गीत गाएको पाइन्छ । यहाँका रत्यौली र झ्याउरे आदि गीतमा संयोग शृङ्गार रसको प्रयोग पाइन्छ । उदाहरणको लागि झ्याउरे गीतको अंश तल प्रस्तुत गरिएको छ :-

मयासँग भेट भको दिन त
झर्छ आँसु पानी झैँ एकछिन त ।

माथि उल्लेख गरिएको गीतमा मायालु जोडीको मिलन भएको अवस्था छ । मिलनको क्षणमा एक आपसमा हर्षले आँसु बगाएको कुरा गीतमा वर्णन गरिएकाले यो संयोग रसले युक्त गीत हो ।

#### ५.२.२.१.२ विप्रलम्भ शृङ्गार रस

नायक नायिकाको वियोग वा विछोडजन्य प्रेमको वर्णन भएमा विप्रलम्भ शृङ्गार रस उत्पन्न हुन्छ । यसको स्थायी भाव रति वा प्रेम हो । आजभोलि धेरै युवा रोजगारीको सिलसिलामा विदेश गएका हुन्छन् । घरमा श्रीमतीले विदेशिएको पतिको सम्झनामा तड्पिएर विरह र वेदनाले भरिएको गीत गाउँछिन् । त्यस्तै मायालु जोडी बिछोडिएको कथाव्यथा बोकेको गीतको अंश तल प्रस्तुत गरिएको छ :-

हे ऐ, हितको माया लाहुरै जानी

कसो गरी जिन्दगी गुजार्नी ?

यस गीतमा मायालु जोडी बिछोड भएको भाव व्यक्त भएकाले यहाँ विप्रलम्भ शृङ्गार रस परेको छ ।

**५.२.२.२ हाँस्य रस**

शारीरिक, मानसिक र भाषिक आदि विकृति र विसङ्गतिहरूलाई देख्दा हास्य रस उत्पन्न हुन्छ । अरू हाँसेको देखेर अथवा आफैँमा हाँसो उत्पन्न भएमा यस रसको सिर्जना हुन्छ । यस रसको स्थायी भाव हास्य वा हाँसो हो । यसमा कसैलाई हाँसखेल, ठट्टा, घोचपेच र व्यङ्ग्य गर्दा यस्तो रसका गीत गाउने गरिन्छ । रत्यौली र दाइँ गीतलगायत अन्य गीतमा पनि हास्यव्यङ्ग्य र मनोरञ्जन पाइन्छ । यस क्षेत्रमा पनि हास्यव्यङ्ग्यले भरिएका केही गीतहरू गाइन्छन् । उदाहरणका लागि दाइँगीतको अंश तल प्रस्तुत गरिएको छ :-

मियोको टुप्पामा मेरो भाइ बरादो हो परालको तान्द्रो

गोरु धपाउने ठिटालाई मेरो भाइ बरादो हो मुसाको आन्द्रो ।

माथि उल्लेख गरिएका गीतमा गोरु धपाउने ठिटालाई मुसाको आन्द्रो भनी व्यङ्ग्य गरिएकाले यस गीति अंशलाई हास्य रसले युक्त गीत हो भन्न सकिन्छ ।

**५.२.२.३ वीर रस**

युद्ध, दया, दान र धर्म सम्बन्धी कार्यमा उत्साह र सक्रियतापूर्वक काम भयो भने वीर रस उत्पन्न हुन्छ । यसको स्थायी भाव उत्साह हो । अन्यायका विरुद्धमा वीरता प्रदर्शन गर्दा, वीर रसको सिर्जना हुन्छ । नमुनाको लागि तीजेगीतको अंश तल प्रस्तुत गरिएको छ :-

परपाहुना राख्न परे त्यही नारीलाई चाहिन्छ

नारीलाई दमन गर्न कहाँ पाइन्छ ?

नारी पनि हुनुपर्ने यही देशको सन्तान

नारीलाई पुरुषले कमजोर नठान ।

भृकुटी र सीता पनि यही देशका नारी हुन्

यी मरिगए तर लगाएर गुन ।

गर्न सक्छन् देशको विकास नारीलाई नै पढाए

पुरुष भन्दा केको कमी अघि बढाए ।

माथि उल्लेख गरिएका गीतमा नारीले अवसर पाए जे काम पनि गर्न सक्छन् भन्ने विरताको भाव प्रकट गरिएकाले उक्त तीजेगीत वीर रसले युक्त गीत हो ।

### ५.२.२.४ करुण रस

पुत्रादि तथा प्रियजनको वियोग, तिनको विपत्ति देखेर वा सुनेर वा विनाश देखेर मनमा उत्पन्न हुने विकलताबाट करुण रस उत्पन्न हुन्छ । यसको स्थायी भाव शोक हो । यहाँका धेरैजसा गीतहरूमा करुण रस भेटिन्छ । यस्ता लोकगीतहरूमा विरह, वेदना, कारुणिक र मर्मस्पर्शी भावहरू प्रशस्त रूपमा रहेका हुन्छन् । उदाहरणका लागि भजनको एक टुक्का तल प्रस्तुत गरिएको छ :-

राम गए वनबास, पिता वचन मान्न
राम बिना सकिएन, दशरथलाई धान्न ।

माथि उल्लेख गरिएको भजनमा राम र दशरथका बीच पितापुत्रको अतुलनीय प्रेम भए पनि सौतेनी आमाको व्यवहारले रामलाई वनवास पठाउन पर्दा दशरथलाई हृदयविदारक पीडा परेको कुरा उक्त गीतबाट पुष्टि भएको छ । त्यसैले यो गीतमा करुण रस परिपाक भएको छ ।

त्यस्तै आफ्ना पतिको वियोगमा छट्पटाएर बाँच्नुपर्दाको क्षणमा एउटी महिलाले गाएको सिलोक यस्तो छ :-

उज्यालो पानसको झलमल त्यही पलाङमा
यस्तैमा विउझे छुरी झैँ गड्यो हृदयमा ।
अभागिनी धिक्कार पति पनि भजेन करिमले
बाँच्नै गाऱ्हो भयो काँडा बिझ्यो मरिमले ॥१॥

कुनै आफन्त पर्ने मानिसको वियोग, पीडाको अवस्था, कारुणिक र मर्मस्पर्शी घटनाका गीतमा करुण रस उत्पन्न हुन्छ ।

### ५.२.२.५ बीभत्स रस

घृणित वस्तुलाई देखेर वा स्मरण गरेर बीभत्स रस उत्पन्न हुन्छ । बीभत्स रसको स्थायी भाव घृणा हो । अन्य रसका तुलनामा यहाँका लोकगीतहरूमा बीभत्स रसका धेरै गीत भेटिएका छैनन् । उदाहरणका लागि सिलोकगीतको अंश तल प्रस्तुत गरिएको छ :-

जति छन् त्यसका शरीर भरिमा दशलाख रुम गन
त्यहाँ भन्दा पनि नर्क भोग्न पर्नेछ मंस खाने त्यो जन ।

माथि उल्लेख गरिएको सिलोकमा मासु खाने मान्छे मरेपछि नर्क जस्तो फोहोरी ठाउँमा वास गर्नुपर्छ भनेर घृणाको भाव व्यक्त गरिएकाले बीभत्स रस उत्पन्न भएको छ ।

**५.२.२.६ शान्त रस**

संसारको अनित्यता र निसारताको बोधबाट उत्पन्न हुने वैराग्यपूर्ण चित्तवृत्तिबाट शान्त रसको उत्पत्ति हुन्छ । यसको स्थायी भाव वैराग्य हो । सिलोक, भजन जस्ता लोकगीतमा आध्यात्मिकता पाइने भएकाले यिनमा बढी शान्त रस पाइन्छ । यस्ता रसका गीतहरू युवाले भन्दा बुढापाकाहरूले बढी गाउन मन पराउँछन् । त्यस्तै आध्यात्मिक भावनाले ओतप्रोत भएको चुड्का भजनको उदाहरण यस्तो छ :-

धोका तिरिथैको
छैन माया घरको ।

माथि उल्लेख गरिएको चुड्का भजनमा मानिस भएर जन्म लिइसकेपछि सांसारिक माया ममतामा मात्र भुल्नु हुँदैन र भोलिका लागि विभिन्न तीर्थस्थलमा दर्शन गरेर मुक्ति हुने बाटो अपनाउनु पर्छ भन्ने आध्यात्मिकताको भाव प्रकट गरिकाले यस गीतमा शान्त रस परिपाक भएको छ ।

**५.२.२.७ रौद्र रस**

आफूमाथि गरेको अपमानजनक व्यवहार, देश र धर्मको अपकार र अपमान गरेमा रौद्र रस उत्पन्न हुन्छ । यस रसको स्थायी भाव क्रोध हो । आफूले गरेको कामप्रति जस नदिने र अपमानजनक पूर्ण व्यवहार गर्दा यस्ता रसका गीतहरू गुन्जने गर्दछन् । यहाँका केही लोकगीतहरूमा यस्ता रसका गीतहरू भेटिएका छन् । उदाहरणका लागि तीजेगीतको केही अंश तल प्रस्तुत गरिएको छ :-

चिया पिउने निहुँ पारेर गए स्वामी हामीलाई
रक्सी, मासु, चुरोट चाहियो स्वामीलाई ।
रक्सी, मासु, चुरोट सधैं पुग्ने स्वामीलाई
कपडा धुने साबुन पनि छैन हामीलाई ।
हक आयो नेपालमा नारीपुरुष बराबर
नारीमाथि अन्याय गर्छन् सरासर ।
पुरुषहरू भाषण गर्छन् कुर्चीमाथि बसेर

नारीलाई गर्नुपर्ने जुठो कसेर ।

पुरुषलाई रक्सी, मासु र चुरोट जे खान पनि पैसा पुग्ने र उनीहरूलाई घरको काम बारे कुनै चासो नहुने नारीलाई अधिकार दिनुपर्छ भनेर भाषण गरे पनि व्यवहारमा त्यस्तो गरेको देखिदैन भनी आफूलाई कपडा धुने साबुन समेत नपाएको रिस यस गीतमा व्यक्त गरिएकाले यहाँ रौद्र रस परेको छ ।

**५.२.२.८. अद्‌भुत रस**

अलौकिक अथवा विचित्र वस्तु देखेर अद्‌भुत रस उत्पन्न हुन्छ । विस्मय वा आचार्य अद्‌भुत रसको स्थायी भाव हो । यहाँका केही गीतमा अद्‌भुत रसका गीत भेटिएका छन् । जानकारीका निम्ति यहाँको गीतको एउटा अंश यस्तो छ :-

साँच्चै भने कृष्णजी त सात कला जटा दिए ।
कान्छी औँलाले गोर्वद्धन पर्वत उठाई गोकुल बासीको
दुःख हरण गराइ दिए ।
गोर्वद्धन धारी
जय जय कृष्ण मुरारी ।

प्रस्तुत गीतमा कान्छी औँलाले गोर्वद्धन पर्वतलाई उठाउनु अद्‌भुत कार्य हो । यस्तो कार्यको प्रसङ्ग उक्त गीतमा गरिएकाले अद्‌भुत रस परिपाक भएको छ ।

यसरी यस क्षेत्रका लोकगीतहरूमा कुनै न कुनै रसको परिपाक भएका छन् । रसानुभूतिका दृष्टिले हेर्दा यहाँको लोकगीतहरू बढी रसिला र मार्मिक देखापरेका छन् भन्न सकिन्छ ।

**५.२.३ अलङ्कारका आधारमा लोकगीतको विश्लेषण**

काव्यको सौन्दर्यपरक तत्वका रूपमा अलङ्कारलाई लिन सकिन्छ । काव्यमा अलङ्कारलाई आभुषणका रूपमा लिन सकिन्छ तर साहित्यमा झैँ शास्त्रीयताको पालना लोकसाहित्यमा गरिंदैन । काव्य वा लोकगीत जसलाई पनि सुन्दर बनाउनका लागि अलङ्कारको प्रयोग गरिन्छ । लोकगीतमा पनि अलङ्कार आएको हुन्छ तर यो आयोजित रूपमा नभई स्वतःस्फूर्त रूपमा प्रयोग भएको हुन्छ । लोकसाहित्यको एक भेद लोकगीत भएकाले लोकगायक गायिकाले यस बारे चासो नदिए पनि केही न केही रूपमा अलङ्कार आएको हुन्छ । भामहले शब्द र अर्थको वक्रोक्ति अलङ्कार हो भनेका छन् भने आचार्य दण्डीले काव्यको शोभाकारक धर्मलाई अलङ्कार भनेका छन् । त्यसैले काव्यको शोभाकारक

तत्त्वलाई अलङ्कार भनिन्छ । यस क्षेत्रका लोकगीतमा शब्दालङ्कार र अर्थालङ्कार दुवै आएका छन् । एउटै लोकगीतमा पनि विभिन्न अलङ्कार देख्न सकिन्छ । शब्दालङ्कार र अर्थालङ्कारका पनि विभिन्न भेद उपभेदहरू रहेका छन् ।

**५.२.३.१ शब्दालङ्कार**

शब्द सौन्दर्यका आधारका काव्य वा साहित्यलाई अलङ्कृत पार्ने तत्वलाई शब्दालङ्कार भनिन्छ । यसमा प्रयुक्त वर्ण, पद वा वाक्य परिवर्तन गर्न नसकिने स्थितिमा आएको हुन्छ । शब्दालङ्कारका पनि विभिन्न भेद र उपभेद रहेका छन् । यस क्षेत्रका लोकगीतहरूमा मुख्य गरेर छेकानुप्रास, वृत्यानुप्रास, अत्यानुप्रास र श्रृत्यानुप्रास जस्ता अलङ्कार आएका छन् । यहाँ थप्रेक क्षेमा गाइने लोक गीतमा प्रयुक्त यिनै अलङ्कारहरूलाई उदाहरण सहित सङ्क्षेपमा चर्चा गरिएको छ ।

**५.२.३.१ (क) छेकानुप्रास अलङ्कार**

अनेक व्यञ्जन वर्णहरूको उस्तै क्रमले एकपटक आवृत्ति भयो भने छेकानुप्रास अलङ्कार हुन्छ । छेकानुप्रास अलङ्कारको उदाहरणका रूपमा तल गीतको अंशलाई लिन सकिन्छ :-

वर्ष दिनको तीजमा बाबा लिन आउनुभो
हाम्री बज्यै पापिनीले शिरफुल लुकाइन् ।

प्रस्तुत गीतमा अनेक वर्णहरू उस्तै क्रमले एकपटक मात्र आवृत्त भएका छन् ।

**५.२.३.१ (ख) वृत्यानुप्रास अलङ्कार**

उही क्रममा एक वा अनेक व्यञ्जनहरूको पटकपटक पुनरावृत्ति भयो भने वृत्यानुप्रास अलङ्कार हुन्छ । जस्तै :-

टुट्नु टुटे लुटनु लुटेछ
ऐना सरी यो जीवन फुटेछ ।

यहाँ ट, न व्यञ्जन वर्ण अनेक पटक आवृत्त भएका छन् ।

**५.२.३.१(ग) अत्यानुप्रास अलङ्कार**

पाउको आधा वा पाउको अन्त्यमा समान वर्ण दोहोरिए भने अन्त्यानुप्रास अलङ्कार हुन्छ । जस्तै :-

पापी मनको जालैमा परेर
मनको माया गयोनि मरेर

माथि उल्लेख गरिएको गीतको अंशको अन्त्यमा 'परेर' र 'मरेर' जस्ता समान वर्ण समूह आएका छन् । तसर्थ यो गीत अत्यानुप्रास अलङ्कारयुक्त गीत हो ।

**५.२.३.१(घ) श्रृत्यानुप्रास अलङ्कार**

कुनै स्थानबाट उच्चारण हुने वर्णहरू बारम्बार दोहोरिए भने श्रृत्यानुप्रास अलङ्कार हुन्छ । जस्तै :-

आ है, भनभन भाइ हो - देउसीरे
आ है, राम्ररी भन - देउसीरे
आ है, यो घर कत्रो - देउसीरे
आ है, दरबार जत्रो - देउसीरे

माथि उल्लेख गरिएको देउसी गीतमा 'देउसीरे' शब्द पटकपटक दोहोरिएकाले यस गीतमा श्रृत्यानुप्रास अलङ्कार परेको छ ।

**५.२.३.२ अर्थालङ्कार**

अर्थमा चमत्कार भयो भने अर्थालङ्कार हुन्छ । यो अलङ्कार शब्दको अर्थमा आधारित हुन्छ । यसले शब्दको अर्थगत चमत्कारबाट काव्यसौन्दर्य उत्पन्न गर्छ । अर्थालङ्कारका विभिन्न प्रकारहरू छन् । यस क्षेत्रका लोकगीतहरूमा शब्दालङ्कारका साथै अर्थालङ्कारको प्रयोग पनि स्वतस्फूर्त रूपमा आएका छन् । यस क्षेत्रका लोकगीतमा मुख्य गरेर उपमा, दृष्टान्त, अतिशयोक्ति र स्वभावोक्ति जस्ता अलङ्कारहरू भित्रिएका छन् ।

**५.२.३.२ (क) उपमा अलङ्कार**

उपमाको अर्थ नजिक वा छेउको हो । अतः कुनै वस्तुलाई अर्को वस्तुको नजिकमा राखेर समानता देखाई दाँजियो भने उपमा अलङ्कारको सिर्जना हुन्छ । उदाहरणका रूपमा यहाँका गीतको एउटा अंश तल प्रस्तुत गरिएको छ :-

ज्यान सुक्यो कडुजे स्याउली झैँ
हाहै, रुन्छ मन वनैको न्याउली झैँ ।

प्रस्तुत गीतमा न्याउली चरीसँग आफू दाँजिनु नै उपमा अलङ्कारको उदाहरण हो ।

**५.२.३.२(ख) दृष्टान्त अलङ्कार**

दुई वा दुईभन्दा बढी वाक्यार्थमा एउटै धर्म नभए पनि ती बिम्ब र प्रतिबिम्ब जस्ता भई वाक्यार्थको समानता बुझाएका छन् भने त्यस्ता अलङ्कारालाई दृष्टान्त अलङ्कार भनिन्छ । यस्ता अलङ्कारमा पहिले केही कुरा भनेर त्यसको पुष्टिका लागि त्यसै अनुसारको अन्य कुरा भनिन्छ । दृष्टान्त अलङ्कार प्रयोग भएको गीतको एउटा अंश तल प्रस्तुत गरिएको छ :-

जस्तो हुन्छ मेरी आमा तप्केनीको खेती नि
उस्तै भयो मेरी आमा घरमा सौता नि ।

प्रस्तुत गीतमा सौताको दृष्टान्तका रूपमा तप्केनीको खेती आएको छ ।

**५.२.३.२ (ग) अतिशयोक्ति अलङ्कार**

कुनै कुरालाई बढाइ चढाइकन वर्णन गर्नु वा उपमेयको उल्लेख नगरी उपमानको आरोपबाट मात्र विशिष्ट बनाएर उल्लेख गर्नुबाट अतिशयोक्ति अलङ्कारको सिर्जना हुन्छ । यहाँका केही लोकगीतहरूमा अतिशयोक्ति अलङ्कार पाइन्छ । उदाहरणका लागि गीतको एउटा अंश तल प्रस्तुत गरिएको छ :-

यो मनमा छ माया कति
छाती चिरी देखाउँछु एकचोटी ।

प्रस्तुत गीतमा मनको माया देखाउनका लागि छाती चिर्ने कार्य असम्भव भएकाले यस गीतमा अतिशयोक्ति अलङ्कार परेको छ ।

**५.२.३.२(ङ) स्वभावोक्ति अलङ्कार**

'स्वभाव' र 'उक्ति' शब्दका मेलबाट स्वभावोक्ति शब्द बनेको छ । स्वभावले व्यक्ति वा वस्तुको बानी, बेहोरा र गुणलाई बुझाउँछ । कुनै प्राणीको मिल्दोजुल्दो गुण र विशेषतलाई वर्णन गरियो भने स्वभावोक्ति अलङ्कार हुन्छ । यहाँका केही लोकगीतहरूमा स्वभावोक्ति अलङ्कार पनि पाइन्छ । जस्तै :-

रुदैं-रुदैं आएर पिँढी छेउमा बस्नी हो
कसको मुख हेरेर भित्र पस्नी हो ?
सासू मुख हेरौँ भने उमालेको गाभा झैँ
स्वामी मुख हेरौँ भने वनको बाघ झैँ

यस गीतमा सासूलाई उमालेको गाभा झैँ र स्वामीलाई वनको बाघसँग उनीहरूको स्वभाव चित्रण गरिएकाले स्वभावोक्ति अलङ्कार परेको छ ।

## ५.३ भाषिक आधारमा विश्लेषण

भाषा विचार विनिमयको साधन हो । लिखित वा मौखिक जुनसुकै साहित्यिक विधाका निम्ति भाषाको माध्यम अपरिहार्य हुन्छ । भाषाको प्रयोग बिना साहित्यिक अभिव्यक्तिको कल्पना गर्न सकिँदैन । त्यस्तै लोकगीतको भाव वा विचार तथा सन्देशलाई श्रोतासम्म पुऱ्याउन भाषाको नै आवश्यकता पर्छ । लोकसाहित्यको विधा लोकगीतले लिखित भाषा भन्दा लोक भाषालाई नै प्राथमिकता दिन्छ र लोक बोलीमा नै आफूलाई प्रकट गर्छ । लोकगीतलाई लोकले हुर्काउँदै आएको हुनाले यसमा लोकभाषाको प्राधान्यता हुन्छ ।

भाषाको प्राचीन रूप र क्षेत्रीय भेद अध्ययनमा लोकगीतले ठूलो सहयोग पुऱ्याएको हुन्छ । भाषाभित्र देखिएका धेरै समस्याहरूलाई लोकगीतका माध्यमबाट समाधान गरिन्छ । लोकगीतमा ठाउँअनुसारको स्थानीय भाषा र भाषिकाको प्रभाव यथेष्ट परेको हुन्छ । अन्य दृष्टिकोणबाट जस्तै भाषिक दृष्टिले लोकगीतको अध्ययन महत्वपूर्ण रहेको पाइन्छ ।

थप्रेक क्षेत्रमा विविध जातजातिको बसोबास भएकाले यहाँको भाषा र बोलीमा विविधता रहेको पाइन्छ । यहाँ मुख्य गरेर ब्राह्मण, क्षेत्री, गुरुङ, मगर र दलित आदि जातिहरूको बसोबास छ । यहाँ मगर र गुरुङ लगायत केही जातिहरूको आफ्नै मातृभाषा छ । अन्य जाति र यिनीहरूले विचारविनिमयका रूपमा नेपाली भाषालाई नै अपनाएको पाइन्छ । सबै जातिहरूले बोल्ने नेपाली भाषामा पनि केही न केही स्थानीय भाषिकाको प्रभाव परेको छ । भाषिक दृष्टिले यहाँका लोकगीतहरूलाई अवलोकन गर्दा नेपाली भाषाका गीतमा जातिअनुसार जनजिभ्रोबाट स्वच्छन्द रूपमा उच्चारण हुने कथ्य भाषा र लेख्य भाषामा पनि भिन्नता देख्न सकिन्छ ।

लोकगीतमा परिष्कृत स्तरिय लेख्य भाषाको खासै ख्याल गरिदैन । लोकगीतमा कथ्य भाषाको प्रयोग प्रशस्तै भेट्न सकिन्छ । यहाँका लोकगीतको कथ्य रूप र लेख्य रूपका उदाहरण तल प्रस्तुत गरिएको छ :-

| **स्थानीय कथ्य रूप** | **स्तरीय लेख्य रूप** |
|---|---|
| भा’को | भएको |
| मयाँ | माया |
| आ’को | आएको |
| निमतो | निम्तो |
| दनित | दाँत |
| परयो | पऱ्यो |

| | |
|---|---|
| तिम्लाई | तिमीलाई |
| ल्याछ | ल्याएको छ |
| भाछ | भएको छ |
| भया | भाइ |
| तिमरो | तिम्रो |
| बैनी | बहिनी |
| बिहा | विवाह |
| रैच | रहेछ |
| गाम | गाउँ |
| मैना | महिना |
| काँ'को | कहाँको |
| पइले | पहिले |
| मारन | मार्न |

यहाँका मगर, गुरुङ र ठकुरी आदि जातिहरूले बोल्ने शब्दहरूमा त, थ, द र ध को ठाउँमा क्रमशः ट, ठ, ड र ढ वर्णको प्रयोग गर्दछन् । यहाँका लोकगीतमा उक्त प्रकारका भाषिक विशेषता पाइन्छ ।

### ५.४ निष्कर्ष

विश्लेषणात्मक अध्ययनको क्रममा यहाँका लोकगीतलाई मुख्य गरेर विषय, काव्य र भाषिक आधारमा विश्लेषण गरिएको छ । विषयका आधारमा यहाँका लोकगीतलाई सामाजिक, आर्थिक, प्राकृतिक, नीति तथा उपदेशात्मक तथा कृषि सम्बन्धी गरी ६ प्रकारमा विश्लेषण गरिएको छ । काव्यका आधारमा यहाँका लोकगीतलाई छन्द, रस र अलङ्कारका आधारमा विश्लेषण गरिएको छ । छन्दका आधारमा सिलोके, झ्याउरे र सवाईका आधारमा लोकगीतको विश्लेषण गरिएको छ । रसका आधारमा यहाँका लोकगीतलाई शृङ्गार, शान्त, वीर, करुण, रौद्र र अद्भुतरसका आधारमा विश्लेषण गरिएको छ । अलङ्कारका आधारमा यहाँका लोकगीतलाई शब्दालङ्कार र अर्थालङ्कार गरी दुई आधारमा विश्लेषण गरिएको छ । यहाँका लोकगीतलाई भाषामा आधारमा विश्लेषण गर्दा यहाँका लोकगीतमा भाषिकाको पर्याप्त प्रभाव भेटिएको छ । यहाँका लोकगीतमा स्थानीय कथ्य रूप र लेख्य रूपमा केही भिन्नता देखिएको छ । साहित्यका विधाहरूमा शास्त्रीयताको पूर्ण पालना अनिवार्य हुन्छ तर लोकसाहित्यको विधा लोकगीतमा त्यो पक्ष अनिवार्य नभई स्वतःस्फूर्त रूपमा आएको हुन्छ ।

# अध्याय छ

# निष्कर्ष

## ६.१ सारांश

थप्रेक क्षेत्र तनहुँ जिल्लाको उत्तरी सिमानामा अवस्थित छ । भौगोलिक बनावटलाई हेर्दा यो क्षेत्र उच्च पहाडी क्षेत्र, भिरालो जमिन र केही मात्रामा सम्म फाँट रहेको छ । यहाँबाट विभिन्न हिमश्रृङ्खलाको दृश्य अवलोकन गर्न सकिन्छ । त्यस्तै यस क्षेत्रमा साना-ठूला खोलाहरू पनि रहेका छन् । यो क्षेत्र प्राकृतिक सम्पदाले धनी छ । यस क्षेत्रको अधिकांश भूभाग वनजङ्गलले ढाकिएको छ । यस क्षेत्रमा घरायसीका साथै वनमा पाइने विभिन्न फलफूल र जडीबुटीहरू पाइन्छन् । यो क्षेत्र प्राकृतिक पर्यटन क्षेत्रका रूपमा घोषणा गरिएको छ । यहाँ विभिन्न जातजातिहरूको बसोबास रहेको छ । यहाँ मुख्य गरेर हिन्दूधर्म, इस्लाम धर्म र केही मात्रामा अन्य धर्महरूको पनि बाहुल्यता छ । यहाँ केही चाडपर्व सबै जातिका समान भए पनि केही जाति विशेषमा सीमित रहेका छन् । यस क्षेत्रमा विभिन्न पर्व मेला र फुर्सदको समयमा पनि गीत गाउने प्रचलन छ । यस क्षेत्रमा जम्मा आठ वटा विद्यालय र साक्षरता प्रतिशत लगभग ७० प्रतिशत रहेको छ ।

थप्रेक क्षेत्रलाई आधार बनाई यहाँ नेपाली भाषामा प्रचलित लोकगीतको अध्ययन गर्ने क्रममा "थप्रेक क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण" शीर्षकको प्रस्तुत शोधपत्र तयार पारिएको हो । यस शोधपत्रको अध्याय एकमा 'शोधपरिचय' शीर्षक उल्लेख गरी विभिन्न शीर्षकमा प्रस्तुत शोधपत्रलाई चिनाइएको छ । अध्याय दुईमा थप्रेक क्षेत्रको परिचय शीर्षक उल्लेख गरी लोकगीतको परिभाषा, तत्व र विशेषता बारे प्रकाश पारिएको छ । अध्याय चारमा 'थप्रेक क्षेत्रका लोकगीतको वर्गीकरण र परिचय' शीर्षक राखी थप्रेक क्षेत्रका लोकगीतका विभिन्न भेदलाई उदाहरण सहित चिनाइएको छ । अध्याय पाँचमा 'थप्रेक क्षेत्रका लोकगीतको विश्लेषण' शीर्षक राखी विषयवस्तु सङ्कलित लोकगीतलाई विश्लेषण गरिएको छ । अध्याय छ मा 'निष्कर्ष र सुझाव' शीर्षक राखी यस शोधपत्रको सारांश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भकृति सूचीका साथै परिशिष्ट भागमा थप्रेक क्षेत्रमा प्रचलित लोकगीत र लोकगीत गाउँदाका फोटाहरू

सङ्कलन गरिएको छ । यसरी विभिन्न शीर्षकमा विभाजन गरी यस शोधपत्रलाई यस रूपमा तयार पारिएको छ ।

## ६.२ निष्कर्ष

पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत गण्डकी अञ्चलमा तनहुँ जिल्ला पर्छ । तनहुँ जिल्लाको सदरमुकाम दमौलीदेखि उत्तरी सिमानामा थप्रेक क्षेत्र अवस्थित रहेको छ । यो भेक मुख्य गरेर ग्रामीण इलाकामा पर्दछ । यो क्षेत्र डाँडाकाँडा, हराभरा, वनजङ्गल, भिरपाखा, खोलानाला, मनमोहक, हिमशृङ्खलाको दृश्य र सुन्दर गाउँहरूले गर्दा निकै रमणीय देखिन्छ । यहाँ मुख्य गरेर ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, मिया, घर्ती, कामी र सार्की लगायतका अन्य जातिहरू बसोबास गर्दछन् । यहाँ शिक्षा क्षेत्रमा बिस्तार बिस्तार सुधार हुँदै गएको देख्न सकिन्छ । अन्य क्षेत्रका जस्तै यहाँका धेरैजसो युवाहरू विदेश गएका छन् । यस क्षेत्रमा बसोबास गर्ने विभिन्न जातिहरूरूको सामाजिक प्रचलन, संस्कारगत मूल्यमान्यता, भेषभूषा एवम् धर्म संस्कृतिमा समेत विविधता भए पनि आपसी मेलमिलाप र एकतामा आवद्ध छन् । लोकगीतको सैद्धान्तिक अध्ययन बारे अध्येताहरूका बीच एकता छैन । लोकगीतको परिभाषा, तत्व, विशेषता, तत्व, विशेषता वर्गीकरण बारे अनेक मतमतान्तर छ ।

थप्रेक क्षेत्रका लोकगीत अनेक प्रकारका छन् । ती लोकगीतलाई अनेक आधारमा वर्गीकरण गर्न सकिने भए पनि प्रकार्यका आधारमा वर्गीकरण गर्दा ती चार प्रकारका देखापरेका छन् । (१) संस्कारगीत (२) कर्मगीत (३) पर्वगीत (४) बाह्रमासे गीत

थप्रेक क्षेत्रमा पाइने संस्कारगीत दुई वटा मात्र छन् । ती हुन् : (१) मागलगीत (२) रत्यौलीगीत (३) कर्मगीतअन्तर्गत (१) जेठेगीत (२) असारेगीत (३) दाइँगीत मुख्य रहेका छन् । पर्वगीतअन्तर्गत (१) तीजेगीत (२) ऋषिपञ्चमी गीत (३) मालसिरी गीत (४) भैलीगीत (५) देउसीगीत प्रचलित छ । बाह्रमासे गीत भने सबै भन्दा धेरै छन् । बाह्रमासे गीतअन्तर्गत (१) बालगीत (२) घाँसेगीत (३) दोहोरी गीत पर्दछन् ।

थप्रेक लोकगीतको विश्लेषणात्मक अध्ययन गर्ने क्रममा विषयगत दृष्टिले सामाजिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक नीति उपदेशात्मक र कृषि सम्बन्धी परिवेशमा आधारित लोकसुस्केराले यहाँका विविध चित्र लोकलयमा उतारेका छन् । यहाँका लोकगीतले स्थानीय भेदलाई परिचय दिनका साथै विभिन्न लोकजीवनका सुख, दुःख, प्रेम, रोदन, मिलन

बिछोड, विरहका भावलाई गीतको माध्यमबाट पोखेको पाइन्छ । यी लोकगीतहरूमा सामाजिक मूल्यमान्यता, रहनसहन, धार्मिक, सांस्कृतिक पक्ष, जीवनदर्शन, लोकविश्वास तथा यथार्थ जीवन शैलीको प्रतिबिम्ब भएका छन् ।

लिखित काव्यमा जस्तै लोकगीतलाई छन्द ढाँचामा रचना गरिएको हुँदैन तर पनि स्वतःस्फूर्त रूपमा छन्द आएको हुन्छ । छन्द बारे लोकगायक गायिकाहरूलाई थाहा हुँदैन । लय विधानका आधारमा खेली लय, सालैजो लय, कौरा लय, सिलोके लय र झ्याउरे लय मुख्य रूपमा आएको पाइन्छ ।

रसका आधारमा पनि यहाँका लोकगीतलाई उदाहरण सहित विश्लेषण गरिएको छ । यहाँको लोकगीतमा शृङ्गार, करुण, वीर, बीभत्स, रौद्र र शान्त रस जस्ता रसहरू मुख्य रूपले भेटिन्छन् । यहाँका लोकगीतमा अन्य रसका तुलनामा शृङ्गार र करुण रसका गीत बढी भेटिएका छन् ।

अलङ्कार प्रयोगका दृष्टिले यहाँका लोकगीतमा स्वतःस्फूर्त रूपमा शब्द र अर्थ बैचित्रता झल्किरहेको पाइन्छ । यहाँका लोकगीतमा छेकानुप्रास, वृत्यानुप्रास, श्रृत्यानुप्रास र अत्यानुप्रास जस्ता शब्दअलङ्कारका साथै उपमा, अतिशयोक्ति, दृष्टान्त र स्वभावोक्ति जस्ता अर्थालङ्कारको प्रयोग भेटिन्छ ।

लोकगीतमा भाषा प्रयोगका दृष्टिले स्थानीय कथ्य भाषाको प्रभाव पाइन्छ । यहाँ प्रयोग हुने क्षेत्रीय भाषिका स्तरीय नेपाली भाषाको रूप भन्दा धेरै फरक नभए पनि केही मात्रमा शब्दका रूप र क्रियाहरूमा स्थानीय कथ्य रूपको प्रयोग भेटिन्छ ।

थप्रेक क्षेत्रमा गाइएका लोकगीतलाई हेर्दा यहाँ प्रचलित नेपाली भाषाका लोकगीत केही लोपोन्मुख अवस्थाका छन् । लोपोन्मुख अवस्थाका लोकगीतहरूमा मागलगीत, जेठेगीत, दाइँगीत, ऋषिपञ्चमी गीत, सिलोक, मालसिरी गीत, सोरठी र कौरागीत पर्दछन् । यहाँ प्रचलित र विकसित लोकगीतमा रत्यौलीगीत, असारेगीत, तीजेगीत, भैलीगीत, देउसीगीत, बालगीत, भजन, सालैजो र एकोहोरी गीत देखा परेका छन् । अत्यन्तै विकसित लोकगीतका रूपमा दोहोरी गीत देखापरेको छ ।

### ६.३ सुझाउ

लोक संस्कृतिको दृष्टिले धनी मानिने यो क्षेत्र तनहुँ जिल्लाको उत्तरी भेकमा पर्दछ । यहाँका लोकगीतको अध्ययनका क्रममा यहाँ असङ्ख्य लोकगीत र लोकभाका भेट्टाउन सकिन्छ । यहाँका सबै लोकगीतहरूको विस्तृत अध्ययन गर्न सकिएको छैन । यहाँका केही लोकगीतहरू लोपोन्मुख अवस्थामा छन् । त्यसरी हराउँदै गएका लोकगीतमा मालसिरी, सिलोक र मागल प्रमुख हुन् । यी गीतहरू अहिलेको युवा पुस्ताले अनुशरण गर्न सकेका छैनन् । यी अमूल्य सम्पत्ति वृद्धवृद्धाका मुखमा मात्र रहन पुगेका छन् । यस्ता वृद्ध लोकगायक गायिकाहरूमध्ये  कसैको निधन भएको र कसैलाई बुढौली अवस्थामा स्वरले साथ नदिनु र कोहीले आफ्ना सन्तानहरूलाई सिकाउन नखोज्दा यस्ता गीत हराउँदै गएका छन् । अर्कोतर्फ आजभोलिका युवावर्गलाई पश्चिमी संस्कृतिको बढ्दो प्रभाव परेको पाइन्छ । जसले गर्दा उनीहरू रेष्टुराँ, लज र होटलमा पप, डान्स र डिस्कोमा रमाएको देख्न   सकिन्छ । नेपाली संस्कृतिलाई छुने यस्ता कर्णप्रिय गीतप्रति उनीहरूको चासो गएको पाइँदैन । संस्कृतिमा नै मानिसको जीवन हुन्छ । आज लोकका यी अमूल्य सांस्कृतिक सम्पत्ति बचाइ राख्नु युवापुस्ताको कर्तव्य हुन आउँछ ।

यस्ता लोप हुने अवस्थाका गीतहरूलाई बचाइ राख्न यी गीतहरूको अध्ययन गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिन्छ । यहाँका सबै गीतहरूको विस्तृत अध्ययन यति छोटो समयमा सकिएको छैन । यहाँका लोकगीतलाई बचाइ राख्न स्थानीय जिल्ला तथा केन्द्रीय सरकारले पनि सहयोग पुऱ्याउन आवश्यक छ । यस्तै स्थानीय समाजले पनि यहाँका लोकगीतप्रति विशेष श्रद्धा राख्नुपर्छ ।

लोकगीतका अध्येताहरूले यहाँ प्रचलित लोकगीतका विभिन्न विधालाई आधार बनाएर अध्ययन गरे भने यहाँका लोकगीत सुरक्षित हुन्छन् । भावी अनुसन्धानका निम्ति उपयोगी शीर्षकहरू सुझाउका लागि यहाँ उल्लेख गरिएको छ :

(१) थप्रेक क्षेत्रमा प्रचलित बाह्रमासे गीतमा अभिव्यक्त समाज

(२) थप्रेक क्षेत्रमा प्रचलित संरकागीत र पर्वगीतको तुलना

(३) थप्रेक क्षेत्रमा प्रचलित कर्मगीत र बाह्रमासे गीतमा अलङ्कार

(४) थप्रेक क्षेत्रमा प्रचलित लोकगीतमा रस

(५) थप्रेक क्षेत्रमा प्रचलित लोकगीतमा विम्व तथा प्रतिक विधान

# सन्दर्भकृतिसूची


अधिकारी, विश्वप्रेम (२०५७), ***आँधीखोले लोकसंस्कृति र लोकगीत,*** स्याङ्जा : लेखक  स्वयम् ।

अधिकारी, रविलाल (२०६५), ***नेपाली लोकसाहित्यको झलक,*** पोखरा : साहित्य शृङ्खला ।

***आवधिक जिल्ला विकास योजना,*** (२०६७), तनहुँ : जिल्ला विकास समिति ।

***स्थानीय विकास सन्देश,*** (२०६८), तनहुँ : जिल्ला विकास समितिको कार्यालय, (वर्ष ४ अङ्क १०), पृष्ठ १-२ ।

आचार्य, गोविन्द (२०६२), ***लोकगीतको विश्लेषण,*** काठमाडौँ : पैरवी प्रकाशन ।

आर.डी. र एल.एल. (२०२३), ***नेपालका विभिन्न जाति र लोकगीत एक परिचय,*** ललितपुर : जगदम्बा प्रकाशन ।

उपाध्याय, कृष्णप्रसाद (ई. १९८८), ***लोकसंस्कृतिको रूपरेखा,*** इलाहावाद : लोकभारती प्रकाशन ।

गिरी, जीवेन्द्रदेव (२०५७), ***लोकसाहित्यको अवलोकन,*** काठमाडौँ : एकता प्रकाशन ।

जोशी, सत्यमोहन (२०४१), ***हाम्रो लोकसंस्कृति,*** काठमाडौँ : एकता प्रकाशन ।

थापा, धर्मराज (२०३०), ***गण्डकीका सुसेली,*** काठमाडौँ : राजकीय प्रज्ञा प्रतिष्ठान ।

.........(२०४१), ***लोकसंस्कृतिको घेरामा लमजुङ,*** काठमाडौँ : साझा प्रकाशन ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), ***नेपाली लोकसाहित्यको विवेचना,*** काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, कसुमाकर (२०४४), ***पैयुँखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाडौँ : नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

.. ......(२०६८), ***गण्डकी अञ्चलमा प्रचलित लोकगीत, लोकबाजा र लोकनाच,*** नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौँ र पृथ्वीनारायण क्याम्पस पोखराको आयोजनामा फागुन २० र २१ गते गरिएको दुई दिवसीय नेपाली लोकसाहित्य राष्ट्रिय सङ्गोष्ठीमा प्रस्तुत गोष्ठीपत्र ।

..........(२०६८), ***लोकगीतसिद्धान्त***   नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौँ र पृथ्वीनारायण क्याम्पस पोखराको आयोजनामा मङ्सिर ३ र ४ गते गरिएको दुई दिवसीय नेपाली लोकसाहित्य राष्ट्रिय सङ्गोष्ठीमा प्रस्तुत गोष्ठीपत्र ।

पन्त, कालीभक्त (२०४३), ***हाम्रो सांस्कृतिक इतिहास,*** दो.सं., स्याङ्जा : लेखक स्वयम् ।

पराजुली, ठाकुरप्रसाद (२०४५), ***नेपाली साहित्यको परिक्रमा,*** काठमाडौँ : विद्या प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०५७), ***नेपाली लोकगीतको आलोक,*** काठमाडौँ : वीणा प्रकाशन प्रा.लि. ।

पोखरेल, बालकृष्ण (नि.) (२०५८), ***नेपाली बृहत् शब्दकोश,*** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, लक्ष्मी (२०६१), ***पश्चिमी तनहुँका महिला लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण*** , (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली केन्द्रीय विभाग, काठमाडौँ : कीर्तिपुर ।

बन्धु, चूडामणि (२०५८), ***नेपाली लोकसाहित्य,*** काठमाडौँ : एकता प्रकाशन ।

बरुवाल, उषा (२०५८), ***पोखरेली नारीगीतको सङ्कलन,*** **वर्गीकरण र विश्लेषण** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली विभाग, पोखरा : पृथ्वीनारायण क्याम्पस ।

भट्टराई, अम्बिकाप्रसाद (२०५२), ***तनहुँ ढोरका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली केन्द्रीय विभाग, काठमाडौँ : कीर्तिपुर ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६७), ***साहित्यशास्त्र र नेपाली समालोचना,*** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

रिमाल, प्रदीप (२०२८), ***कर्णाली लोकसंस्कृति खण्ड ५,*** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, कुलप्रसाद (२०६५), ***उपल्लो आँधीखोला क्षेत्र भित्रका प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण*** , (अप्रकाशित स्नातकोत्तर शोधपत्र), पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

शर्मा, विष्णुप्रसाद (२०६७), ***कास्कीकोट क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन*** , (अप्रकाशित स्नातकोत्तर शोधपत्र), पोखरा : नेपाली विभाग पृथ्वीनारायण, क्याम्पस ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३), ***लोकवार्ता विज्ञान र लोकसाहित्य,*** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

# परिशिष्ट एक

# थप्रेक क्षेत्रमा प्रचलित लोकगीतहरू

## परिशिष्ट 'क'

## थप्रेक क्षेत्रमा प्रचलित संस्कारगीतहरू

### १. मागलगीत

#### (क) वेदी टाल्दाको मागल

आकाशैकी दिदी मेरी पातलकी बहिनी

कहाँ होला दिदी बैनी तिम्रोहाम्रो भेट

बाबाज्यूका आँगनीमा शुभै जग्गे लाउलान्

तहीँ होला मेरी दिदी तिम्रो हाम्रो भेट ।

हात्ती हाम्लाई दिँदैनन् घोडा हाम्लाई दिँदैनन्

धेरै दिउला मेरा बाबा पाँचै रुपियाँ ।

#### (ख) ब्रतबन्धको मागल

दश मैना कोखी वास गरे मेरी आमा आएँ जोगी बरितै

देऊ न आमा देऊ न आमा पाँचै मुठी भीख

सात घर हिडेम् आमै सातै मुठी भयो कैसे पाले गुरुबालाई ?

रुद्राक्षमाला गुरुबाले दिए भयो हाम्रो वैरागी भेष ।

#### (ग) विवाहमा गाइने मागल

हातै लियौँ लौरी त काखी चाप्यौं पुस्तक

आइपुग्यौँ ससुराली देश विवाहको रम गरनी त ।

पुरेत बाबाज्यू पूरा कर्म गरिदिनोस् है

बाबाज्यूले पाली शुभै पिजडैमा बसेका ।

ल्याऊ न दाजै ल्याऊ न फुपै जाऊ न भानिज बोलाइल्याऊ

न त जानेम् गाउँको नाम न त जानेम् भानिजको नाम ।

ऋषिराम हो भानिजको नाम तालबेँसी गाउँको नाम

जाऊ न दाजै जाऊ न फूपै शुभ निउतो बोलाइल्याऊ ।

हातै लियौँ लौरी त भोरी सकेम् पानी त आइपुग्यौँ मावलीको देश

हे भानिज तिनको पुरो कर्म गरिदिनु तिम्रै होला बडिबडाम ।
बाबाज्यूले पालेका निधारैमा
जाऊ न दाजै जाऊ न फुपू दिदी बोलाइल्याऊ ।
न त जानेम् गाउँको नाम न त जानेम् दिदीको नाम
खै के गरी निउती बोलाइल्याऊ ।
गैँडाकोट हो गाउँको नाम औसरा हो दिदीको नाम
जाऊ न भाइ जाऊ न फुपै निउती बोलाइल्याऊ ?
हातमा लियौँ लौरी त हातमा लियौँ झोलै त
आइपुग्यौँ माइतीको देश ।

(स्रोत : श्रीमति मनोहरदासी अधिकारी, वर्ष ८६, थप्रेक १, सेराबेँसी ।)

## २.रत्यौलीगीत

**(क) बाटो छोड दायाँ र बायाँ**

बाबाको नौतले घर
छोरीलाई के काम लाग्छ र ?
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।

हाम्रो बाबु के इमानदारी
ल्याए दुलही छातीको ढालमारी ।
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।

पोत्नुपर्ने अर्काको भित्तो ।
जन्म दिने आमाको काख रित्तो ।
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।

भाग्यले पाएकी बुहारी
हेर आमा दोसला उघारी ।
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।

नरोई नरोई नझार आँसु
आमा जस्ति घरमै छन् सासू ।
बाटो छोड दायाँ र बाँया
जीवन साथी लिएर म आएँ ।

कस्तो रैछ बाबाको मन पनि
आफ्नी छोरी अर्कालाई सुम्पनी ।
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।

दैलामुनि बोडीले जेलेको
भाइको बिहा रत्यौली खेलेको ।
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।

घर त मेरो यहाँ होइन कर्कले
आको मत बिहाको हर्कले ।
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।

यसै त पानी र पँधेरो
भयो नि मन मेरो अँध्यारो ।
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।

भित्र सारा लच्छिन्को पाइलो
भोलिदेखि यही हुन्छ रमाइलो ।
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।

बल्ल बल्यो लच्छिन्को दियो
हाम्रो पनि चाहना यही थियो ।
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।

आमाले भनेको माने
गाउँले कुरा नसुनी घर धाने ।
बाटो छोड दायाँ र बायाँ
जीवन साथी लिएर म आएँ ।

(स्रोत : प्रगति आमा समूह, थप्रेक ५, गैह्राथोक ।)

**(ख) आमाको पियारो छोरो**

अब माया बाँडियो दोहोरो ।
आमाको पियारो छोरो
आकाशको गडाङगुडुङ भुईको खजुरीलाई
आमाको पियारो छोरो
शिरको टोपी पाउमा राखी बिन्ती हजुरीलाई ।
आमाको पियारो छोरो
अब माया बाँडियो दोहोरो ।
आमाको पियारो छोरो
कहिले हात्ती जाङमा कहिले हात्ती रुखमा
आमाको पियारो छोरो
बादल पारी घाम लाग्यो वैरागीको आङ्मा ।
आमाको पियारो छोरो
अब माया बाँडियो दोहोरो ।

आमाको पियारो छोरो
उकालीमा टेकनी त समाउनीमा बाङ्गो
आमाको पियारो छोरो
कसले देखला भोक तिर्खा कसले देखला नाङ्गो ।
आमाको पियारो छोरो
अब माया बाँडियो दोहोरो ।

आमाको पियारो छोरो
आज मैले घाँस काट्यो राख्यो पाँजी पाँजी
आमाको पियारो छोरो
म दुःखीलाई लाको मयाँ कसले पाऱ्यो भाँजी ?
आमाको पियारो छोरो
अब माया बाँडियो दोहोरो ।

आमाको पियारो छोरो
हातमा लाउने बाघमुखे बाला
आमाको पियारो छोरो
चार आना गीत गाउँदा नदेखाउनु गिजा ।
आमाको पियारो छोरो
अब माया बाँडियो दोहोरो ।

आमाको पियारो छोरो
सानो सानो बाखरीको पाठो देउतालाई भकल
आमाको पियारो छोरो
चार आना गीत गाउँछु भनेको आउँदैन अकल ।
आमाको पियारो छोरो
अब माया बाँडियो दोहोरो ।

आमाको पियारो छोरो
खनीखोस्री उकेरा लाए चालिसे सिमीलाई
आमाको पियारो छोरो
के भयो होला कसो भयो होला थाह भएन होला तिमीलाई ।
आमाको पियारो छोरो
अब माया बाँडियो दोहोरो ।

(ग) **टलटल टल्कने साँचो**
हाम्लाई हेर पानीकै छ खाँचो ।
टलटल टल्कने साँचो
ठाडो झर्ने उकालीमा चिसो पानी पिउँला
टलटल टल्कने साँचो
यति राम्रो लर्के जोवान कसलाई दिउँला ?
टलटल टल्कने साँचो
हाम्लाई हेर पानीकै छ खाँचो ।

टलटल टल्कने साँचो
पानी लिन जान हेर टाढा छ कुवा
टलटल टल्कने साँचो
कताबाट आउनुभयो ठाकुरानी मैयाँ ।
टलटल टल्कने साँचो
हाम्लाई हेर पानीकै छ खाँचो ।

टलटल  टल्कने साँचो
दुईघण्टा लाग्छ रे पानी लिन जानलाई
टलटल  टल्कने साँचो
तिर्खा लाको बेलामा भनेको बेलामा छैन पाको खानलाई ।
टलटल टल्कने साँचो
हाम्लाई हेर पानीको छ खाँचो ।

टलटल  टल्कने साँचो

उकाली जाँदा जाँदा ठाडैमा बिसाउनी

टलटल टल्कने साँचो

चार आना गीत गाए मैले कोही छन् कि रिसाउनी ।

टलटल टल्कने साँचो

हाम्लाई हेर पानीको छ खाँचो ।

( स्रोत : विष्णुमाया परियार, वर्ष ६०, थप्रेक ३, तल्लीपोखरी ।)

**(घ) हे मयाँ तिम्ले र हाम्ले**

औँठीले फूल माला साटम्ला ।

छोरीको हारेको जुनी

माइती घर बसेर नहुनी ।

हे मयाँ र तिम्ले र हाम्ले

औँठीले फूलमाला साटम्ला ।

माइती घर बसेको जोवान

जल्ले चुरोट दिए नि भो भन ।

हे मयाँ तिम्ले र हाम्ले

औँठीले फूलमाला साटम्ला ।

पोखराको बजारमा कालो उखु चुस्तै

मलाई भन्छन् बदमासी परि आउँछ उस्तै ।

हे मयाँ तिम्ले र हाम्ले

औँठीले फूलमाला साटम्ला ।

हिउँचुलीको पल्लो पट्टि जोगी बस्यो ध्यान

कल्ले देला अर्ति बुद्धि कल्ले देला ज्ञान ?

हे मयाँ तिम्ले र हाम्ले

औँठीले फूलमाला साटम्ला ।

हिउँचुलीको पल्लो पट्टी गाई मरेको सिनो
स्याउली रहे सुकी जाला ढुङ्गी राखे चिनो ।
हे मयाँ तिम्ले र हाम्ले
औँठीले फूलमाला साटम्ला ।

माथिबाट चरी आयो खुट्टी खसालेर
हाम्रो बाले छोरी दिए मुड्की बजारेर
हे मयाँ तिम्ले र हाम्ले
औँठीले फूलमाला साटम्ला ।

(ङ) **गयौ बाबु फूलमाला भिरेर**
दूधको भारा सारीले तिरेर ।
गयौ बाबु फूलमाला भिरेर
आकाशको गडाङगुडुङ भुईको खजुरीलाई
गयौ बाबु फूलमाला भिरेर
शिरको टोपी पाउमा राखी बिन्ती हजुरीलाई ।
गयौ बाबु फूलमाला भिरेर
दूधको भारा सारीले तिरेर ।

गयौ बाबु फूलमाला भिरेर
आकाशको नौलाखे तारा एकतारा जुनसित
गयौ बाबु फूलमाला भिरेर
हाँस्यौ बोल्यौ सबैसित जुग जाने कोसित ।
गयौ बाबु फूलमाला भिरेर
दूधको भारा सारीले तिरेर ।

गयौ बाबु फूलमाला भिरेर
घर साँगुरो हुनी रैछ बाखरीको खोरले

गयौ बाबु फूलमाला भिरेर

गीत मैले गाउने थियो भइन पापी स्वरले ।

गयौ बाबु फूलमाला भिरेर

दूधको भारा सारीले तिरेर ।

गयौ बाबु फूलमाला भिरेर

पोखराको बजारमा डाली भरी तिजु

गयौ बाबु फूलमाला भिरेर

पैसा पाए पोको पारु माया कता फिजु ।

गयौ बाबु फूलमाला भिरेर

दूधको भारा सारीले तिरेर ।

( स्रोत : चन्द्राबती पौडेल, वर्ष ४०, थप्रेक ५, नयाँटोल ।)

**(च) खोला खोला नौडाँडे खोला**

पाँचै बजे बोलाउनी को होला ?

खोला खोला नौडाँडे खोला

धोबीधारे पँधेरीमा धोबी लुगा धुन्चु

खोला खोला नौडाँडे खोला

आफ्ना भन्ने कोही छैन बलिनधारा रुन्छु ।

खोला खोला नौडाँडे खोला

पाँचै बजे बोलाउनी को होला ?

खोला खोला नौडाँडे खोला

आज मैले घाँस काट्यो घरबारीमा काट्छु

खोला खोला नौडाँडे खोला

सुख सम्पत्ति छैन मलाई कुन देशमा भाग्छु ?

खोला खोला नौडाँडे खोला

पाँचै बजे बोलाउनी को होला ?

खोला खोला नौडाँडे खोला

कोरा भन्दा मेरो मयालु नैनासुत गजिलो

खोला खोला नौडाँडे खोला
अचेलका छोरा बुहारी हुनु भन्दा नहुनु नै सजिलो ।

खोला खोला नौडाँडे खोला
पाँचै बजे बोलाउनी को होला ?
खोला खोला नौडाँडे खोला
सुन सुन मेरो मयाँ कति राम्रो रिबन
खोला खोला नौडाँडे खोला
यसैगरी रोइकराई गयो मेरो जोवान ।
खोला खोला नौडाँडे खोला
पाँचै बजे बोलाउने को होला ?

खोला खोला नौडाँडे खोला
गाईलाई घाँस मेरो मयाँ भैंसीलाई तिरीन
खोला खोला नौडाँडे खोला
पाल्ने मुन्छे कोही छैन हुन्छु कि हिरिन
खोला खोला नौडाँडे खोला
पाँचै बजे बोलाउनी को होला ?
खोला खोला नौडाँडे खोला
ठूलो रुख मेरो मयाँ टाटे र जुवारी
खोला खोला नौडाँडे खोला
अचेलका खाइ सुमर हुन्नन् नि बुहारी ।
खोला खोला नौडाँडे खोला
पाँचै बजे बोलाउनी को होला ?

(छ) **नरोई नरोई आऊ न मयाँ**
नरमाइलो लाग्छ हामीलाई ।
नरोई नरोई आऊ न मयाँ
गाई दुहेम् भैंसी दुहेम् ठेकी लाउने गाज

नरोई नरोई आऊ न मयाँ
अचेलका छोरा बुहारी मान्दैनन् नि लाज ।
नरोई नरोई आऊ न मयाँ
नरमाइलो लाग्छ हामीलाई

नरोई नरोई आऊ न मयाँ
फूलको थुगा क्या राम्रो तोड्छेउनी
नरोई नराई आऊ न मयाँ
बाबाआमा दिदीबहिनी माइतमा छोडेउनी ।
नरोई नरोई आऊ न मयाँ
नरमाइलो लाग्छ हामीलाई ।

नरोई नरोई आऊ न मयाँ
आज मैले घाँस काट्यो रानी वनैमा
नरोई नरोई आऊ न मयाँ
कस्तो लाग्छ होला बाबा र आमाको मनमा ।
नरोई नरोई आऊ न मयाँ
नरमाइलो लाग्छ हामीलाई ।

नरोई नरोई आऊ न मयाँ
स्याप स्याप घाँस काट्यो भैँसीलाई बडर
नरोई नरोई आऊ न मयाँ
यो जीवनमा पाइन मैले कसैको आड अदार ।
नरोई नरोई आऊ न मयाँ
नरमाइलो लाग्छ हामीलाई ।

नरोई नरोई आऊ न मयाँ
घर त मेरो सुन्नु होला तनहुँ जिल्लानी
नरोई नरोई आऊ न मयाँ
श्रीमान् पायौ भने सुख सम्पत्ति मिल्लानी ।

नरोई नरोई आऊ न मयाँ
नरमाइलो लाग्छ हामीलाई ।

नरोई नरोई आऊ न मयाँ
कोरा भन्दा नैनासुत गजिलो
नरोई नरोई आऊ न मयाँ
घर भन्दा मेरो मयाँ माइतै सजिलो ।
नरोई नरोई आऊ न मयाँ
नरमाइलो लाग्छ हामीलाई ।

( स्रोत : प्रेम कुमारी पौडेल, वर्ष ६६, थप्रेक ५, आरुस्वाँरा ।)

# परिशिष्ट ख

# कर्मगीतहरूको सङ्कलन

१.जेठेगीत

(क) **माछै र काँडे सिउर**

माछै र काँडे सिउर बरै कसुले बाटेको ?

बरै कसुले बाटेको........ ?

माछै र काँडे सिउर दाजै ज्यामाले बाटेको

बरै ज्यामाले बाटेको ।

ज्यामाका काखा हामी पनि हुर्क्यौं ज्यामा त जान्दिनन्

बरै ज्यामा त जान्दिनन् ।

माछै र काँडे सिउर बरै कसुले बाटेका ?

बरै कसुले बाटेको.........?

माछै र काँडे सिउर दाजै आमाले बाटेको ?

बरै दाजै आमाले बाटेको ।

आमाका काख हामी पनि हुर्क्यौं आमा त जान्दिनन्

बरै आमा त जान्दिनन् ।

माछै र काँडे सिउर बरै कसुले बाटेको ?

बरै कसुले बाटेको.......?

माछै र काँडे सिउर दाजै दिदीले बाटेको

दिदीका काख हामी पनि हुर्क्यौं दिदी त जान्दिनन्

बरै दिदी त जान्दिनन् ।

काटे नि काट मारे नि मार

माछै र काँडे सिउर दाजै भाउजूले बाटेको

बरै भाउजूले बाटेको ।

पालेर बरा बोलाएर जानुपर्‍यो भैया वनबास

पालेर बरा बोलाएर दाजै जान्न मत वनीबास ।

काटे नि काट मारे नि मार

बस्छुनि दाजै मेरै बास ।

बाटै र मुनि नकाटे दाजै पँधेर्नी घिनाउँछन् ।

पँधेर्नी घिनाउँछन् .....

बाटै र माथि काटे नि दाजै मट्टीले छोपिदिए नि है ।

मट्टीले छोपिदिए नि है ।

( स्रोत : सन्तुमाया वाग्ले, वर्ष ८८, थप्रेक २, निबुस्वाँरा ।)

**(ख) घैया गोड्ने**

घैया धान ठोसारा तिम्रो त ईश्वर म छदैछु

मेरो त को छ र ......?

मेरो त को छ र ? हो किमा होइन, हो भनी देऊ न

मेरो त को छ र ........?

धोबीले धोइरहन्छु, करिम बिग्री बसेकी मत चमदारा रोइरहन्छु ।

चमदारा रोइरहन्छु, हो किमा होइन, हो भनी देऊ न चमदारा रोइरहन्छु ।

जेठै र मासका यिनै चर्का घाम

एकलै घैया गोड्छयौ नि है ।

तिमरा स्वामी कहाँ गए त नि ?

एकलै घैया गोड्छयौ नि है ।

न अदार बादल न सयल

कुन आइ बोल्छ घाडीमा है ।

पाँचै र वर्षमा छोडेर गए

सत् मेरो डगेको थिएन नि है ।

न आकाशमा बादल न वृक्ष मुनि

केकोमा सयल परो नि है ?

अहिलेसम्म सत् डगेको थिएन

कुन पापी आई डगो नि है ।

कहाँ गए तिमरा जेठाजु ?

एकलै घैया गोड्छयौ नि है ।

जेठाजु जेठानी पलाङमा छन् नि

हेर त कोही छैनन् नि है ।
कहाँमा गए बाबा र आमा ?
एकलै घैया गोड्छ्यौ नि है ।
बाबा र आमा पलाङमा नै छन् नि
हेर त कोही छैनन् नि है ।
आठै र वर्षमा विवाह गरी जानुभयो
तँलाई के कुचो धन्दा चाहियो नि है ?
बाबा र आमा के काम गर्छन् ?
एकलै घैया गोड्छ्यौ नि है ।
ढुटाको रोटो पागाको गुनियो
कसुले तिम्लाई दियो नि है ?
मेरा त स्वामी परदेश गए ।
तँलाई त कसले बोलन लाग्यो ?
के कुछु धन्दा छैन नि है ?
आठै र वर्षमा विवाह गरिदिए
सत् मेरो डगाइस् नि है ।

(स्रोत : प्रेमकुमारी पौडेल, वर्ष ६६, थप्रेक ५, आरुस्वाँरा ।)

**२.असारेगीत**

**(क) छुपुमा छुपु**

असारै मासको दबदबे हिलो छि मलाई घिन लाग्यो
पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो ।
हो किमा होइन हो भनी देऊ न
छ बीस रिन लाग्यो ।

असारै रोपाइँ भलपानी छोपाई
मङ्सिर राखने दाइँ ।
हो किमा होइन, हो भनी देऊ न
जानेको केही नि नै ।

असारै मास गुलियो कुरा राखेको कसार
पुरवै  ढोका उघारी हेर्दा लागेछ असार ।
हो किमा होइन, हो भनी देऊ न
लागेछ असार ।

छुपुमा छुपु खेतै र रोपेम् हातमा बीउ छइन्जेल ।
भलै र लाम्ला भलै र खाम्ला शैबको जीउ छइन्जेल ।
हो किमा होइन, हो भनी देऊ न
शैबको जीउ छइन्जेल ।

असार महिना दश र पन्ध्र रोपाइँको चटारो
राखने लुगा झिकिदेऊ आमा गौंथले पेटारो ।
हो किमा होइन, हो भनी देऊ न
गौंथले पेटारो ।

(स्रोत : सन्तुमाया वाग्ले, वर्ष ८८, थप्रेक २, निबुस्वाँरा ।)

**(ख) बेलाउती काँचो ख्याल होइन**

असारै मासको दबदबे हिलो छि मलाई घिन लाग्यो
छि मलाई घिन लाग्यो ........
पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो ।
छ बीस रिन लाग्यो ......
ख्याल होइन साँचो बेलाउती काँचो छ बीस रिन लाग्यो ।

कुटुमा कुटु सुपारी खाने कौतान कि बुहारी
कौतान कि बुहारी ..........
हातैको कोदाली आलीमा राखी आऊ खेलम जुवारी ।
आऊ खेलम जुवारी...............
ख्याल होइन साँचो बेलाउती काँचो आऊ खेलम जुवारी ।

मगमा मग बास नै चल्यो लाहुरे चापैको
लाहुरे चापैको .......
माइतीका घर बसनीको वचन त माफकै ।
वचन त माफकै.......
हो किमा होइन हो भनी देऊ न वचन त माफकै ।
बेलगाडी लढ्दो झन् माया बढ्दो
वचन त माफैको.......

आज र मैले घाँस काटे यो रानी वनैमा
माइतीका वचन सम्झेर ल्याउँदा गडिचन् मनैमा ।
हो किमा होइन, हो भनी देऊ न
गडिचन् मनैमा ......

छुपुमा छुपु खेतै र रोपेम् साउने झरीमा
साउने झरीमा ......
वचन त माइतीका गडेका पो नै छन्
सम्झन्छु घरीमा .......

(स्रोत : प्रेमकुमारी पौडेल, वर्ष ६६, थप्रेक ५, आरुस्वाँरा ।)

**३.दाइँगीत**

**(क) पुतली गाईको बाच्छो बरादो**

पुतली गाईको बाच्छो बरादो माली गाईको नाति
हिड्न लाग्यो मेरो भाइ बरादो हो धान परालमाथि ।
ह ह ह .....................

रिङ्दै जाऊ घुम्दै जाऊ मेरो भाइ बरादो हो ।
माल मधेसको सह ल्याऊ ।
ह ह ह ..........................

सिङले बोक खुरले माड मेरो भाइ बरादो हो ।
कानले बताउ पुछारले बडार हवाइ हवाइ हो ।
ह ह ह .......................

मियोको टुप्पामा मेरो भाइ बरादो हो बसिहाल्यो कोइली ।
गोरु धपाउने दयैँरालाई मेरो भाइ बरादो हो घिउका चोइली
मियोको टुप्पामा मेरो भाइ बरादो हो परालको तान्द्रो
गोरु धपाउने ठिट्टालाई मेरो भाइ बरादो हो मुसाको आन्द्रो ।
ह ह ह .......................

माल मधेसको सह ल्याऊ ।
रिङ्दै जाऊ घुम्दै जाऊ मेरो भाइ बरादो
माल मधेसको सह ल्याऊ हवाइ हवाइ ।
ह ह ह .....................

रिङ्दै जाऊ घुम्दै जाऊ मेरो भाइ बरादो हो
अन्नपूर्ण भरिपूर्ण माल मधेसको सह ल्याऊ हवाइहवाइ हो ।
ह ह ह ...................

(स्रोत : बाबुराम पौडेल, वर्ष ५२, थप्रेक ५, नयाँटोल ।)

# परिशिष्ट ग

# थप्रेक क्षेत्रमा प्रचलित पर्वगीतहरू

## १.तीजेगीत

(क) **वर्ष दिनको तीजमा**

वर्ष दिनको तीजमा बाबा लिन आउनुभो
हाम्री बज्यै पापिनीले शिरफुल लुकाइछन् ।
पानी ल्याउला शिरफुल, घाँस काट्ला शिरफुल
अराई सिकाई राख बज्यै त्यही शिरफुल ।

वर्ष दिनको तीजमा दाजै लिन आउनुभो
हाम्री बज्यै पापिनीले टिकिया लुकाइछन् ।
दैलो पोत्ला टिकिया, भाँडा माझ्ला टिकिया
अराई सिकाई राख बज्यै त्यही टिकिया ।

वर्ष दिनको तीजमा भाइ लिन आएको
हाम्री बज्यै पापिनीले बेसार लुकाइछन् ।
भाँडा माझ्ला बेसार, चुलो पोत्ला बेसार
अराई सिकाई राख बज्यै त्यही बेसार ।

वर्ष दिनको तीजमा दिदी लिन आएकी
हाम्री बज्यै पापिनीले ढुमरी लुकाइछन् ।
धारी खोल ढुमरी, घाँस काट ढुमरी
अराई सिकाई राख बज्यै त्यही ढुमरी ।

वर्ष दिनको तीजमा भाउजू लिन आएकी
हाम्री बज्यै पापिनीले माडवारी लुकाइछन् ।
मेला जाला माडवारी, घाँस काट्ला माडवारी
अराई सिकाई राख बज्यै त्यही माडवारी ।
वर्ष दिनको तीजमा बहु लिन आएकी

हाम्री बज्यै पापिनीले बडहर लुकाइछन् ।
पानी ल्याउला बडहर, घाँस काट्ला बडहर
अराई सिकाई राख बज्यै त्यही बडहर ।

(स्रोत : सन्तुमया वाग्ले, वर्ष ८८, थप्रेक २, निबुस्वाँरा ।)

**(ख) छोरी हुनाले**

धान खायो पुतलीले मकै खायो घुनले
सारै दुःख पाएँ मैले छोरी हुनाले ।
घर बस्न नसकेर गए मत वनमा
त्यही पनि विरह चल्छ मनमा ।
पिँढीमा बसौँ भने झ्यामझ्याम बरको पात
कोसँग भनौँ मैले यो मनको बात ?
आमासँग भनौँ भने आमा पहिले रुनुभो
बाबासँग भनौँ भने प्रदेश हुनुभो ।
दाइसँग भनौँ भने भाउजू कुहिनो ठोकने
दुई दिन माइत आउँदा पनि बाटो छेकने ।
भाइसँग भनौँ भने बुहारीको खटन
चाडबाडमा आउँदा पनि लाउँछे वचन ।
दिदीबहिनी भनौँ भने पूर्व, पश्चिम, उत्तर
हे ईश्वर भगुवान् मेरो को छ र ?

**(ग) हाम्रो बाबा**

हाम्रो बाबा भको भए आउँथे लौरो टेकेर
दाजुभाइले पठाए चिठी लेखेर ।
द्वितीयाका दिनको चिठी हाम्लाई चाइएन
दिदीबहिनी भेला हुन अहिले पाइएन ।
खान केही नभए नि खान्थ्यौ मकै भुटेर
कुत्रुकुत्रु पार्दा हुँ राती उठेर ।
जिनको सट पाइन्ट दियौ भाउजू माग्नेलाई

हरियो टपराको रहर हामीलाई ।
लाखलाख सम्पत्ति दाजुभाइको हातमा
भाउजूको जडौरी हाम्रो साथमा ।

(स्रोत : चन्द्रावती पौडेल, वर्ष ४०, थप्रेक ५, नयाँटोल ।)

(घ) **दिन दिन देउराली**

नेपालीमा बस बस अङ्ग्रेजीमा सिटिङ
दिन दिन देउरालीमा केको मिटिङ ?
दिन दिन देउरालीमा जान्छन् केको रसले ?
घरमा काम बितेको देख्छ कसले ?
मेलामा जाऊ नारी खेताला लिएर
एकछिन पछि आउँछु म चिया पिएर ।
चिया पिउने निहुँ पारेर गए स्वामी हामीलाई
रक्सी, मासु, चुरोट चाहियो स्वामीलाई ।
रक्सी, मासु, चुरोट सधैँ पुग्ने स्वामीलाई
कपडा धुने साबुन पनि छैन हामीलाई ।
हक आयो नेपालमा नारीपुरुष बराबर
नारीमाथि अन्याय गर्छन् सरासर ।
पुरुषहरू भाषण गर्छन् कुर्चीमाथि बसेर
नारीलाई गर्नुपर्ने जुठो कसेर ।
पर पाहुना राख्न परे त्यही नारीलाई चाहिन्छ
नारीलाई दमन गर्न कहाँ पाइन्छ ?
नारी पनि हुनुपर्ने यही देशको सन्तान
नारीलाई पुरुषले कमजोर नठान ।
भृकुटी र सीता पनि यही देशका नारी हुन्
यी मरी गए तर लगाएर गुन ।
गर्न सक्छन् देशको विकास नारीलाई नै पढाए
पुरुष भन्दा केको कमी अघि बढाए ।

**(ङ) छोरी दिन**

झानेर मिठो हुने भदौरे गाभालाई
छोरी दिन सारै गाऱ्हो भयो बाबालाई ।
तेह्र दिने गौदान पनि त्यसै दिनमा उठाए
के सम्झेर तीजमा लिन पठाए ?
भो भो दाजु लिन न आऊ आफ्नै घर सुधार
दिदीबहिनी जम्मा पारी नोक्सान नपार ।
पाँचसय रूपैयाँ एक मुरी धानलाई
दिदीबहिनी बसिन्जेल पुग्छ खानलाई ।
वल्लो पिँढी झोलुङ्गो पल्लो पिँढी झोलुङ्गो
कहिले जालान् दिदीबहिनी होला हलुङ्गो ?
रुँदै रुँदै गए मत तीन दिनको बिहान
जे भए पनि चाँहिदो रहेछ घरको चिहान ।

**(च) माइतैमा बसेर**

माइतैमा बसेर घर जाने बेलामा
बर्रर आँसु झऱ्यो दैलो ठेलामा ।
बर्रर आँसुलाई रुमालले छोपेर
गए मत मेरी आमा झोला बोकेर ।
तगरीमा पुगेर फर्की फेरि हेरदा
भाइबैनी पछि पछि रैछन् बरिलै ।
भोलिपर्सि आऊ है दिदी कान्छो भाइले भन्दछ
ल भनुँ कसरी वाक्य बन्दछ ।
कान्छो भाइलाई ल भने हातको साराले
बाटो मैले देखिन आँसु धाराले ।
रुँदै रुँदै आएर पिँढी छेउमा बस्नी हो
कसको मुख हेरेर भित्र पस्नी हो ?
सासू मुख हेरौँ भने उमालेको गाभा झैँ
स्वामी मुख हेरौँ भने वनको बाघ झैँ ।

(स्रोत : सविता नेपाली, वर्ष ३०, थप्रेक ४, घैयाखोरिया ।)

(छ) **काशीका देवता**

काशीका देवताको पिताम्बरे फरिया
फरर फरर हुन्छ बरिलै ।
माइतैमा बसेर घर जाने चेलीको
हृदय धरर हुन्छ बरिलै ।
हृदय खोली नबोल चेली
सौता पोइ त मर्मकटा हुन्छ बरिलै
सौता पोइका वचनले गौरी जालमा परियो
अब कम्मर कसियो गङ्गा पसियो ।

(ज) **पोखराको बजारमा**

पोखराको बजारमा शिरफुलको लइन
विदेश जाने स्वामीको सुन बइन ।
विदेशबाट आएको सातै दिन भएका
घाँस काट्ने भनेर वन गएका ।
यो रुख त अप्ठारो छ नचर्नु न हजुर
दुवै भारी घाँस काटौँ भुईमा खुर्केर ।
सानैदेखि त्यही रुखमा घाँस काटी हुर्केर
केलाई दुःख गर्छु म भैँमा खुर्केर ?
दुवै भारी घाँस काटी आँसी भुईमा फाल्नुभो
आफू पनि ठक्कर खाई तल झर्नुभो ।
रुन लागिन् श्रीमती स्वामी स्वामी भनेर
स्वामीले आँखा हेरे बेहोस बनेर ।
बोकी स्वामी हिड्न लागिन् त्यो राङ्दी बाटामा
श्रीमान्ज्यूको प्राण गयो आदि बाटामा ।

(स्रोत : तारादेवी पौडेल, वर्ष ४८, थप्रेक ५, नयाँटोल ।)

(झ) **वर्ष दिनको तीजमा**

वर्ष दिनको तीजमा दाजु लिन आएका
विजयपुरे खोलाले रोक्यो बरिलै ।
आठै र वर्षमा यो बालबिधुवा
करिमले हिक्का ठोक्यो बरिलै ।
गैरी खेतमा गएर धान रोप्यौँ रुदुवा
अभागिनी रैछु दाजु बालबिधुवा ।
भात मिठो हुने रैछ साउने गाभाले
अल्पाइ हेरेर दिए बाबाले ।
धोबीधारे पँधेरीमा धोबी लुगा धुन्छु नि
अल्पाइलाई दियौ बाबा सधैँ रुन्छु नि ।
कालो चोलो मेरा बाबा कुम कुममा टाल्ने हो
कर्म मेरो छैन नि कस्ले पाल्ने हो ?
घाँस काटे मेरा बाबा सुइरे र दाबिले
हिजो मलाई के लेख्यो ?हेर भावीले ।
मेरा बाबा सुन्नुहोला पहेंलो रचना
करिम बिग्रेसी लाउँछन् वचन ।
घाँस काटौँ मेरा बाबा भैँसीलाई गदार
छैन मलाई कसैको आडअदार ।
भात मिठो हुने रैछ कलिलो तामाले
नदिम् त भन्थिन नि हाम्री आमाले ।

(ञ) **कदमका डालीमा**

भदैया मास अष्टमी तिथि
कृष्णको जन्म भयो बरिलै ।
झ्याली र मृजुङ्गा आफैँ बज्न थाले
आएँ आएँ औसारा गाना गाउँदै ।
कदमका गादी चढी बसेका कृष्णजी

भैँमा झरे कृष्णजी पूजा चलेन ।
सासू दैलो पोतने बुहारीले हेरनी
यो घरमा लच्छिन् छैन बस्न हुन्न् नि ।

(ट) **बाबाका कौसीबाट**

बाबाका कौसीबाट झरेर भैँमा
लान्छ केरे जोगीले ध्रुब चेलीलाई ।
मुठी मुठी बिकिया लैजान जोगिया
नलैजा जोगिया ध्रुब चेलीलाई ।
मुठी मुठी बिकिया चाइएन हामीलाई
नलै त छोडिन ध्रुबचेलीलाई ।

(ठ) **शिरफुल लाएर**

शिरफुल लाएर ढल्की हिड्ने दिनमा
गेरुको पहिरन भयो बरिलै ।
बाबाले दिएको शिर लाउने शिरफूल
दाजैले दिएको ठोक बरिलै ।
जत्तिका दाजै उत्तिका हामी
उवारा भाउजू ढोका बरिलै ।
धोबीधारे पँधेरीमा धोबी लुगा धुन्छु नि
ढोका खोल मेरी भाउजू म त रुन्छु नि ।

(स्रोत : प्रेमकुमारी पौडेल, वर्ष ६६, थप्रेक ५, आरुस्वाँरा ।)

(ड) **शिरफुल धुने पानी**

शिरफुल धुने पानी मैले पाइन
झरे मत दोभान नि बरिलै झरे मत दोभान ।
अलिपाइ केटालाई दिनुभयो बाबा
गयो मेरो जोवान बरिलै गयो मेरो जोवान ।
गएको जोवान फर्की आउने भए बरिलै
पैसाले किनम्ला बरिलै पैसाले किनम्ला ।

शिरबन्दी धुने पानी मैले पाइन
झरे मत दोभान नि बरिलै झरे मत दोभान ।
टिकिया धुने पानी मैले पाइन
झरे मत दोभान नि बरिलै झरे मत दोभान ।

(ढ) **आगनीमा सिमलु**

आगनीमा सिमलु पऱ्यो सुन्तलाका पातले
माइती घर छोडेर जान पाएको हामी जातले ।
काँकरीका हाँगा र बिगा टुप्पै बस्यो जुरेली बरिलै
टुप्पै बस्यो जुरेली ।
त्यो जुरेलीलाई मार्छु नि मैले खोइ ल्याउ बाबु गुँदेली बरिलै
खोइ ल्याउ बाबु गुँदेली ।
त्यो जुरेलीलाई मारन हुन्न बरिलै
छैन दिदी गुँदेली ।
त्यो जाने को हो गुहे खोला बारीमा
हाम्रा बाबा लिन जान भन्देऊ बरिलै ।
तिम्ररी छोरी रोएर बसेकी
लिन जाने अरे भन्देऊ बरिलै ।

(स्रोत : नन्दकुमारी खनाल, वर्ष ६५, थप्रेक ९, सेराबैँसी ।)

## २. ऋषिपञ्चमी गीत

(क) **मखमली फूल फुल्यो**

मखमली फूल फुल्यो
फूल रह्यो बासी
सलल नदीले लैजा मलाई काशी ।

गुरदौली फूल फुल्यो
फूल रह्यो बासी
सलल नदीले लैजा मलाई काशी ।

सूर्जे मण्डल फूल फुल्यो
फूल रह्यो बासी
सलल नदीले लैजा मलाई काशी ।

कागती फूल फुल्यो
फूल रह्यो बासी
सलल नदीले लैजा मलाई काशी ।

सुन्तला फूल फुल्यो
फूल रह्यो बासी
सलल नदीले लैजा मलाई काशी ।

सयपत्री फूल फुल्यो
फूल रह्यो बासी
सलल नदीले लैजा मलाई काशी ।

(स्रोत : सीतादेवी वाग्ले, वर्ष ४५, थप्रेक २, सिम्ले ।)

**(ख) ऋषिकेश जुम्ला हात**

ऋषिकेश जुम्ला हात ठूलो हाम्रो वरत हो
पञ्चमीका पाइला गनी हाम्रो ठूलो वरत हो ।
ल्याउन बाबु ल्याउन बाबु वरतको दियो
वरतको दियो हाम्रो सातै भाइको साझा हो ।
दिन्न चेली दिन्न चेली वरतको दियो ।

(स्रोत : नन्दकुमारी खनाल, वर्ष ६५, थप्रेक १, सेराबेँसी ।)

## ३. मालसिरी गीत

**(क) देवी भैरवी**

देवी भैरवी श्री गोरखनाथ दर्शन दिनुभयो भवानी माई
प्रथम देवी माई उत्पन्न भयौ राम जन्म लियौ कैलाश सरे
तेत्तिस कोटि देवता प्रचण्ड कालीकालाई वरदान दियौ र भवानी
जयदेवी भैरवी श्री गोरखनाथ दर्शन दिनुभयो भवानी माई

कहाँ माई तिम्रो जनम भूमिवानी कहाँ हो तिम्रो डेरा हे ?
श्री कैलाश हो मेरो जनमभूमि पाताल हो हाम्रो डेरा नि रे माई ।
देवी भैरवी गोरखनाथ दर्शन दिनुभयो भवानी माई ।
दुर्गा भगवती जन्म लियौ माई किन त्रिलोककी धारण गयौ माई ?
हे माई प्रभु कसुलाई दियौ खागको खप्परु कसुलाई दियौ डमरु ?
विष्णुले दिए हाम्लाई खागको खप्परु महादेवले दिनुभयो डमरु माई ।
देवी भैरवी गोरखनाथ दर्शन दिनुभयो भवानी ।
हे जयदेवी माई ब्रह्मा हुन् के कुल हो देव मनिज सक्कल फूलपाती ल्यायौ रे
प्रचण्ड बिसासय भोग कालीकालाई दियौ रे ।
प्रचण्ड कालीकालाई वरदान दियौ रे भवानी माई ।
दुर्गा भगवती जन्म लियौ माई किन त्रिलोककी धारण रे माई ?
हे माई प्रभु रतुनी राग कुसुमे सारी देवीका अङ्गमा म शुभ ल्यायौ रे ।
मकुट झलमल कुन्डल झल्की माईको मुकुट झलमल
कुन्डला झल्की माईको सोबिता सुहायौ भवानी माई ।
दुर्गा भगवती जन्म लियौ माई किन त्रिलोककी धारण रे माई ?
हे माई प्रभु ब्रह्मा हुन के कुल देव हुन मनिज ?
सक्कल फूलपाती ल्यायौ रे सयौँ भोग प्रचण्ड कालीकालाई
रगत लिई भोरौ खप्परु वारुद माई
देवी भैरवी श्री गोरखनाथ दर्शन दिनुभयो भवानी माई ।
दुर्गा भगवती जन्म लियौ माई किन त्रिलोककी धारण रे माई ......?

(स्रोत : धर्मसिंह गायक, वर्ष ७१, लेखनाथ १३, कालीका नगर ।)

**४. भैलीगीत**

गुन्यू चोलो मागन ।
हे औँसीबार गाईतिहार
भैलो
भैलो भन सङ्गी हो
भैलो ।

हरियो गोबरले लिपेका
लक्ष्मी पूजा गरेको ।
हे औँसीबार गाईतिहार
भैलो
भैलो भन सङ्गी हो
भैलो ।

जसले दिन्छ मुरी
उसको सुनको धुरी ।
हे औँसीबार गाईतिहार
भैलो
भैलो भन सङ्गी हो
भैलो ।

जसले दिन्छ मानो
उसको सुनको छानो ।
हे औँसीबार गाईतिहार
भैलो
भैलो भन सङ्गी हो
भैलो ।

यो घरको बज्यै कस्ती छन् ?
चन्द्रमा सूर्य जस्ती छन् ।
हे औँसीबार गाईतिहार
भैलो
भैलो भन सङ्गी हो
भैलो ।

टाढादेखि आका छौं
धेरै दु:ख पाका छौं ।

हे औँसीबार गाईतिहार
भैलो
भैलो भन सङ्गी हो
भैलो ।

घोडा बस्ने तबेला
हाम्लाई भयो अबेला ।
हे औँसीबार गाईतिहार
भैलो
भैलो भन सङ्गी हो
भैलो ।

सखरखण्ड गुलियो
एउटै घर धेरै भुलियो ।
हे औँसीबार गाईतिहार
भैलो
भैलो भन सङ्गी हो
भैलो ।

ठूलो मनले सिदा देऊ ।
हाँसीखुसी बिदा देऊ
हे औँसीबार गाईतिहार
भैलो
भैलो भन सङ्गी
भैलो ।

खुसी मनले आसिक दिनेछम्
लक्ष्मी प्रसन्न हुनेछन् ।
हे औँसीबार गाईतिहार
भैलो

भैलो भन सङ्गी हो

भैलो ।

(स्रोत : प्रगति आमा समूह, थप्रेक ५, नयाँटोल ।)

**५. देउसीगीत**

आहै, भनभन भाइ हो -देउसीरे
आहै, राम्ररी भन -देउसीरे
आहै, स्वर मिलाइकन -देउसीरे
आहै, यो घर कत्रो ? -देउसीरे
आहै, दरवार जत्रो -देउसीरे
आहै, केराको खम्बा -देउसीरे
आहै, सात भाइ जम्मा -देउसीरे
आहै, केको झिलिमिली -देउसीरे
आहै, बत्तीको झिलिमिली -देउसीरे
आहै, वर्ष र दिनको -देउसीरे
आहै, चाड तिहार -देउसीरे
आहै, मनाउन भनी -देउसीरे
आहै, आएका हामी -देउसीरे
आहै, चिप्लो बाटो -देउसीरे
आहै, लड्दै र पर्दै -देउसीरे
आहै, घुडा ठोक्दै -देउसीरे
आहै, बलिराजाले -देउसीरे
आहै, पठाएर -देउसीरे
आहै, आएका हामी -देउसीरे
आहै, परालको तान्द्रो -देउसीरे
आहै, सुक्यो मेरो आन्द्रो -देउसीरे
आहै, एक घर होइन -देउसीरे
आहै, दुई घर होइन -देउसीरे
आहै, सयौं घर -देउसीरे

आहै, डुल्नु नै पर्ने -देउसीरे

आहै, यो घर कि आमा -देउसीरे

आहै, ढिलो भयो -देउसीरे

आहै, यो घरमा -देउसीरे

आहै, लक्ष्मीले -देउसीरे

आहै, वासै गरुन् -देउसीरे

आहै, माटो छुँदा -देउसीरे

आहै, अन्न हवोस् -देउसीरे

आहै, छोराछोरी -देउसीरे

आहै, डाक्टर पाइलट -देउसीरे

आहै, बनिरहुन् -देउसीरे

आहै, हलमा गोरु -देउसीरे

आहै, सातै भाइ छोरा -देउसीरे

आहै, लैनी भैँसी -देउसीरे

आहै, रोग व्याधा -देउसीरे

आहै, टाढा भओस् -देउसीरे

आहै, दीर्घआयु -देउसीरे

आहै, भइरहोस् -देउसीरे

थालैमा अक्षेता पाती
बिदाबादी भएर जाऊ साथी ।
खुसी मनले दिनु भो चन्दा
काशी जान पर्दैन यहाँ भन्दा ।

(स्रोत : मनकामना युवा सांस्कृतिक परिवार, थप्रेक ५, गैह्राथोक ।)

# परिशिष्ट घ

## थप्रेक क्षेत्रमा प्रचलित बाह्रमासे गीतहरू

१.बालगीत

(क) **ताराबाजी लैलै**

ताराबाजी लैलै
मामा आए घोडा
माइजू आइन डोली
पापा ल्याइन् सोली
बुबुमाम सुपुक्क
काफल गेडी कुटुक्क
बिरालो भन्छ म्याउँम्याउँ
अघुल्टो भन्छ उछिट्टयाउँ ।

(ख) **यतियति पानी**

यतियति पानी गङ्गैरानी
यतियति पानी गङ्गैरानी
यतियति पानी गङ्गैरानी
यतियति पानी गङ्गैरानी
काटेर जाउँकी छिरेर
छिरेर
छोयो
डुम ।

(ग) **आयो जुरेली**

आयो जुरेली नाच्यो जुरेली
जुरेलीले झिम्काएको हेरुँ परेली ।
उसको राम्रो गुँड छ वनकै झाङमा
लुगा उसको आफ्नै आङमा ।

आयो जुरेली नाच्यो जुरेली
जुरेलीले झिम्काएको हेरुँ परेली ।
वनकै गुँडपात छ उसको गहना
लाउनु खानु भन्दा अर्को छैन चाहना ।
आयो जुरेली नाच्यो जुरेली
जुरेलीले झिम्क्याएको हेरु परेली ।

(घ) **टालाटुली बटुली**

टालाटुली बटुली
कति राम्री पुतली
सानी पनि हैन रे
ठूली पनि हैन रे
जिउसित परेकी
पँहेली र पातली
आँखा दुवै गाजली
लाइदिम् केरे बुलाँकी
टिकी राम्रो होला कि ?

(ङ) **दसैँ आयो**

दसैँ आयो ! दसैँ आयो
खाम्ला पिम्ला,
नाना लाम्ला,
चिची खाम्ला,
काँ पाम्ला ?
चोरी ल्याम्ला,
चोर्नु चाहिँ,
धत् पापी छुट्टै बसौला ।

(च) **कुखुरी काँ**

कुखुरी काँ
बासी भात खाँ ।
खोइ बासी भात ?
बिरालोले खायो ।
खोइ बिरालो ?
मुसा मार्न गयो ।
खोइ मुसा ?
दुलोभित्र पस्यो ।
खोइ दुलो ?
गाईले कुल्च्यो ।
खोइ गाई ?
खोलाले बगायो ।
खोइ खोलो ?
सुक्यो ।

(स्रोत : विक्रम वाग्ले, अमृता वाग्ले लगायत अन्य भाइबहिनी, थप्रेक २ सिम्ले ।)

## २. घाँसेगीत

(क) होनी साँच्चै दुई किलो चिनीलाई
हा है, धर्मै मिल्ला मन बुझाइ दिनेलाई ।

होनी साँच्चै छ पीर मनैमा
हा है, रुँदै हिड्छु म अहिले वनैमा ।

ज्यान सुक्यो कडुजे स्याउली झैँ
हा है, रुन्छ मन वनैको न्याउली झैँ ।

(ख) घर त मेरो सरुमैरानी यहाँ होइन लोला
फेरि भेट सरुमैरानी होला कि नहोला ?

घाँसै काटेम् सरुमैरानी सुइरे र दाबिले
हिजो मलाई सरुमैरानी के लेख्यो भावीले ?

आज मलाई सरुमैरानी यहीचाल होला कि ?
कोही दिनमा सरुमैरानी सुदिनले छोला कि ?

गाईले पराल सरुमैरानी खाला कि खाओइन ?
सुख प्राण सरुमैरानी जाला कि जाओइन ?

आज मेरो सरुमैरानी करिम बिग्रेर
हातमा रुमाल सरुमैरानी कानमा फूल सिउरेर ।

बाँसको चोयो सरुमैरानी माझैमा फितलो
कहाँ गएर सरुमैरानी होला मन सितलो ?

घर त मेरो सरुमैरानी यहाँ होइन खैरेनी
कर्म बिग्रो सरुमैरानी यो दुःख भईरहनी

आज मलाई सरुमैरानी के दशा लाइरछ ?
कर्म बिग्रो सरुमैरानी दुःख पो भई रहन्छ ।

भात खानी सरुमैरानी चरेसे थालैमा
कति दुःख सरुमैरानी यो बुढेसकालमा

आज मैले सरुमैरानी घाँस काटे वनैमा
रुन्छु मत सरुमैरानी यो पापी मनैमा ।

(स्रोत : सुनमाया गुरुङ, वर्ष ७०, थप्रेक ६, काप्रेक ।)

(ग) घर त मेरो सरुमैरानी यहाँ होइन तनहुँ
मनको कुरा सरुमैरानी भनौ कि नभनु ?

करिमले सरुमैरानी छेउ लागे पछि त
सँगी साथी सरुमैरानी बोल्दैनन् मसित ।

करिमले सरुमैरानी छेउ लागे पछि त
माइतीले नि सरुमैरानी हेर्दैनन् मलाइ त ।

यो मनमा सरुमैरानी पीर पऱ्यो पर्न त
परे पनि सरुमैरानी सक्दिन मर्न त ।

वनैमा त सरुमैरानी औसेलु फरर
सम्झी ल्याउँदा सरुमैरानी मन रुन्छ धरर ।

घर त मेरो सरुमैरानी पातीले बारेको
मागी खान सरुमैरानी कर्मले पारेको ।

हाम्रा बाको सरुमैरानी चन्चला सिरी
भैन मलाई सरुमैरानी जोगी झैँ नफिरी ।

मेरो मन सरुमैरानी रोएको होला
चन्द्रसूर्य सरुमैरानी देखनीलाई थाहा होला ।

(स्रोत : नन्दकुमारी खनाल र घनुमाया लम्साल, थप्रेक १ सेराबेँसी ।)

### ३. सिलोक

#### (क) काँडो मात्र

काँडो मात्र बिझ्यो भने कुनै दिन आफ्ना शरीरमा
कत्रो दुःख हुनेछ त्यसै बखतमा सम्झी लिनु मनमा ।
यत्रो लौ खुकुरी उठाई बलले घित्रो छिंदालीकन
खानैपर्छ भने नखाइ रहुला भन्छन् ठूलासज्जन ॥१॥

त्यसका शरीर भरिमा दशलाख रुम गन
त्यहाँ भन्दा पनि नर्क भोग्न पर्नेछ मांस खाने त्यो जन ।
गाईको दूध लिई आउँछ त दुनिया शिवरात्रीको दिनमा ।

गाईका दूधले नुहाइकन फेर खुसी छु मन्दिरमा ॥२॥

ठाडा बत्ती बाल्छन्, महाबत्ती बाल्छन्, पुरुषबत्ती बाल्छन्
तिनको सेवा हुने र नहुने श्री महादेव जान्छन् ।

**(ख) उज्यालो पानसको**

उज्यालो पानसको झलमल भई यही पलाङमा
यस्तैमा बिउझे छुरी झैं गड्यो हृदयमा ।
अभागिनी धिक्कार पति पनि भजेन करिमले
बाँच्नै गाऱ्हो भयो काँडा बिझ्यो मरिमले ॥१॥

बढेका नदीमा बिमल पति त्यहाँ हुँदा हुन्
पिँढीको सिँढीमा बसेर स्त्रीले मनमा कर्जा लिंदी हुन् ।
अर्काको पतिलाई घरमा देखेर मलाई सम्झी रुँदी हुन् ॥२॥

उदाए चन्द्रमा झलल उज्यालो तारा त वरिपरि
यिनै दुःख हुन् कि भगवान् जिन्दगी चोलाभरि ।
शिरमा लाउने शिरको टोपी त कम्मर कसने पेटी
सुख र सन्तक खोजेर कहाँ पाइयो हिजै लिलाटको मेटी ॥३॥

बारी मिची गयो पर्खाल भत्किसक्यो फूलका बिरुवा मरे
घरको खबर छोडेर प्रभुजी ! ऐले स्वर्गलोक पुगे ।

**(ग) हरियो परियो**

हरियो परियो बटौली झरियो
हिजैका कमाइले यस्तालाई परियो ॥१॥
न मैले लाउनु न मैले खानु
कुन कुराले मन लोक बुझाउनु ॥२॥
कति छन् खेताला कति भुटु मकै ?

किन होनी प्रभु आफू त भोकै ?॥३॥
अजार बजार किनेको सलाई
कति गर्नुहुन्छ प्रभुले मलाई ? ॥४॥

(स्रोत : प्रेमकुमारी पौडेल, वर्ष ६६, थप्रेक ४, आरुस्वाँरा ।)

**(घ) विद्या महिमा**

विद्या नै हो बहुत रसिलो जिन्दगीको कमाइ
राम्रो मिठो सुखसयलको मूल नै यो छ भाइ ।
हामी हुन्छौ रवि विधुसरी झल्मलाएर बाँच्ने
धोई आजै तिम्रो मनका जीवनीलाई साँच्ने ।१॥

बाटोघाटो, घर, पुल कुलो बारी दिगो विकास
सेवा मैत्री विनय ममता ज्ञानको जो प्रकाश ।
विद्या आँखा भुवन भरकै इसको हुन्छ बास
विद्या नै हो बहुत रसिलो जिन्दगीको भिन्यास ॥२॥

**(ङ) राज्य श्री सुखभोग**

राज्य श्री सुखभोगको समयमा छाडी अयोध्या पनि
जाई जङ्गलमा रुँदै ऊ हित पनि कान्ता वियोगी बनी ।
लाखौ कष्ट सहेर सागर तरी श्री जानकी ल्याउनू
ल्याई फेरी जनपवाद भयले त्यागी वियोगी हुनू ॥१॥
यस्ता आपत श्री राममा परे प्रत्यक्ष नै देखियो
दुःखको अखडा रहेछ बुझियो निस्सार संसार यो ।
तस्मात धैर्य विज्ञ जनले थापी विपतमा मन
उद्योगी रहनु प्रमन्त नहुनू यही भन्छ रामायण ॥२॥

(स्रोत : चिरन्जीवी पौडेल, वर्ष २७, थप्रेक ५, नयाँटोल ।)

**(च) नयाँ गाउँ**

नयाँ गाउँको तोरी बहुतै फुलेको
त्यो तोरी टिपी करेली भुटेको ॥१॥

चिचिन्नाको मुन्टो करेलीको मूली
सिलक हाल्ने केटालाई चिलाउनेको सुली ॥२॥
त्यो चैते बाँदर किन गर्छस् सेखी ?
तँईले चोरेको मैले देखिदेखि ॥३॥

सिलक र शास्त्र हुँदैनन् झुटो
तिम्ले चोरेको चिलमको ठुटो ॥४॥

**(छ) अर्घुमको फाँटमा**

अर्घुमको फाँटमा दोहोरी पसल न्याउर बसेको धरु
अैसा र तैसा पनि नभन प्रभुजी ! कर्म खाम्लानी बरु ।
चोलिया नधुम्ला दण्डि लगाई लगाई सारी नाप्नु त्यहाँ
बाबाले दिनुभयो हजुर जनलाई छोडेर जानु कहाँ ?॥१॥

बान्ना पर्खाल पनि सब भत्की गए फूलको बिरुवा मरे
आज पनि आएन यो पापी भँमरो बारी उजारै छोडे ।
हिमको पहरो पानीको छहरो हिमको टलक देखिनी
बाबा आमाले भनेको वचन कलेजीमा लेखिनी ॥२॥

**(ज) नगर्नु विवाह**

फूल फुल्ने गरेन सपना भरी लङ्का पुग्यो बासन
नगर्नु विवाह गरेर स्वामीले दिनुभयो शासन ॥१॥

कति छन् खेताला कति मकै भुटने ?
हराम छैन बिराम छैन प्रभु किन मलाई चुटने ?॥२॥

अऱ्हाए सिकाए कति भट्टी पारे ?
भनेको नमान्दा नलीले बजारे ॥३॥

हजुरले भनेको के कुरा मानिन ?
भान्छामा थिए तमाखु भरिन ।

(स्रोत : सिता वाग्ले, वर्ष ४५, थप्रेक २, सिम्ले ।)

### ४. भजन

#### (क) आरति भजन

हरि,सन्जे जगाऊ नि राम राम सन्जे जगाऊ
आरतिको बेला भयो भक्तो राम सन्जे जगाऊ ।
हा है, साँझको बेला भयो लक्ष्मी द्रिपाका जगाऊ ।
सन्जे जगाऊ नि राम राम ................

हरि, पश्चिमका सन्जिरमा पूर्वमा जाऊ
पूर्वका पशुपतिनाथले द्रिपाका जगाऊ ।
हा है, पूर्वका पशुपतिनाथले द्रिपाका जगाऊ ।
सन्जे जगाऊ नि राम राम ..................

हरि, उत्तरका सन्जिरमा दक्षिणमा जाऊ ।
दक्षिणका रामेश्वरले द्रिपाका जगाऊ ।
हा है, दक्षिणका रामेश्वरले द्रिपाका जगाऊ ।
सन्जे जगाऊ नि राम राम ............

हरि, दक्षिणका सन्जिरमा उत्तरमा जाऊ
उत्तरका मुक्तिनाथले द्रिपाका जगाऊ
सन्जे जगाऊ नि राम राम ............
हरि, पातालका सन्जिरमा आकाशमा जाऊ ।
आकाशका चन्द्र सूर्य द्रिपाका जगाऊ ।
हा है, आकाशका चन्द्र सूर्य द्रिपाका जगाऊ ।
सन्जे जगाऊ नि राम राम .......

हरि, आकाशका चन्द्र सूर्य पातालमा जाऊ ।
पातालका बाँसुकी नागले द्रिपाका जगाऊ ।
हा है, पातालका बाँसुकी नागले द्रिपाका जगाऊ ।
सन्जे जगाऊ नि राम राम ......

(स्रोत : कल्याण कोष वाद्यवादन भजन समूह, थप्रेक ५, गैह्राथोक ।)

(ख) **चुड्का भजन**

धोका तिरिथैको
छैन माया घरको ।

कोटि नमस्कार
देउता जति सबैलाई ।

थिए राधिकाको
जाम जाम दिदै नुहाउन ।

रामको फूलबारी
फुलबुटे हरिणी ।

छल रामुन्नेको
हैन मृग सुनको ।

को छ रखुबारी
फूलबारीमा कुरुवा ।

हरचल बुझ्दै आको
हेरन दाजै रामुन्ने ।

बोलाऊ बोलाऊ रामलाई
नमारी भन कंसलाई ।

गोविन्द हरि
रामकृष्ण नारायण ।

(स्रोत : कल्याणकोष वाद्यवादन समूह थप्रेक ५, गैह्राथोक ।)

**भजनका चुड्का**

रोटी दिन्छन् दुई ठुन्का ।
हामी जान्छौ घर
रोटी दिने सुर गर ।

सुकेको डालीमा

ज्यान बस्छौ कि मै बसौँ ?

भक्ति भावनाले

मुक्ति हुन सजिलो ।

मलाई लाग्छ

आश बैकुण्ठमा होस् बास ।

स्वर्ग जाने भनेको

खोइ बाटो खनेको ?

स्वर्ग जाने बाटो

न ढुङ्गो न माटो ।

बेलपत्रको घारी

शिवजीको फूलबारी ।

शिव जटाधारी

कहाँ छ तिम्रो फूलबारी ?

शिव शङ्कर भोला

दर्शन दिदा के होला ?

(स्रोत : प्रेमकुमारी पौडेल, वर्ष ६६, थप्रेक ५, आरुस्वाँरा ।)

**राम भजन**

रामलाई वनीबास

भरतलाई रजाइँ ।

अयोध्याका दरबारमा, पूर्व पश्चिम झ्याल

रामचन्द्रलाई वनबास लाउने, कैकेयीकै खेल ।

भरतलाई रजाइँ

रामलाई वनीबास

भरतलाई रजाइँ ।

मयुरका भालेपोथी, परेवाका कल्की
अघि लाम्ला सीतारामलाई, पछि जाम्ला ढल्की ।
भरतलाई रजाइँ
रामलाई वनीबास
भरतलाई रजाइँ ।

मुक्तिनाथका देवता, रिट्ठा भन्दा काला
कागबेनीमा गएर, पिण्ड चलाउ बाला ।
भरतलाई रजाइँ
रामलाई वनीबास
भरतलाई रजाइँ ।

कैकेयीको जालले गर्दा, राम वनबास जानु
वियोगमा दशरथ, राजा बेहोस हुनु ।
भरतलाई रजाइँ
रामलाई वनीबास
भरतलाई रजाइँ ।
राम गए वनबास, पिता वचन मान्न
राम बिना सकिएन, दशरथलाई धान्न ।
भरतलाई रजाइँ
रामलाई वनीबास
भरतलाई रजाइँ ।

संसार भुलाएको रामले लिला गरेको कहिले राम
बालि मार्ने कहिले मृग खेद्ने
कहिले राम वियोगमा सीतालाई खोजने
भरतलाई रजाइँ
रामलाई वनीबास
भरतलाई रजाइँ ।

लङ्का लग्यो, रावणले सीतामाईलाई हरी

नबुजे भैँ रामचन्द्र, हिड्छन् खोजी गरी ।

सीताजीको विलाप

रामचन्द्रको लीला

सीताजीको विलाप ।

सीताजीको खोजी पनि हनुमानले गर्ने

अचम्म हो समुद्रमा पुल बनाई तर्ने ।

सीताजीको विलाप .....

रामचन्द्रको लीला

सीताजीको विलाप ।

सीतामाईको डेरा थियो, अशोकको वनमा

कति चिन्ता पऱ्यो होला ! सीतामाईको मनमा

सीतामाईको विलाप

रामचन्द्रको लीला

सीतामाईको विलाप ।

मौका छोपी रावणले सीताजीलाई हऱ्यो

रामको लीला सीताजीलाई सारै पीर पर्‍यो ।

सीतामाईको विलाप

रामचन्द्रको लीला

सीतामाईको विलाप ।

(स्रोत : कल्याण कोष वाद्यवादन समूह, थप्रेक ५, गैह्राथोक ।)

**कृष्ण भजन**

कंसै दरिबारमा

मण्डल मारे कृष्णले ।

कृष्ण बलरामलाई निम्तो पठायो ।

वीर भनी अक्रुलाई हे कृष्ण बलराम ल्याउन खटायो ।

मण्डल मारे कृष्णले

कंसै दरिबारमा

मण्डल मारे कृष्णले ।

अक्रुदेवको साथमा लागि कृष्ण बलराम मथुरामा गए

जादाँ जादाँ सरासर गौरीघाट गए ।

मण्डल मारे कृष्णले

कंसै दरिबारमा

मण्डल मारे कृष्णले ।

हे धोबीसँग युद्ध भयो धोबी मारिदिए

त्यहाँबाट उँभो लागे हात्ती भठा कृष्ण बलराम गए ।

मण्डल मारे कृष्णले ........

कंसै दरिबारमा

मण्डल मारे कृष्णले ।

हे गोवर्द्धन धारी

जय जय कृष्ण मुरारी ।

साँच्चै भने कृष्णजी त सात कला जटा दिए

कान्छी औँलाले गोबर्द्धन पर्वतलाई उठाई गोकुल बासीको

दुःख हरण गराई दिए ।

गोवर्द्धन धारी

जय जय कृष्ण मुरारी ।

कृष्ण मुरारीको

गोकुल मन परेको

अष्टमी तिथि रोहिणी नक्षत्र थिए

कंसको कारागारमा आफैँ पसी त्यही जन्म लिए ।

गोकुल मन परेको

कृष्ण मुरारीको

गोकुल मन परेको ।

लौन कृष्ण बाला

भुमर हेर्ने काम गर ।

हे, कृष्णजी त गाई चराउन गए

जाँदा जाँदै कृष्णजी त कालीदहमा गए

भुमर हेर्ने काम गर

लौन कृष्ण बाला

भुमर हेर्ने काम गर ।

हे, उकाली त कृष्णजी काली दहमा गए

हे, आफैँ बनी कृष्णजी त काली नागलाई दहन गरी

माथि उपस्थित भए ।

भुमर हेर्ने काम गर

लौन कृष्ण बाला

भुमर हेर्ने काम गर ।

कालीनागको शिरमा

छमछम खेल्ने कृष्णज्यू ।

हे, भुमर हरि लिए

मथुरामा कृष्णले ।

हे, गोवर्द्धन पर्वत उठाइ कृष्णजीले फ्याँकिदिए

त्यसपछि गोकुल बासीलाई मुक्ति गराई दिए ।

मथुरामा कृष्णले

हे, भुमर हरि लिए

मथुरामा कृष्णले ।

**जगतै उज्यालो**

कृष्ण जन्म हुनाले ।

कृष्ण जन्म भयो

मथुराको जेलैमा ।

एकै दिन दुवै दिन गणेश आत्मा नि
तिन दिन चारै दिन लक्ष्मी दिपाका भयो नि
चारै दिन पाँचै दिन भक्तोहरूलाई स्वागत हुनि त ।
छ है दिन, सातै दिन आठै दिन बिति गए नि
आठै दिन गएर भन्छन् ............
त्यही बेला मौकामा भन्छन् त्यै बेला बखतमा राम
भन्छन् नि बाला कृष्ण सुन्छन् बलराम ।
नवौं दिन दसौं दिन भन्छन् ती बलराम
त्यही बेला मौकामा भन्छन् त्यै बेला बखतमा राम ।
सुन्छौ बाला कृष्ण सुन्छन् बलराम
त्यही बेला मौकामा भन्छन् त्यै बेला बखतमा राम ।
हे, न जाऊ भैया तिमी नजाऊ न भैया
हे, काली आउँछिन् गाली गर्छिन् नआऊ न भैया ।
अगेनीबाट छुनुमुनु गर्दै आँगनीसम्म पुगे राम
आँगनीबाट छुनुमुनु गर्दै गोठसम्म पुगे राम
हे, गोठैमा पुगेर भन्छौ त्यै बेला बखतमा राम ।
हे, मुखैले भन्छौ नि अनि सुनैको गहरला राम
रूपैका गहरला भन्छौ सुनैका गहरला राम ।
घरै गई, गोठ गई गाई फुकाइ दिए राम
गाई त फुके फुके दाम्लै काटी दिए राम ।
त्यही बेला मौकामा भन्छौ त्यै बेला बखतमा राम
भन्छन् नि बलराम सुन्छन् नि बाला कृष्ण ।
न जाऊ न भैया तिमी न जाऊ न भैया.
हे, काली आउँछिन् गाली गर्छिन् न जाऊ न भैया ।
तगरीबाट छुनुमुनु गर्दै खोलैसम्म पुगे राम
खोलैमा पुगेर भन्छौ बाहन घोउटाइ दिए राम ।
त्यही बेला मौकामा भन्छौ त्यै बेला बखतमा राम ।
ती नारी यशोदा भन्छिन् तीन छकै परिन् राम

आज त के उदेकै भयो आज के अचम्मै भो
नौ दिनको बालखुले बहान उठाइदिए ।
बाहन उठाई छुनुमुनु गर्दै चौतारीसम्म पुगे राम
भन्छन् ती बाला बलराम सुन्छन् बाला कृष्ण राम ।
हे, मथुरा वनमा छुनुमुनु गर्ने को हुन?मेरा दाजै राम
त्यही बेला मौकामा भन्छौ त्यै बेला बखतमा राम ।
हे, मथुरा वनमा छुनुमुनु गर्ने को हुन् कृष्ण प्रभु हुन् नि
हे मेरा दाजै तिमी सुन न मेरा दाजै राम ।
मथुरा वनका कृष्ण तिमी मुरली बजाइदेऊ न राम
त्यही बेला मौकामा भन्छौ त्यै बेला बखतमा राम ।

(स्रोत : सेराबँसी सांस्कृतिक परिवार, थप्रेक १, सेराबँसी ।)

**५.सालैजो गीत**

(क) **टुक्कायुक्त दोहोरी सालैजो गीत**

बाघलाई हान्दा बघिनी मऱ्यो सालैजो, ठूलो पाखा भिरैमा
हा है, ठूलो पाखा भिरैमा ।
माहुरी घुम्छ रसको निहुले सालैजो, दशा घुम्छ शिरैमा
हा है, दशा घुम्छ शिरैमा ।
लाउनी भए लाऊ माया लाउनीले
न लाऊ माया छोडेर जानीले ।

हा है, उँभोमा खोला गुरुङे दाइले सालैजो, पानीलाई क्यु भन्छ
हा है, पानीलाई क्यु भन्छ ।
तरुनी भनी बोलाको मैले सालैजो, बूढीले ज्यू भन्छ
हा है, बूढीले ज्यू भन्छ ।
माया तिम्ले पार्दियो टोलाउनी
पापिनीलाई के भनी बोलाउनी ?

(ख) हे ऐ, त्यो गैह्री खेत झाँजैर फाटो सालैजो, नहुँदा पसनी
हे ऐ, नहुँदा पसनी ।

हे ऐ, हितैको मयाँ धेरैमा भेट भो सालैजो नबोली बसनी

हे ऐ, नबोली बसनी ।

भन सानु के पीर पऱ्यो ?

दुःखी हुँदा आँसुको भेल झऱ्यो ।

हे ऐ, मयालुसँग हाँसखेल गर्न सालैजो, छैन नि कर्म नि

हे ऐ, छैन नि कर्म नि ।

हे ऐ, निष्ठुरी मयाँ मनपेट नखोल्नी सालैजो, के बुझम् मर्म नि

हे ऐ, के बुझम् मर्म नि ।

कता गयो ओठैको हाँसो ?

मयाँ दुःखी काँ पोखु गुनासो ।

हे ऐ, बेइमानी गऱ्यौ यो दुःखी ज्यानलाई सालैजो, मायाजाल बुनेर

हे ऐ, मायाजाल बुनेर ।

हे ऐ, लाएको माया छुटायौ सानु सालैजो, गाउँलेबात सुनेर

हे ऐ, गाउँलेबात सुनेर ।

तिमी रुनी मै पनि रुनी

भैगो माया अब भेट नहुनी ।

हे ऐ, मैले नि यो मन राखुला थिरमा सालैजो, मन दुःखी भए नि

हे ऐ, मन दुःखी भए नि ।

हे ऐ, बुझाम्ला मन हेरी तस्विरमा सालैजो, तिम्ले बिर्सी गए नि

हे ऐ, तिम्ले बिर्सी गए नि ।

भयो तिमी दुई दिनको मात्र

व्यर्थै राखे नजानी दिलभित्र ।

(स्रोत : मिनराज गुरुङ, वर्ष ६५, थप्रेक ७, आरुबोट ।)

**६. झ्याउरे गीत (टुक्कायुक्त)**

(क) सिमसिमे पानीमा

ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

यो मनमा पीर पऱ्यो छिनछिनमा
पृथ्वीमा जन्मेछु कुन दिनमा ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

मायासँग भेट भको दिन
सङ्लो पानी धमिलो मन किन ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

यो मायाको मसिनो बोली
कहाँ गएर बिर्सौला म भोलि ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

मयाँ तिम्रो मोहनी दन्त
बोलम् बोलम् लाइरहन्छ यो मन त ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

यो मायालाई नदेखेसम्म
सेती गङ्का हुँदैन मन चङ्गा ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

नदेखेमा कहाँ देखम् हुने
देखे माया बोलचाल नहुने ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

अल्को डाँडो नभए हुनेथ्यो

मैले बोले मायाले सुन्नेथ्यो ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

भेट पनि नहुनी कहिले नि
यसो भेट यही चाल जहिले नि ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

जाले रुमाल धोबीले धोई फाटो
सम्भनाले रोएर दिन काटो ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

घाँस काटौं गाउजो र गोलेनी
रुन्छ मन हाँसेर बोलेनी ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

मायासँग भेट भको दिन त
भर्छ आँसु पानी भैं एक छिन त ।
सिमसिमे पानीमा
ज्यानले बेइमान गर्छ कि जिन्दगानीमा ?

(स्रोत : धर्मसिंह गायक, वर्ष ७१, लेखनाथ १३, कालिकानगर ।)

(ख) सेतीमाथि धमिलो पानी
सङ्लो माया लाम कि त जुग जानी ?
हे ऐ,मायालुले सधैं भरी मेरै भर परे
लाउथे माया जिन्दगीमा बेइमान नगरे ।
सेतीमाथि धमिलो पानी
सङ्लो माया लाम कि त जुग जानी ?

हे ऐ, मुखले मात्र मिलाउने यतातिर सुर
सपनाको जाल फेरी हुन्छ कि अधुर ?
सेतीमाथि धमिलो पानी
सङ्लो माया लाम कि त जुग जानी ।
हे ऐ बनाएर अम्मर प्रिती किनारको डोरो
चोखो माया हुन्छ कि त फेरि नि अपुरो ।
सेतीमाथि धमिलो पानी
सङ्लो माया लाम कि त जुग जानी ।

हे ऐ, तराजुमा जोखौ है त कसको माया कति ?
छुटाउने पो हो कि माया नपाए सम्पत्ति ?
सेतीमाथि धमिलो पानी
सङ्लो माया लाम कि त जुग जानी ।

हे ऐ, साइनो र सम्बन्धमा परिन्छ कि दङ्ग
फेरी माया जोखिन्छ कि धनको पोकोसँग ।
सेतीमाथि धमिलो पानी
सङ्लो माया लाम कि त जुग जानी ।

हे ऐ, कतै फेरि भेटिन्छन् कि झुटो जाल बुन्नी ?
हो कि फेरि पराइको उनले कुरा सुन्नी ।
सेतीमाथि धमिलो पानी
सङ्लो माया लाम कि त जुग जानी ।

हे ऐ, मैदानमा छोडी मलाई जान्छौ कि त लङ्का
सानो कुरामा पनि फेरी गर्छौ कि त शङ्का ।
सेतीमाथि धमिलो पानी
सङ्लो माया लाम कि त जुग जानी ।

(स्रोत : अर्जुन वाग्ले, वर्ष १९, थप्रेक ४, वाग्लेटोल ।)

(ग) **टुक्कारहित (झ्याउरे गीत)**

हे ऐ, हितको माया लाहुरै जानी
कसो गरी जिन्दगी गुजार्नी ?

हे ए, साहुको रिन महँगो बेसरी
भन माया तिर्छौं खै के गरी ?

हे ए, पापी धनको जालैमा परेर
मनको माया गयो नि मरेर ।

हे ए, बूढी आमा आँगनमा रुनी
तिम्रै तस्वीर हेरेर बस्छु नि ।

हे ए, मखमली सारे नि फूल
पर्छिन् बैनी देखेर रनभूल ।

हे ए, बुढा बाबा गाउँबेँसी मेलैमा
आँसु झार्दै दैलाको ठेलैमा ।

हे ए, लालबाल बाबा खोइ भनेर
आउने दिन रात दिन गनेर ।

हे ए, रोकिदैनन् आँसु मूल रोकी
जोरी शत्रु कुल्कन्छन् कुम ठोकी ।

हे ए, इष्टमित्र रुन्छन् नि धर्केर
चाँडै आऊ है ! परदेशी फर्केर ।

हे ए, दुःखी ज्यानलाई कसैले नगन्नी
यस्तै रैछ सम्पत्ति धन भन्नी ।

(स्रोत : अर्जुन वाग्ले, वर्ष १९, थप्रेक ४, वाग्लेटोल ।)

७. **खेलीगीत**

(क) **खेली एकोहोरी**

रुखो बोल्नी भया,

भयो आज रसको,
कुरा सुन्यौ कसको ?

हितकारी भयौ,
कुन दिनबाट था छैन,
अझै मेसो पाछैन ।

बेइमानी छौ भन्नी,
सुन्थे कुरा पइले त,
हैन रैछ अहिले त ।
दिल कुरा भन्छु,
पिरती दरबार
जोडम सानु घरबार ।

हुन्न दुख हेर,
सानोतिनु कामले,
हुन्छ भने आमाले ।

मिठो हुन्छ दालपानी,
बारी त्यो गाभाले,
के भन्छन् खै बाबाले ।

अहिले कर्पुटारमा,
खाइयो बदाम किनेर,
लाइयो मयाँ चिनेर ।

अहिले कर्पुटारमा,
खाइयो बदाम मोहरको,
छ कि मयाँ पोहोरको ?
पोखराको पर,
बिना मूलको फेवाताल,

के छ नानी तिम्रो हाल ?

अहिले कर्पुटारमा,
मान्द्रा किन्यो सरिका,
लाइयो मयाँ थरिका ।

छुटनी बेलामा,
राम राम बोली सबैलाई,
राम राम बोली सबैलाई ।

हाँसी साइनो जोडम्,
जिन्दगीलाई भर लाउनी,
छैन मैले कर लाउनी ।

(स्रोत : चिरन्जीवी पौडेल, वर्ष २७, थप्रेक ५, नयाँटोल ।)

**(ख) खेली दोहोरी**

केटाः पारी वनपालेमा,
ठूलो रुख हेट भयो,
धेरै दिनमा भेट भयो ।

केटीः तालपानीलाई डुँगा,
भाले सिमल काटेर,
बोल्यौ सान्दाइ ढाँटेर ।

केटाः बाटा मुनि घर छ,
आउँदा जाँदा पसे है,
गुन्द्री ओच्छयाई बसे है ।

केटीः भन्नी मेरो बानी,
गाग्री ढल्काई खाऊ पानी,
गाग्री ढल्काई खाऊ पानी ।

केटाः घर भैँसी भोकै,
कुटमेराका काइनाले,
बोलाऊ केका साइनाले ?

केटीः बैनी भनी बोलाऊ,
दाजु भनी बोलुँला,
मनको कुरा खोलुँला ।

केटाः भेट हुनी रैछ,
बेँसी मकै छरे त,
आउनी जानी गरे त ।

केटीः दाइ त डाँडाकाँडा,
म परेको खोलीमा,
बोलाउँदा नि बोलिन ।

केटाः हिड हाम्रा घर,
लाल परेका बयर छन्
गुन्द्री काम्ला तयार छन् ।

केटीः मलाई लानी भए,
जोरजोर भैँसी बधुँवा,
सुनका बाला खदुँवा ।

केटाः म त बलेनीमा,
साउको छोरो कौसीमा,
डिल बसेको रौसीमा ।

केटीः तिम्रो कसी लाइयो,
खुट्टीदेखि चाल पाइयो,
इमानको हाल पाइयो ।

(स्रोत : चिनबहादुर क्षेत्री, वर्ष ६५, थप्रेक ५, साउनेपानी ।)

केटाः काँ हो नानी घर,
काँ हो माइती मावली,
रैछ्यौ मेरै दामली ।

केटीः घर त मेरो स्याङ्जा,
माइती पऱ्यो पोखरा,
माया लाउनी को छ र ?

केटाः पोखराकी नानी,
गाइदेऊ गीत ढङ्गले,
म नि आएँ रङ्गले ।
केटीः यो दाजु त काँको,
घर ठेगान छैन कि,?
पोखराको हैन कि ?
केटाः बैनी तिम्ले सोध्यौ,
घर मेरो तनहुँ,
मनको कुरा के भनुँ ?
केटीः दाजु तिम्लाई भन्दा,
धाईधाई आएँ मै पनि,
चिनजान भयो तैपनि ।
केटाः बैनी तिम्रोमेरो,
पोखरामा भयो भेट,
कतातिर राखौं गेट ।
केटीः आजै आको मत,
पोखराको बजार,
लाउदिन म नजर ।
(स्रोत : सविता नेपाली, वर्ष ३०, थप्रेक ४, घैयाखोरिया ।)

केटाः मत बलेनीमा,
साहुको छोरो कौसीमा
दिल बसेको रौसीमा ।
केटीः पारि वनपालेमा,
टिनको छानो टल्केको,
यो केटो त ढल्केको ।
केटाः पारि वनपालेमा,
चौंरी गाईको चरन,

भगवान्‌को शरण ।

केटीः आज यही चाल भयो,
भोलि आएँ भर भयो,
भोलि आएँ भर भयो

केटाः पारि वनपालेमा,
ठूलो रुख अम्चुर,
मत केमा कम छु र ?

केटीः बिहान उठेर,
खान्छु मकै भुटेर,
बस्छु आँखा फुटेर ।

केटाः धोका पुऱ्याइदिउँला,
दाइदाइ भनी आउनेलाई,
छिर्के टोपी लाउनीलाई ।

केटीः तँलाई नजिती त,
सात दिन घर जाओइन,
मूलको पानी खाओइन ।

**८. कौरागीत**

(क) हा है, पहिले सुरुमा लिप आँगनी
माली गाईको गोबर
गङ्गा जलको पानी
हा है, पहिले सुरुमा लिप आँगनी ।

(स्रोत : धनेश्वर कुँवर, वर्ष ५२, थप्रेक ३, चण्डीमैदान ।)

(ख) हा हा नानीको जोवन देऊ न वन्दकी
घर त पऱ्यो तन्हौं जिल्ला अन्चल पऱ्यो गण्डकी
नानीको जोवन देऊ न बन्दकी ।
हा हा के छ नानी तिम्रो मनको सुर ?
तल पऱ्यो डुम्रे बजार माथि पऱ्यो बन्दीपुर
को छ नानी तिम्रो मनको सुर ?

हा हा लाऊँ त माया एकै किसिमको

तिमी पनि रिसिङको हामी पनि रिसिङको

लाँऊ त माया एकै किसिमको ।

हा हा नानी त रैछ हाम्रै दावली

काँ हा नानी तिम्रो घर, काँ हो माइती मावली ?

हा हा नानी त रैछ हाम्रै दाँवली ।

## ९. घाटु गीत

(क) हा.. हा ... हो.... मालीइ गाईको गोबरैले हे ........

मालीइ गाईको ................

हे.... आशानए लिपैलो ।

हा ......... हा ........ हो... अक्षेताए दूबो पातीले हे ..... अक्षेताए

हे........ आशानए पुजिलो ।

हा ....... हा.. हो...घरतिए माताज्यूले हे....घरतिए ..........

हे ........ दुनु हातैले जुवारा

हा ........ हा.....दुनु हातैले जुवारा ।

हा........ हा......... हो....बाचाबन्धन गरीइ.... बाचाबाँधी ....

हे ..... दसै औँलाले दरिशाना हे .....स्याबास .....

(ख) हा...... हा............हो ......श्री गुरु गणेशज्यूले हे....श्री गुरु गणेशज्यूले

हे......... आशानए बसाइलो ।

हा....... हा...... हो....श्री गुरु गणेशज्यूले हे ...... श्री गुरु .......

हे ............ गुरु स्थापना गरिलो ।

हा ... हा...... हो.....श्री गुरु गणेशज्यूले हे.......श्री गुरु

हे.....अक्षेता मालाले पहिराइलो ।

हा....हा...हो..... श्री गुरु गणेशज्यूले हे..........श्री गुरु

हे .... दुनु हातैले जुवारा ।

हा ... हा... हो......बाचाबाँधी बन्धन गरीइ....... बाचाबाँधी.......

हे ....... दसै औँलाले दरिशाना हे ... स्याबास......

(ग) हा... हा....हो.....पुरिवाए सरस्वतीज्यूले हे.....पुरिवाए

हे ........ हामुराए निमतो छ ।

हा..... हा...... हो..... उत्तराए सरस्वतीज्यूले हे ...उत्तराए सरस्वतीज्यूले

हे .... हामुराए निमतो छ ।

हा......हा.....हो..... पश्चिमाए सरस्वतीज्यूले हे......पश्चिमाए ......

हे ....... हामुराए निमतो छ ।

हा.......... हा........हो..... दक्षिणाए सरस्वतीज्यूले हे.........दक्षिणाए

हे......हामुराए निम्तो छ ।

हा ...... हा.......हो...... श्री सरस्वती माताज्यूले हे ...

श्री सरस्वती माताज्यूले

हे .... हामुराए मुखैमा बैठालो ।

हा...... हा...... हो ... श्री सरस्वती माताज्यूले हे.... श्री सरस्वती

हे ....दुनु हातैले जुवारा स्याबास........

(घ) हा..... हा.......हो.....आकाशाए चन्द्र सूर्यले हे.......आकाशाए

..........हे..... दुनु हातैले जुवारा ।

हा......हा......हो ......बाचाबाँधी बन्धन गरीइ बाचाबाँधी.......

हे...... दसै औँलाले दरिशाना ।

(ङ) हा......हा.......हो...... तेत्तिस कोटि देवताहरूले हे......

तेत्तिस कोटि ....

हे.... दुनु हातैले जुवारा ।

हा........ हा....हो........बाचाबाँधी बन्धन गरीइ बाचाबाँधी.......

हे.... दशै औँलाले दरिशाना ।

(च) ह.....हा......हो...... गङ्गाजल महासागरलै हे.......गङ्गाजल

हे .... दुनु हातैले जुवारा ।

हा........ हा.......हो...... बाचाबाँधी बन्धन गरीइ बाचाबाँधी.........

हे......दसै औँलले दरिशाना । स्याबास

(स्रोत : केशबहादुर गुरुङ, वर्ष ७५, थप्रेक ६, काप्रेक

## १०. सोरठी

(क) हा है, खुकुरीको दाबै भैँ हो सोरठी रानीको चुलठी

हा है, पूर्णिमाको जून भैँ हो सोरठी रानीको लिलाट

हा है, परेवाको कौखी भैँ हो सोरठी रानीको आँखिया

हा है, सुकियाको हुड भैँ हो सोरठी रानीको नाक

हा है, काँकरीको बिया भैँ हो सोरठी रानीको दनित

हा है, बदामको कोसा भैँ सोरठी रानीका अउला

हा है, मिलाएको द्धार भैँ सोरठी रानीको छातीर

हा है, बारुलाको कम्मर भैँ सोरठी रानीको कम्मर

हा है, असल माछा भैँ सोरठी रानीको पिरौम्ला ।

हा है, कुखुरीको फुल भैँ सोरठी रानीको कुर्कुच्चा

हा है, सोरठी रानीको कुर्कुच्चा स्वाबो ।

(स्रोत : केशबहादुर गुरुङ, वर्ष ७५, थप्रेक ६, काप्रेक ।)

(ख) सोरठी गोरखनाथ जगाउला !

हे, पहिलो प्रहर ... गयो दोस्रो प्रहर... गयो

तेस्रो ....प्रहरमा उठ है आमा

हे, परेवा घुरघुर गऱ्यो उठ है .... उठ आमा उज्यालो भयो ।

..... हा....उघार दैलो उघार ढोका घरकी आमाले

नाचनी आयो आमै कलशमा बत्ती बाल ।

नाचनी आयो आमै दैलो लिपिदेऊ बुहारी

नाचनी आयो आमै आँगन बढारी दिइहाल स्याबो ।

(स्रोत : मिनराज गुरुङ, वर्ष ६५, थप्रेक ७, आरुबोट ।)

## ११. एकोहोरी गीत

### (क) रुदारुँदै फाटो चोलानी

जन्म दियौँ यो पापी छोरीलाई

दुःख पाए जिन्दगी भरिलाई

रुदारुँदै फाटो चोलानी

यो जीवनमा यत्तिकै भइरह्यो
मरे भेट बासँग होला नि ।

सबै देख्छु बाउआमा साथमा
मलाई भने आँसु भो हातमा ।
रुदारुँदै फाटो चोलानी
यो जीवनमा यत्तिकै भइरह्यो
मरे भेट बासँग होला नि ।

हिड्नु पऱ्यो आँसी लिई मेलामा
लाऊलाऊ खाऊखाऊ भन्ने यो बेलामा ।
रुदारुँदै फाटो चोलानी,
यो जीवनमा यत्तिकै भइरह्यो
मरे भेट बासँग होला नि ।

आमा त्यस्तै बाबा काख टुटेको
भयो कर्म सिसा झैँ फुटेको ।
रुदारुँदै फाटो चोलानी,
यो जीवनमा यत्तिकै भइरह्यो
मरे भेट बासँग होला नि ।
साथीसँग पढ्न म सकिन
कुन जुनीको पापले हो किन ?
रुदारुदैँ फाटो चोलानी,
यो जीवनमा यत्तिकै भइरह्यो
मरे भेट बासँग होला नि ।

**१२.दोहोरी गीत**

(क) तिम्मलाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटाः भेट भो माया बिहेमा आको
सन्चै छौ या मौकाले भेट भाको ।

तिम्मलाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटीः सपनीमा मन्दिर थियो
आयौ तिमी देउताले बास दियो ।
तिम्मलाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटाः यो बैनीको घर कता पऱ्यो ?
मैले मयाँ लगाउने सुर गऱ्यो
तिम्लाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटीः मर्निङ् क्याम्पस पिएनमा पढ्छु
घर त बारा पोखरा म बस्छु ।
तिम्लाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटाः कति कलास पढिछौ नानी ?
चोखो मयाँ लाउने कि नलाउनी ।
तिम्लाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटीः यो दाजुको घर कता पऱ्यो ?
चोखो माया लगाउनी सुर गऱ्यो ।
तिम्लाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटाः घर त मेरो या होइन तनहुँ
मनको कुरा भनौं कि नभनु ?
तिम्लाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटीः कति कलास के काममा लाउनुभो ?
मौका संयोग यहाँ आज पाल्नुभो ।

तिम्लाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटाः बी.ए. पास डिग्रीमा पढ्छु
बोर्डिङ् स्कुल पार्टटायम जब गर्छु ।
तिम्लाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटीः सबै कुरा भएछन् पूरा
बिहे गर्ने छ छैन के सुर ?
तिम्लाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटाः जिन्दगी त घामछाया पानी हो
राम्रो माया पाए त लानी हो
तिम्लाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटीः चोखो माया लगाउन हामी
जिन्दगीमा सम्झाउनी बिर्साउनी ।
तिम्लाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटाः मुक्तिनाथ सुनैको गजुर
पक्का बिहे सुर भयो हजुर ।
तिम्लाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

केटीः साइत जुराइ आउनुहोस् लिन
प्रतीक्षामा बस्नेछु दिनदिन ।
तिम्लाई टाढा मलाई नि टाढा
माछीकाँडे डाँडैमा घर सार ।

(स्रोत : अर्जुन वाग्ले, वर्ष १९, थप्रेक ४, वाग्लेटोल ।)

(ख) **तिते करेलीले**

केटाः हे, नौलो माया नजरैमा हराको
मैले मात्र तिम्ले के सराको ?
तिते करेलीले,
मुखै तितो गरायो तिते करेलीले
मलाई लठ्ठै बनायो झिमझिम परेलीले ।

केटीः हे, गाई चराउन बँसीमा झरेछु
नौलो गाम छ अलमल मै परेछु ।
तिते करेलीले,
मुखै तितो गरायो तिते करेलीले
मलाई लठ्ठै बनायो झिमझिम परेलीले ।

केटाः हे, सधैँ गाई लिएर झर्नू
नचिने नि अलमलमा नपर्नू ।
तिते करेलीले,
मुखै तितो गरायो तिते करेलीले
मलाई लठ्ठै बनायो झिमझिम परेलीले ।

केटीः हे, ठ्याकै थाह छैन नाम यो ठाउँको
भन बरु तिमी चाहिँ कुन गाउँको ।
तिते करेलीले,
मुखै तितो गरायो तिते करेलीले
मलाई लठ्ठै बनायो झिमझिम परेलीले ।

केटाः हे, चैत लाग्यो घाँस सिद्धियो बारीको
तिमी र म वारि र पारिको
तिते करेलीले,
मुखै तितो गरायो तिते करेलीले
मलाई लठ्ठै बनायो झिमझिम परेलीले ।

केटीः हे, पारिको गाउँ मलाई नि थाह छ ।
दुई खोलीको दोभान मै भेट भाछ ।

तिते करेलीले,
मुखै तितो गरायो तिते करेलीले
मलाई लट्टै बनायो झिमझिम परेलीले ।

केटाः हे, किन पहिला आउनलाई डराउथ्यौ ?
पहिला पहिला गाई चर्दा कराउथ्यौ ।
तिते करेलीले,
मुखै तितो गरायो तिते करेलीले
मलाई लट्टै बनायो झिमझिम परेलीले ।

केटीः हे, भन बरु कसरी कराउँथे ?
पहिला पहिला त गैरी गाउँ चराउँथे ।
तिते करेलीले,
मुखै तितो गरायो तिते करेलीले
मलाई लट्टै बनायो झिमझिम परेलीले ।

केटाः हे ढुक्कै बस न वस्तु हराउँछ
यहाँको घाँस खुबै मन पराउँछ ।
तिते करेलीले,
मुखै तितो गरायो तिते करेलीले
मलाई लट्टै बनायो झिमझिम परेलीले ।

केटीः हे, उराठै छ गाइवस्तु चराउनी
बगेर्नू गाई दूध धेरै आउन्न कि ?
तिते करेलीले,
मुखै तितो गरायो तिते करेलीले
मलाई लट्टै बनायो झिमझिम परेलीले ।

केटाः बेँसी जस्तो हुँदैन उँवोमा
तिमीलाई के थाहा भिटामिन दूबोको ?
तिते करेलीले,
मुखै तितो गरायो तिते करेलीले
मलाई लट्टै बनायो झिमझिम परेलीले ।

केटीः  हे, मलाई थाहा छ भिटामिन दूबोको

त्यही भएर बँसी गाईवस्तु भ्कारेको ।

तिते करेलीले,

मुखै तितो गरायो तिते करेलीले

मलाई लट्ठै बनायो भ्किमभ्किम परेलीले ।

(स्रोतः थप्रेक गा.वि.स. मा खानेपानी तथा सरफाइ आयोजनाको उद्घाटनका अवसरमा कमल परियार र भुनु गुरुङ लगायत अन्य सदस्यहरूद्वारा गाएको दोहोरी गीत)

परिशिष्ट-दुई

# चित्रसूची




**भजन गाउँदै गरेको दृश्य**



**बालगीत गाउँदै गरेको दृश्य**



देउसी रे गीत गाउँदै गरेको दृश्य



भैलीगीत गाउँदै गरेको दृश्य



सिलोकगीत गाउँदै गरेको दृश्य




रत्यौलीगीत गाउँदै गरेको दृश्य



**एकोहोरी गीत गाउँदै गरेको दृश्य**




**दोहोरी गीत गाउँदै गरेको दृश्य**


तनहुँ जिल्ला
कास्की
थप्रेक
नवलपरासी
संकेत
जिल्ला सिमाना
नगरपालिका/गा.वि.स. सिमाना
थप्रेक क्षेत्र
१० किलोमिटर